मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## गणतन्त्र दिवसको अवसरमा खुल्ला रक्तदान कार्यक्रम

**राहुल गुप्ता**
**बारा ।**
गणतन्त्र दिवसको अवसरमा बाराको परवानीपुर गाउँपालिकामा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।
परवानीपुर गाउँपालिकाको आयोजनामा तथा नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार केन्द्र वीरगञ्जको सहकार्यमा बिहीबार उक्त रक्तदान कार्यक्रम सम्पन्न गरिएको हो ।
गणतन्त्र दिवसको अवसरमा आयोजित विशेष कार्यक्रम अन्तर्गत उक्त रक्तदान कार्यक्रम "औद्योगिक विकास र स्वरोजगार : समृद्ध परवानीपुर निर्माणको आधार" भन्ने मूल नारासहित आयोजना गरिएको हो
गाउँपालिकाको कार्यालय परिसरमा आयोजित उक्त कार्यक्रममा ३० जनाले रक्तदान गरेको नेपाल रेडक्रस सोसाइटी वीरगञ्जले जनाएको छ ।
गाउँपालिकाका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष सुगान्धी देवी,प्रमुख प्रशासकीय अधिकृत मुन्ना साह रौनियार,गाउँपालिका कर्मचारी तथा स्थानीयबासीहरूको उपस्थिति रहेको थियो ।

वर्ष ३ · अंक १९६ · २०८२ साल जेष्ठ १६ गते शुक्रबार · Friday 30, May 2025 · सूर्योदय: बिहान ५:१२ बजे · सूर्यास्त: साँझ ६:५४ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

# मधेशलाई के आयो बजेटमा ?

## कुन मन्त्रालयलाई कति रकम ?



| | |
|---|---|
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः | ६ अर्ब ४९ करोड रुपैयाँ |
| सञ्चार तथा सूचना प्रविधिः | ७ अर्ब ७२ करोड रुपैयाँ |
| गृहः | २ खर्ब ८ अर्ब ६२ करोड रुपैयाँ |
| परराष्ट्रः | ७ अर्ब ८५ करोड रुपैयाँ |
| परराष्ट्रः | ७ अर्ब ८५ करोड रुपैयाँ |
| शिक्षा, विज्ञान तथा प्रविधिः | २ खर्ब ११ अर्ब १७ करोड रुपैयाँ |
| खानेपानीः | ३३ अर्ब ८९ करोड रुपैयाँ |
| उद्योग, वाणिज्य तथा आपू | १० अर्ब १३ करोड रुपैयाँ |
| भौतिक पूर्वाधार तथा यातायातः | १ खर्ब ५१ अर्ब ९९ करोड रुपैयाँ |
| युवा तथा खेलकुदः | ६ अर्ब ७ करोड रुपैयाँ |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयनः | १३ अर्ब २७ करोड रुपैयाँ |
| कानून, न्याय तथा संसदीय मामिलाः | ५३ करोड ५६ लाख रुपैयाँ |
| स्वास्थ्य तथा जनसंख्याः | ९५ अर्ब ८१ करोड रुपैयाँ |
| कृषि तथा पशुपन्छी विकासः | ५७ अर्ब ४८ करोड रुपैयाँ |
| रक्षाः | ६२ अर्ब १ करोड रुपैयाँ |
| ऊर्जा, जलस्रोत तथा सिंचाइः | ८६ अर्ब १ करोड रुपैयाँ |
| सङ्घीय मामिला तथा सामान्य प्रशासनः | ११ अर्ब ८९ करोड रुपैयाँ |
| वन तथा वातावरणः | १८ अर्ब ६१ करोड रुपैयाँ |
| शहरी विकासः | १ खर्ब १८ अर्ब ३४ करोड रुपैयाँ |
| अर्थ– विविध बाहेकः | ४९ अर्ब ९० करोड रुपैयाँ |
| महिला, बालबालिका तथा ज्येष्ठ नागरिकः | २ अर्ब ८ करोड रुपैयाँ |
| श्रम, रोजगार तथा सामाजिक सुरक्षाः | ४ अर्ब २८ करोड रुपैयाँ |

**मधेशदृष्टि**
**जनकपुरधाम–वीरगंज**
सरकारले आर्थिक वर्ष २०८२–८३ का लागि १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट ल्याएको छ । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको आय–व्ययको अनुमान पेश गरे । आगामी आर्थिक वर्षको बजेटमा चालुतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँ अर्थात् ६० दशमलव एक प्रतिशत, पुँजीगततर्फ चार खर्ब सात अर्ब ८९ करोड रुपैयाँ अर्थात् २० दशमलव आठ प्रतिशत र वित्तीय व्यवस्थापमा तीन खर्ब ७५ अर्ब २४ करोड रुपैयाँ अर्थात् १९ दशमलव एक प्रतिशत विनियोजन गरिएको छ ।
बजेटले उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका साथै प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी विस्तार, सामाजिक क्षेत्रमा गुणात्मक सुधार, सन्तुलित विकास र सामाजिक सुरक्षाको सुनिश्चितता र नागरिकमैत्री सेवा, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधारलाई प्राथमिकता दिएको छ । बजेट चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ५.६ प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा १८.२ प्रतिशतले बढी हो । कुल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ ४ खर्ब १७ अर्ब ८३ करोड रुपैयाँ विनियोजन भएको छ ।
राजस्वबाट १३ खर्ब १५ अर्ब रुपैयाँ र वैदेशिक अनुदानबाट ५३ अर्ब ४५ करोड रुपैयाँ व्यहोर्दा ५ खर्ब ९५ अर्ब ६६ करोड रुपैयाँ बजेट घाटामा हुनेछ । यो न्यून पूर्ति गर्न वैदेशिक ऋणबाट २ खर्ब ३३ अर्ब ६६ करोड रुपैयाँ जुटाइनेछ । राजस्व परिचालन र वैदेशिक सहायता परिचालन गर्दा नपुग हुने खुद ३ खर्ब ६२ अर्ब रुपैयाँ आन्तरिक ऋणबाट व्यहोरिने सरकारको तयारी छ । सरकाले इतिहासमा पहिलो पटक तीन वर्षको औसत आर्थिक वृद्धिदर ७.७ प्रतिशत हासिल भएको तथ्य सार्वजनिक गरेको छ । गत वर्ष आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा ४.६ प्रतिशत हुने प्रक्षेपण गरिएको छ ।
वित्तीय समानीकरण अनुदानका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशका आधारमा प्रदेशका लागि ६० अर्ब ६६ करोड रुपैयाँ र स्थानीय तहका लागि ८८ अर्ब ९७ करोड रुपैयाँ हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको छ । सशर्त अनुदान प्रदेशका लागि ३० अर्ब ३५ करोड रुपैयाँ र स्थानीय तहका लागि २ खर्ब ११ अर्ब ४६ करोड रुपैयाँसहित २ खर्ब ४१ अर्ब ८१ करोड रुपैयाा विनियोजन भएको छ ।
समपूरक अनुदान क्रमशः ३ अर्ब २८ करोड रुपैयाा र १० अर्ब ६ करोड रुपैयाँ विनियोजन भएको छ । विशेष अनुदान प्रदेशका लागि ३ अर्ब २७ करोड रुपैयाँ र स्थानीय तहका लागि ९ अर्ब ७८ करोड रुपैयाँ विनियोजन भएको छ । प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँटबाट १ खर्ब ६५ अर्ब रुपैयाँ हस्तान्तरण हुने अनुमान छ । राजस्व बाँडफाँट र अनुदान गरी प्रदेश र स्थानीय तहमा आगामी आर्थिक वर्षमा ५ खर्ब ८२ अर्ब ८३ करोड रुपैयाँ हस्तान्तरण प्रक्षेपण छ ।

### कुन मन्त्रालयलाई कति रकम ?

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः ६ अर्ब ४९ करोड रुपैयाँ
सञ्चार तथा सूचना प्रविधिः ७ अर्ब ७२ करोड रुपैयाँ
गृहः २ खर्ब ८ अर्ब ६२ करोड रुपैयाँ
परराष्ट्रः ७ अर्ब ८५ करोड रुपैयाँ
शिक्षा, विज्ञान तथा प्रविधिः २ खर्ब ११ अर्ब १७ करोड रुपैयाँ
खानेपानीः ३३ अर्ब ८९ करोड रुपैयाँ
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणः ७ अर्ब ४९ करोड रुपैयाँ
उद्योग, वाणिज्य तथा आपूर्तिः१० अर्ब १३ करोड रुपैयाँ
भौतिक पूर्वाधार तथा यातायातः १ खर्ब ५१ अर्ब ९९ करोड रुपैयाँ
युवा तथा खेलकुदः ६ अर्ब ७ करोड रुपैयाँ
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनः १३ अर्ब २७ करोड रुपैयाँ
कानून, न्याय तथा संसदीय मामिलाः ५३ करोड ५६ लाख रुपैयाँ
स्वास्थ्य तथा जनसंख्याः ९५ अर्ब ८१ करोड रुपैयाँ
कृषि तथा पशुपन्छी विकासः ५७ अर्ब ४८ करोड रुपैयाँ
रक्षाः ६२ अर्ब १ करोड रुपैयाँ
ऊर्जा, जलस्रोत तथा सिंचाइः ८६ अर्ब १ करोड रुपैयाँ
सङ्घीय मामिला तथा सामान्य प्रशासनः ११ अर्ब ८९ करोड रुपैयाँ
वन तथा वातावरणः १८ अर्ब ६१ करोड रुपैयाँ
शहरी विकासः १ खर्ब १८ अर्ब ३४ करोड रुपैयाँ
अर्थ– विविध बाहेकः ४९ अर्ब ९० करोड रुपैयाँ
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकः २ अर्ब ८ करोड रुपैयाँ
श्रम, रोजगार तथा सामाजिक सुरक्षाः ४ अर्ब २८ करोड रुपैयाँ

### बजेटमा मधेशलाई के छ ?

चन्द्र नहर, कमला, नारायणीलगायतका सिँचाइ प्रणालीहरूको मर्मत–सम्भार, पुनस्र्थापना तथा व्यवस्थापन सुधारका लागि १ अर्ब ८२ करोड रुपैयाँ बजेछ छुट्याइएको छ । सुनकोशी–मरिन डाइभर्सन आयोजनाको निर्माण कार्यलाई तीब्रता दिइनेछ । बागमती सिँचाइ आयोजनाको स्तरोन्नति गरी सुनकोशी–मरिन पथान्तरण आयोजनाबाट थप हुने पानीको उपयोगबाट बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लाका १ लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गरिनेछ । यसका लागि २ अर्ब ७३ करोड रुपैयाँ विनियोजन भएको छ ।
आगामी दुई वर्षभित्र कमला–बागमती, बागमती–पथलैया खण्डको सडकलाई चार लेनमा स्तरोन्नति गरिनेछ । हुलाकी राजमार्गको निर्माण कार्य दुई वर्षभित्र सम्पन्न गरी तराई मधेशको आर्थिक विकास तथा अन्तर आवद्धतालाई सुदृढ गरिनेछ । ३ अर्ब ५६ करोड रुपैयाँ विनियोजन भएको छ ।
काठमाडौँ–तराई मधेश द्रुतमार्गको निर्माण कार्य आर्थिक वर्ष २०८३–८४ भित्र सम्पन्न गरिनेछ । ३७ किलोमिटर सडकमा सबवेश, चार किलोमिटर सुरूङ्ग र ६० पुलको निर्माण कार्य सम्पन्न गरिनेछ । २४ अर्ब ४९ करोड रुपैयाँ विनियोजन भएको छ ।
पूर्व पश्चिम राजमार्गदेखि तराई मधेशका जिल्ला सदरमूकाम हुँदै सीमावर्ती नाका जोड्ने वीरगंज–पथलैयालगायतका चार लेनका व्यापारिक मार्गको निर्माण सम्पन्न गरिनेछ । काठमाडौँ–तराई मधेश द्रुत मार्गमा पर्ने तीनवटा सुरूङ्ग मार्गको निर्माण सम्पन्न गरिनेछ । तराई मधेश समृद्धि तथा स्थानीय पूर्वाधार सहयोग कार्यक्रमलाई निरन्तरता दिन १ अर्ब २ करोड रुपैयाँ विनियोजन भएको छ ।
तराई मधेशका २ सय ८० अधुरा खानेपानी आयोजनाको निर्माण कार्य सम्पन्न गरी स्थानीय तहमा हस्तान्तरण गरिनेछ । जनकपुर चुरोट कारखानालगायतका सार्वजनिक प्रतिष्ठानको विद्यमान अवस्था र व्यावसायिक सम्भाव्यताको अध्ययन गरी सरकारी लगानी व्यवस्थापन गरिनेछ । दुई वर्षभित्र चामलमा आत्मनिर्भर हुन तराई र भित्री मधेशका २२ जिल्लामा चैते धान खेती प्रवद्र्धन कार्यक्रम सञ्चालन गरिनेछ । यसबाट थप १२ लाख मेट्रिक टन धान उत्पादन हुने अपेक्षा छ । चैते धान खेतीका लागि सिँचाइ पूर्वाधार निर्माण गर्न ३३ करोड रुपैयाँ विनियोजन भएको छ ।
विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रमा नयाँ उद्योग स्थापना गर्ने अनुमति प्राप्त उद्योगलाई शुरूका तीन वर्षको भाडा छुट दिइनेछ । अमलेखगंज–लोथर पेट्रोलियम पाइपलाइन विस्तार तथा भण्डारणस्थल निर्माण कार्य अगाडि बढाइनेछ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।

## बेहोस् छिन् आठवर्षीया, १० पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
भन्न पनि लाजमर्दो । सुन्नेलाई पनि के भयो यो कलिमा भन्ने स्थिति । यस्तै एउटा घटना भएको छ बाराको पर्सौनीमा । घटना जेठ १३ गते रातिको हो । स्थानीय भोजभत्तेरमा साँझ पुगेकी एउटी बालिका घर पछाडि ढलिरहेको भेटिइन् । बच्चालाई छोप्रे रोग होला भनेर अभिभावकले आत्तिएर झारफुक पनि गरे । तर छोरी छोप्रे रोगबाट होइन समाजकै मुख छोप्नु पर्ने कलंकित पुरुषहरुको सिकार भएकी थिइन् ।
आठ वर्षीया उनी होस्मा आइनन्, बुधबार उनलाई बारा कलैया अस्पताल लगियो । त्यहाँबाट उपचार सम्भव नभएको भन्दै वीरगंज पठाइयो ।
वीरगंजमा नेशनल कलेजमा ल्याइयो । त्यहाँ चिकित्सकहरुले भने कि यो बलात्कारको घटना हो, पहिला प्रहरीमा जानकारी हुनुपर्छ । यति सानी छोरी घरगाउँमै बलात्कार भएको सुनेपछि अभिभावक छाँगाबाट खसे झैँ भए । बेहोस छोरीको उपचारको चिन्ताले प्रहरीमा खबर नै भएन ।
यसपछि बालिकाको नारायणी अस्पतालमा उपचार भइरहेको छ । यो घटना बाहिर ल्याउने कि नल्याउने ?
प्रहरी प्रशासन, अभिभावक र नागरिक समाज अनि अस्पताल व्यवस्थापन किंकर्तव्यविमूढ थियो । तर यस्तो कलंकको खबर एकान दुईकान हुँदै मैदान भइहाल्छ । घटनामा संलग्न आशंकामा प्रहरीले शुक्रबार रातिसम्म १० जनालाई नियन्त्रणमा लिइसकेको छ । अझै पनि दोषी फेला परेका छैनन् । कोही चैँ बालिका भारतबाट आइरहने एक साधुबाबाको हवसको सिकार भएको भनिरहेका छन् । उनी पनि गाउँमा छैनन् ।
एउटा कलंकको खबरले यतिखेर बारा–पर्सामा धेरैलाई केन्द्रित गरेको छ कि समाजमा के हुन थाल्यो, यस्तो कुकर्म गर्नेहरु कसरी भाग्न सफल भए ? प्रहरीले अनुसन्धान गरिरहेको छ । शुक्रबार राति यो समाचार तयार पार्दासम्म बालिका अस्पतालमा बेहोस् छिन्, होस कतिखेर आउला भनेर अभिभावक छोरी कुरिरहेका थिए ।

# आगामी आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट (पूर्णपाठ)

सरकारले आगामी आर्थिक वर्ष २०८२–८३ का लागि १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट ल्याएको छ । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको आय–व्ययको अनुमान पेश गरेका हुन् ।

आगामी आर्थिक वर्षको बजेटमा चालुतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँ अर्थात् ६० दशमलव एक प्रतिशत, पुँजीगततर्फ चार खर्ब सात अर्ब ८९ करोड रुपैयाँ अर्थात् २० दशमलव आठ प्रतिशत र वित्तीय व्यवस्थापमा तीन खर्ब ७५ अर्ब २४ करोड रुपैयाँ अर्थात् १९ दशमलव एक प्रतिशत विनियोजन गरिएको छ ।

बजेटले उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका साथै प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी विस्तार, सामाजिक क्षेत्रमा गुणात्मक सुधार, सन्तुलित विकास र सामाजिक सुरक्षाको सुनिश्चितता र नागरिकमैत्री सेवा, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधारलाई प्राथमिकता दिएको छ । बजेट यस्तो छः

प्रतिनिधिसभाका सम्माननीय सभामुखज्यू,

राष्ट्रियसभाका सम्माननीय अध्यक्षज्यू,

१. सार्वभौम नेपाली जनताको सर्वोच्च प्रतिनिधि संस्था सङ्घीय संसदको यस सम्मानित बैठकमा आर्थिक वर्ष २०८२–८३ को बजेट प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति गरेको छु ।

२. यस अवसरमा राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि भएका आन्दोलनहरूमा जीवन उत्सर्ग गर्नुहुने वीर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने आदरणीय नेताहरू र आआफ्नो ठाउँबाट योगदान गर्नुहुने दिदीबहिनी तथा दाजुभाइहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

३. संविधानसभाबाट नेपालको संविधान जारी भएसँगै नेपाली राजनीतिको मुख्य कार्यसूची बदलिएको छ । परिवर्तित कार्यसूचीले हामीलाई समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षाअनुरूप विकास, समृद्धि, सामाजिक न्याय र लोकतान्त्रिक मूल्यमा आधारित समाजवादको दिशामा तीव्र वेगका साथ अघि बढ्न निर्देशित गरिरहेको छ ।

४. तर, पछिल्ला वर्षहरूमा देशको राजनीतिक परिस्थिति अनपेक्षित रूपमा अस्थिर बन्न पुग्यो जसले गर्दा सेवा प्रवाह, सुशासन र विकासको गतिमा प्रतिकूलता सिर्जना हुनुका साथै राष्ट्रको आवश्यकता तथा जनताको अपेक्षा सम्बोधन गर्न कठिन भएको तितो अनुभव हामीसँग छ ।

५. उपयुक्त नीति र राजनीतिक स्थिरताका साथ अघि बढ्न सक्दा देशलाई विकास, समृद्धि र सामाजिक न्यायको मार्गमा अघि बढाउन सकिन्छ भन्ने हाम्रो आफ्नै अनुभवले बताएको छ । संविधान सभाबाट नेपालको संविधान जारी भएपछि इतिहासमा पहिलो पटक तीन वर्षको औसत आर्थिक वृद्धिदर ७.७ प्रतिशत हासिल भएको तथ्य पनि हामीसँग छ ।

६. यही अनुभवको जगमा उभिएर राजनीतिक स्थायित्व सुनिश्चित गर्ने र आर्थिक सामाजिक विकासलाई तीव्रता दिने संकल्पका साथ वर्तमान सरकार गठन भएको हो । गौरवपूर्ण इतिहास र फराकिलो जनाधार भएका र राष्ट्रिय राजनीतिमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका दुई ठूला राजनीतिक दलको अग्रसरतामा यो सरकार बनेको हो । वर्तमान संसदको अंक गणितको सीमाभित्र राजनीतिक स्थिरता र विकासका लागि यो भन्दा अर्को अनुकूल विकल्प छैन भन्ने स्पष्ट छ ।

सम्माननीय सभामुखज्यू, सम्माननीय अध्यक्षज्यू,

अब म अर्थतन्त्रको वर्तमान अवस्थाका बारेमा संक्षिप्तमा चर्चा गर्न चाहन्छु ।

७. वर्तमान सरकार गठन हुँदाको समयका समष्टिगत आर्थिक परिचसूचकहरूले अर्थतन्त्र दवावमा रहेको स्पष्ट संकेत गरेका थिए । निरन्तरको प्रयासबाट अर्थव्यवस्था सकारात्मक लयतर्फ उन्मुख भएको छ । गत वर्ष आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा ४.६ प्रतिशत हुने प्रक्षेपण छ । उद्योग, निर्माण, थोक तथा खुद्रा व्यापार लगायतका क्षेत्रमा गत आर्थिक वर्षमा ऋणात्मक वृद्धिदर रहेकोमा चालु आर्थिक वर्षमा अर्थतन्त्रका सबै क्षेत्रहरूमा धनात्मक वृद्धिदर हुने अनुमान छ । विद्युत, यातायात तथा भण्डारण र वित्तीय तथा बीमा सेवा लगायतमा उल्लेखनीय वृद्धिदर हासिल हुने अनुमान छ ।

८. चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा ३३९ मेगावाट थप विद्युत उत्पादन भएको छ । सम्वत् २०८२ वैशाखसम्म पर्यटक आगमनको सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा



१३ प्रतिशतले वृद्धि भई ९ लाख २३ हजार पुगेको छ ।

९. सरकारले कार्यभार सम्हाल्दा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको चैत महिनामा ३.४ प्रतिशतमा सीमित रहेको छ । प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन गत वर्ष १४४३ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्षमा १४९६ अमेरिकी डलर पुग्ने अनुमान छ ।

१०. यस आर्थिक वर्षको शुरूका नौ महिनामा चालु खाता रु. २१० अर्बले बचतमा रहेको छ । शोधानान्तर बचत रु. ३४६ अर्ब छ । गत आर्थिक वर्षको अन्त्यमा १५ अर्ब २७ करोड अमेरिकी डलर रहेको कुल विदेशी विनिमय सञ्चिति चालु आर्थिक वर्षको शुरूका नौ महिनामा १७ अर्ब ६३ करोड अमेरिकी डलर पुगेको छ ।

११. चालु आर्थिक वर्षको शुरूका नौ महिनामा वस्तु आयात १२.२ प्रतिशत र निर्यात ६५.२ प्रतिशतले वृद्धि भएको छ । साथै, विप्रेषण आप्रवाह १० प्रतिशतले वृद्धि भई रू. ११९१ अर्ब पुगेको छ ।

१२. बैंक तथा वित्तीय संस्थामा जाने कर्जाको वृद्धिदर गत वर्ष ५.८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको शुरूका नौ महिनामा ७.१ प्रतिशतले वृद्धि भएको छ । सोही अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ५.७ प्रतिशतले वृद्धि भएको छ ।

१३. गत वर्षको चैतमा ८.५ प्रतिशत रहेको वाणिज्य बैंकहरूको औसत आधार दर २०८१ चैतमा ६.३ प्रतिशत कायम भएको छ । ब्याजदर घटेको र बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य वित्तीय साधन पर्याप्त रहेकाले निजी लगानी विस्तारका लागि अनुकूल अवस्था सिर्जना भएको छ । नेप्से सूचकांक सम्वत् २०८० चैतमा २०२५ रहेकोमा सम्वत् २०८१ चैत्रमा २६६२ कायम भएको छ ।

१४. चालु आर्थिक वर्षमा कुल सरकारी खर्च विनियोजनको ८९.४ प्रतिशत अर्थात रु. १६ खर्ब ६२ अर्ब ३७ करोड हुने संशोधित अनुमान छ । चालु खर्च तर्फ विनियोजनको ८८.५ प्रतिशत, पुँजीगत खर्च विनियोजनको ८३.४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ विनियोजनको ९७.६ प्रतिशत रहने संशोधित अनुमान छ ।

१५. आर्थिक वर्ष २०८१–८२ मा राजस्व परिचालन १७.१ प्रतिशतले वृद्धि भई रु. १२ खर्ब ६७ अर्ब ३९ करोड हुने अनुमान छ । वैदेशिक सहायतामा अनुदान रु. ३४ अर्ब ८९ करोड र ऋण रु. १ खर्ब ६९ अर्ब ६० करोड परिचालन हुने संशोधित अनुमान छ ।

१६. चालु आर्थिक वर्षका लागि आन्तरिक ऋणबाट रु. ३ खर्ब ३० अर्ब व्यहोर्ने अनुमान रहेकोमा वैशाख मसान्तसम्म रु. ३ खर्ब ६० करोड परिचालन गरिएको छ ।

१७. नेपालको अर्थतन्त्रका महत्त्वपूर्ण परिसूचक र तथ्याङ्कहरूको विवरण समावेश भएको आर्थिक सर्वेक्षण २०८१–८२, मन्त्रालयगत प्रगति विवरण र सार्वजनिक संस्थानको वित्तीय अवस्था यस सम्मानित सदनमा पेश गरिसकेको छु ।

आर्थिक परिसूचकहरू सुधारोन्मुख भएता पनि नेपालको अर्थतन्त्र संरचनागत चुनौती र विगतका कमजोरीहरूको असरबाट भने मुक्त हुन सकेको छैन ।

सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय

अब म मुलुकको अर्थतन्त्रमा विद्यमान प्रमुख चुनौतीहरूका सम्बन्धमा चर्चा गर्ने अनुमति चाहन्छु ।

१८. समयमै पर्याप्त कानूनी व्यवस्था गर्न नसक्दा र अनुसन्धान तथा अभियोजन प्रभावकारी हुन नसक्दा मुलुक सम्पत्ति शुद्धीकरणको सघन अनुगमन सूचीमा परेको छ ।

१९. परम्परागत खेती प्रणालीमा अपेक्षित सुधार हुन नसक्दा कृषि क्षेत्रको उत्पादकत्व न्यून रहेको छ भने युवामा खेती गर्ने आकर्षण बढ्न सकेको छैन । नवप्रवर्तन र प्रविधिको उपयोगको कमी, न्यून उत्पादकत्व र अधिक उत्पादन लागतले गर्दा कुल राष्ट्रिय आयमा उत्पादनमूलक क्षेत्रको योगदान अपेक्षा गरेअनुरूप हुन सकेको छैन । समग्र मागमा आएको कमिले गर्दा उद्योग क्षेत्र पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन । भौतिक पूर्वाधारमा गरिएको लगानी आर्थिक क्रियाकलाप विस्तारमा प्रतिबिम्बित हुन नसक्दा उत्पादन वृद्धिमा वाञ्छित योगदान पुग्न सकेको छैन । जलवायु परिवर्तनको नकारात्मक असर कृषि, खानेपानी, सिँचाइ लगायतका क्षेत्रमा बढ्दै गइरहेको छ । डिजिटल पूर्वाधारको कमीले डिजिटल अर्थतन्त्र विकासको गति सुस्त रहेको छ । मुलुकको श्रम बजार र उत्पादित जनशक्तिको सीपबीच सामाञ्जस्यता कायम हुन सकेको छैन । औद्योगिक र निर्माण क्षेत्रमा आवश्यक जनशक्ति विदेशबाट आपूर्ति भइरहेको छ । स्वदेशमा पर्याप्त रोजगारीका अवसर सिर्जना हुन नसक्दा दक्ष र अर्धदक्ष जनशक्ति समेत विदेश पलायन हुने प्रवृत्ति चिन्ताजनक अवस्थामा छ । गरिबीको रेखामुनिको जनसङ्ख्याको अनुपात अझै उच्च छ ।

२०. मुलुकको कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्रको योगदान अपेक्षित मात्रामा बढ्न सकेको छैन । लगानी जोखिम व्यवस्थापन गर्न विकसित भएका नयाँ नयाँ वित्तीय उपकरणहरूलाई प्रभावकारी रूपमा परिचालन गर्न सकिएको छैन । उत्पादनमूलक क्षेत्रमा आवश्यक मात्रामा वित्तीय साधन प्रवाह हुन सकेको छैन । नियामक निकायहरूको भूमिकालाई प्रभावकारी बनाउने र वित्तीय जोखिम न्यून गर्ने चुनौती छ । पहिलोपटक सम्पन्न भएको मुलुकको क्रेडिट रेटिङबाट तुलनात्मक रूपमा अनुकूल नतिजा प्राप्त भए तापनि त्यसबाट लाभ लिन बाँकी नै छ । नीतिगत र कानूनी सुधार गरिए पनि अपेक्षाकृत रूपमा विदेशी पुँजी र प्रविधि आकर्षित हुन सकेको छैन ।

२१. निर्यात विस्तार र विविधीकरण हुन नसक्दा उच्च व्यापार घाटा कायमै छ । कमजोर उत्पादन क्षमताले गर्दा उपभोग्य बस्तुको आयात उच्च छ । पर्यटन, सूचना प्रविधि लगायतका क्षेत्रबाट सेवा निर्यात हुने उच्च सम्भावनाको अपेक्षित लाभ लिन सकिएको छैन । विप्रेषणको उच्च भूमिका रहेको वाह्य क्षेत्रलाई दिगो रूपमा सन्तुलनमा राख्ने चुनौति छ ।

२२. विकासका लागि राजस्व वचत न्यून हुँदै गएको छ । आम्दानीका स्रोतहरू साँघुरिदै गएका छन् । राजस्वको वर्तमान संरचनालाई आन्तरिक उत्पादनमा आधारित, फराकिलो र दिगो बनाउने चुनौती छ । विनियोजन कुशलता कायम गर्न सकिएको छैन । चालु खर्च उच्च रहँदा परम्परागत स्रोतबाट पुँजीगत खर्च जुटाउन चुनौतीपूर्ण बन्दै गएको छ । कार्यान्वयन पक्ष कमजोर हुँदा आयोजना सम्पन्न गर्न लामो समय र बढी लागत लाग्ने अवस्था रहेको छ । स्रोतको आवश्यक प्रबन्ध नहुँदा विकास कार्यक्रम तथा आयोजनाहरू घोषणामा सीमित हुने जोखिम बढेको छ । सार्वजनिक ऋणको बढ्दो परिमाणले ऋणको दिगोपना कायम गर्ने चुनौती थपेको छ ।

२३. सार्वजनिक प्रशासनलाई व्यावसायिकरण गर्न नसक्दा सेवा प्रवाहको गुणस्तरमा अपेक्षित सुधार हुन सकेको छैन । सार्वजनिक सेवामा ढिलासुस्ती, जिम्मेवारी वोधको कमी, परम्परागत निर्णय प्रक्रिया र अन्तर निकाय समन्वय कमजोर हुँदा सुशासन कायम गर्ने चुनौती छ ।

सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,

उल्लिखित चुनौतीहरूको सामना गर्दै अर्थतन्त्रलाई गतिशील बनाउन देहायबमोजिमको प्रतिवद्धता प्रस्तुत गर्दछुः

२४. मुलुकलाई निर्धारित समय अगावै सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमको निगरानी सूचीबाट बाहिर निकाली अर्थतन्त्रको विश्वसनीयता अभिवृद्धि गर्नु सरकारको महत्त्वपूर्ण कार्यसूची हुन पुगेको छ । पहिलो सार्वभौम क्रेडिट रेटिङ्गबाट प्राप्त भएको उत्साहजनक नतिजालाई वाह्य पुँजी परिचालनका लागि उपयोग गर्दै माथिल्लो रेटिङ्ग प्राप्त गर्न आर्थिक सुधारका थप कार्यक्रम अघि बढाइनेछ ।

२५. निजी क्षेत्रको मनोवल बढाउन र लगानीको वातावरण सिर्जना गर्न अध्यादेश मार्फत कानूनहरूमा गरिएको सुधारबाट निजी क्षेत्र उत्साहित भएको छ । सार्वजनिक लगानीलाई प्रतिफलयुक्त क्षेत्रमा केन्द्रित गरी निजी क्षेत्रको पुँजी र प्रविधि आकर्षित गर्दै आर्थिक क्रियाकलापमा गुणात्मक वृद्धि गरिनेछ । आर्थिक वृद्धिका लागि उच्च योगदान गर्ने क्षेत्रमा थप नीतिगत, कानूनी र प्रक्रियागत सुधार गर्दै निजी क्षेत्रलाई आर्थिक समृद्धिको प्रमुख संवाहकको भूमिकामा स्थापित गरिनेछ । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ को प्रतिवेदन क्रमशः कार्यान्वयन गरिनेछ ।

२६. सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न र सन् २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति भए पश्चात हुन सक्ने लगानीको न्यूनता पूरा गर्न स्रोतको विविधीकरण गरिनेछ । राजस्व प्रशासनलाई व्यावसायिक र राजस्व प्रणालीलाई सुदृढ बनाइनेछ । सार्वजनिक ऋणलाई उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन गरिनेछ । अनुपयुक्त आयोजना कटौती गरी प्राथमिकता प्राप्त र नतिजामूलक आयोजना कार्यान्वयनलाई उच्च महत्त्व दिइनेछ । विकास वित्तको न्यूनता पूर्ति गर्न वैकल्पिक वित्तका नवीन र सम्भाव्य उपकरणहरूको उपयोग गरिनेछ ।

२७. प्रतिस्पर्धी वस्तु तथा सेवाको निर्यात वृद्धि र उपभोग्य वस्तुको आन्तरिक उत्पादन प्रवद्र्धन मार्फत व्यापार सन्तुलनमा जोड दिइनेछ । वैदेशिक रोजगारीमा रहेका विशेषज्ञ र सीपयुक्त नेपालीलाई स्वदेशमै उद्यमशील र स्वरोजगार बन्न आकर्षित गरिनेछ । नवप्रवर्तन र उद्यमशीलता प्रवद्र्धन गरी युवा लक्षित रोजगारी सिर्जना गर्न उच्च प्राथमिकता दिइनेछ ।

२८. वर्तमान सरकार गठन भएपछि हासिल भएका सकारात्मक परिणामको जगमा थप उपलब्धि हासिल गर्न, जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन, सबै प्रकारका निराशा चिर्न र आम जनतामा आशा जगाउन सरकार दृढ संकल्पित छ । प्रस्तुत बजेट अर्थतन्त्रको विस्तार र आर्थिक अवसर सिर्जना गर्ने मुख्य ध्येयका साथ तर्जुमा गरेको छु ।

२९. नेपालको संविधानमा उल्लिखित अधिकारका सूची, आवधिक योजना, सरकारको साझा संकल्प तथा नीतिगत प्रतिवद्धता, यस सम्मानित सदनबाट पारित भएको नेपाल सरकारको नीति तथा कार्यक्रम, माननीय सदस्यहरूले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा व्यक्त गर्नुभएका विचार, संसदका विषयगत समितिहरू, निजीक्षेत्र, विद्धत समुदाय र जनस्तरबाट प्राप्त सुझावलाई बजेट तर्जुमाको आधार बनाएको छु ।

सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्य देहायबमोजिम छन्ः

(क) उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्धि हासिल गरी गरिबी निवारण गर्ने,

(ख) उद्यमशीलता विकास र सार्वजनिक तथा निजी लगानी विस्तार गरी रोजगारी सिर्जना गर्ने,

(ग) आधुनिक प्रविधिको प्रयोग बढाउँदै आर्थिक दक्षता वृद्धि गर्ने,

(घ) सामाजिक संरक्षण एवम् विकासका माध्यमबाट सामाजिक न्याय कायम गर्ने र

(ङ) गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवद्र्धन गर्ने ।

बजेटका प्राथमिकता देहायबमोजिम छन्ः

(क) उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि,

(ख) प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी विस्तार,

(ग) सामाजिक क्षेत्रमा गुणात्मक सुधार,

(घ) सन्तुलित विकास र सामाजिक सुरक्षाको सुनिश्चितता र

(ङ) नागरिकमैत्री सेवा, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार ।

सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय,

अब म नेपालको संविधानको धारा ६० बमोजिम वित्तीय हस्तान्तरणसम्बन्धी विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छुः

३०. वित्तीय समानीकरण अनुदानका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशका आधारमा प्रदेशका लागि रु. ६० अर्ब ६६ करोड र स्थानीय तहका लागि रु. ८८ अर्ब ९७ करोड हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु । सशर्त अनुदान प्रदेशका लागि रु. ३० अर्ब ३५ करोड र स्थानीय तहको लागि रु. २ खर्ब ११ अर्ब ४६ करोड गरी जम्मा रु. २ खर्ब ४१ अर्ब ८१ करोड विनियोजन गरेको छु ।

३१. प्रदेश र स्थानीय तहलाई पूर्वाधार आयोजना कार्यान्वयनका लागि समपूरक अनुदान क्रमशः रु. ३ अर्ब २८ करोड र रु. १० अर्ब ६ करोड विनियोजन गरेको छु । विशेष अनुदान प्रदेशका लागि रु. ३ अर्ब २७ करोड र स्थानीय तहका लागि रु. ९ अर्ब ७८ करोड विनियोजन गरेको छु । सशर्त, समपूरक र विशेष अनुदान कार्यसम्पादनका आधारमा हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु ।

३२. प्रदेश र स्थानीय तहमा राजस्व वाँडफाँटबाट रु. १ खर्ब ६५ अर्ब हस्तान्तरण हुने अनुमान छ । राजस्व वाँडफाँट र अनुदान गरी प्रदेश र स्थानीय तहमा आगामी आर्थिक वर्षमा रु. ५ खर्ब ८२ अर्ब ८३ करोड हस्तान्तरण हुने अनुमान छ ।

अब म बजेटका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु ।

कृषिमा आधुनिकीकरणः अर्थतन्त्रमा रूपान्तरण

३३. कृषि क्षेत्रको व्यवसायीकरण र यान्त्रिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ । स्थानीयस्तरमा उत्पादित स्वस्थ र पोषणयुक्त खाद्य वस्तुको उपभोग प्रवद्र्धन गरिनेछ । खाद्य सम्प्रभुता प्रत्याभूत गरिनेछ । कृषि क्षेत्रमा आश्रित अतिरिक्त श्रम शक्तिलाई उत्पादनशील क्षेत्रमा रूपान्तरण गरिनेछ ।

३४. सामूहिक, सहकारी र निजी फर्म मार्फत खेतीयोग्य भूमिको अधिकतम उपयोग गरिनेछ । प्रमुख खाद्यान्न, तरकारी, फलफूल, दूध र मासुजन्य उत्पादनमा आत्मनिर्भर हुने गरी ठोस कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत कृषि तथा पशुपालनतर्फका २१ सुपरजोन र २०६ जोनमा सिँचाइ, मल, बिउ र प्रविधिका लागि पुँजीगत अनुदान तथा सहुलियत उपलब्ध गराउन रु.३ अर्ब ५० करोड विनियोजन गरेको छु । यस कार्यक्रम मार्फत ४ हजार ८ सय ५० हेक्टर जमिनमा उन्नत प्रविधिसहित १५ बालीवस्तुको क्षेत्र विस्तार गरिनेछ । साना सिँचाइ पूर्वाधार विकास गरी थप ६ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराइनेछ । प्रदेश तहबाट ब्लक र स्थानीय तहबाट पकेट क्षेत्रको कार्यक्रम सञ्चालन गर्न पुँजीगत अनुदानको व्यवस्था गरेको छु ।

३६. हाल सञ्चालित जोन र सुपरजोनको दायरा विस्तार गरिनेछ । निजी, सामूहिक, करार र सहकारी मार्फत सुपरजोन वा जोन सरहको क्षेत्रफलमा व्यावसायिक खेती वा पशुपालन गरेमा सोही बराबरको अनुदान सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

३७. दुई वर्षभित्र चामलमा आत्मनिर्भर हुन तराई र भित्री मधेशका २२ जिल्लामा चैते धान खेती प्रवद्र्धन कार्यक्रम सञ्चालन गरिनेछ । यसबाट थप १२ लाख मेट्रिक टन धान उत्पादन हुने अपेक्षा गरेको छु । चैते धान खेतीका लागि सिँचाइ पूर्वाधार निर्माण गर्न रु. ३३ करोड विनियोजन गरेको छु ।

३८. लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका मध्य तथा उच्च पहाडी जिल्लाका ८० स्थानीय तहमा उच्च मूल्यका बालीवस्तुको खेती प्रवद्र्धन गरिनेछ । यसका लागि रु. ८३ करोड विनियोजन गरेको छु ।

३९. रासायनिक मलको आपूर्ति वृद्धि गरी ६ लाख मेट्रिक टन पु¥याइनेछ । रासायानिक मलमा अनुदानका लागि रु. २८ अर्ब ८२ करोड विनियोजन गरेको छु । लगानी बोर्ड मार्फत रासायानिक मल कारखाना स्थापना गर्न आवश्यक तयारी गरिनेछ । माटोको गुणस्तर कायम राखी उत्पादकत्व वृद्धि गर्न प्राङ्गारिक कृषि प्रवद्र्धन कार्यक्रमका लागि रु. ४० करोड विनियोजन गरेको छु ।

४०. पुष्पलाल मध्यपहाडी राजमार्ग र मदन भण्डारी राजमार्गको आसपासका कृषियोग्य बाँझो जमिनमा उत्पादन प्रवद्र्धन गरिनेछ । यस अन्तर्गत नगदेबाली, पशुपालन, उच्च मूल्यका फलफूल, गैरकाष्ठ वन पैदावार, घाँस तथा कृषि वन प्रणालीको विस्तार गर्न रकम विनियोजन गरेको छु ।

४१. बाली लगाउने समयभन्दा १५ दिन अगावै धान, मकै, गहुँ, उखु, कफी लगायतका उत्पादनको समर्थन मूल्य तोकिनेछ । ती वस्तुको बजार अभाव भएको अवस्थामा खाद्य तथा व्यापार कम्पनी लिमिटेड मार्फत खरिद गर्ने व्यवस्था मिलाइनेछ । बाली लगाएपछि अग्रिम कृषि उपज खरिद सम्झौता गरिनेछ ।

४२. खाद्यान्न, तरकारी, फलफूल, मासु र दूधजन्य पदार्थ बजारमा बिक्री गर्नुपूर्व अनिवार्यरूपमा गुणस्तर तथा विषादी परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । थोक बजार केन्द्रमा द्रुत विषादी परीक्षण विधिबाट ताजा तरकारी तथा फलफूलमा विषादी अवशेष परीक्षण गरी अखाद्य देखिएमा तत्काल नष्ट गर्ने व्यवस्था मिलाइनेछ । विषादी परीक्षणका लागि थप जनशक्ति र उपकरणको व्यवस्था तथा मोवाइल टोली परिचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४३. माटोको उर्वराशक्तिमा सुधार गरी उपयुक्त खेती प्रवद्र्धन गर्न घुम्ती टोली मार्फत माटो परीक्षण शिविर सञ्चालन गरिनेछ । स्थानीय तथा रैथाने बिउबालीको जात दर्ता र खेती विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. अर्गानिक फलफूल, तरकारी, मासु लगायत उच्च मूल्यका कृषि उपजको निर्यात वृद्धि गर्न प्लाण्ट, खाद्य तथा पशु क्वारेन्टाइन र प्रयोगशालाको गुणस्तर सुधार गरी अन्तर्राष्ट्रिय मान्यता प्राप्त बनाइनेछ ।

४५. कृषि उपजको प्रयोगशाला परीक्षण र प्राङ्गारिक प्रमाणीकरण शुल्कमा सहुलियत प्रदान गरिनेछ । खोरेत रोगमुक्त क्षेत्र घोषणाका लागि सिन्धुली र मकवानपुर जिल्लामा जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेशनका कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. बाँदर, बँदेल, निलगाईजस्ता जङ्गली जनावरबाट खेतीबालीमा हुने नोक्सानी कम गर्न नियन्त्रणका उपायहरू अवलम्बन गरिनेछ । बाँदरको जोखिम रहेका क्षेत्रमा सिमल तरुल, बेसार, चिया, कफी, अदुवा, खुर्सानी लगायतका खेती गर्न प्रोत्साहन गरिनेछ । पुष्प उत्पादनलाई प्रोत्साहित गरिनेछ ।

४७. भूमि, कृषि सामग्री, बीमा, खरिद सम्झौता र बजारको सुदृढ इकोसिस्टम विकास गरी युवालाई कृषिमा आकर्षित गरिनेछ । कृषि अनुसन्धानलाई मुलुकको मौसम र खेती प्रणालीअनुरूप हुने र किसानले लाभ लिन सक्ने गरी नतिजामूखी बनाइनेछ । गुणस्तरीय बिउ बिजनको जातीय अनुसन्धान तथा विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । कृषि अनुसन्धानबाट प्राप्त बौद्धिक सम्पत्ति दर्ता गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

४८. मासु निर्यातको सम्भावनालाई प्रवद्र्धन गर्न ठूला फार्ममा पशुपालन र गुणस्तरीय मासु उत्पादनमा जोड दिइनेछ । नश्ल सुधारका कार्यक्रम मार्फत ८ लाख ५० हजार कृत्रिम गर्भाधान गराई पशुपालनको उत्पादकत्व वृद्धि गरिनेछ । पशुपन्छीमा लाग्ने रोग तथा महामारी नियन्त्रणका लागि आगामी आर्थिक वर्षमा ५ करोड ५० लाख डोज खोप उत्पादन गरिनेछ । यसका लागि रु. ८५ करोड विनियोजन गरेको छु ।

४९. आगामी आर्थिक वर्षमा ४ करोड २८ लाख माछाका भुरा उत्पादन र १० लाख फलफूलका बेर्ना वितरण गरिनेछ । उच्च सम्भावना रहेका २० स्थानीय तहमा कफी नर्सरी स्थापना गरी १० लाख बिरूवा वितरण गरिनेछ ।

५०. राष्ट्रिय खाद्य सुरक्षा भण्डारण र सार्क खाद्य सुरक्षा बैंकमा आवश्यक परिमाणमा खाद्य भण्डारण गर्ने व्यवस्था मिलाएको छु । कृषि उपजको सुरक्षित ढुवानी, भण्डारण र सहज बजार पँहुचका लागि सरकारी र निजी क्षेत्रको सहलगानीमा पूर्वाधार विकास गरिनेछ । मूल्य श्रृङ्खलाको लाभ उत्पादक किसानले प्राप्त गर्ने गरी आपूर्ति प्रणाली र बजार सूचना प्रवाहलाई व्यवस्थित गरिनेछ ।

५१. निर्माणाधीन नौ ठूला कृषि बजारको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ । रूपन्देहीको सेमलारमा कृषि उपजको संकलन, प्रशोधन, बजारीकरण र निर्यात प्रवद्र्धनका लागि आधुनिक पूर्वाधार निर्माण शुरू गरिनेछ ।

५२. अलैंची, चिया, कफी, अदुवा, बेसार, सुन्तला, अकबरे खुर्सानी, छुर्पी र दुग्ध पदार्थ लगायतको गुणस्तर मापदण्ड निर्धारण, प्रयोगशाला परीक्षण र ब्राण्डिङ्गको व्यवस्था गरी निर्यात प्रवद्र्धन गरिनेछ ।

बाँकी क्रमशः पृष्ठ ३


## भुमि सुधार तथा मालपोत कार्यालय गौर रौतहट

### अप्रमाणित जग्गा प्रमाणित गरी नामसारी वारे ३५ दिने सुचना

यसमा जि.रौ.गा.वि.स.मुडवलबा वडा नं.१ हाल राजदेवी न.पा. ७ मा बस्ने मगनी भगतको छोरा बुहारी राम विलाश रायको पत्नी चम्पा देवी, मगनी भगतको नाती नथुनी राय यादवको छोरा सिताराम राय यादव र नथुनी राय यादवको नाती जलन्धर रायको छोरा मनोज कुमार समेतले रौ.जि.अ.को अंश दर्ता मुद्धामा दे.न.२०८६।०५८।५९ मिति २०५९।०२।१९ को मिलापत्र बमोजिम अप्रमाणित जग्गा प्रमाणित गर्रा आफनो नाउमा दा.खा. नामसारी साथै मोठ श्रेष्ता कायम गरी पाउ भनि माग निवेदन आएकोमा जि.रौ.गा.वि.स.मुडवलवा वडा नं.३ कि.न. ८० को मोठ भिडान हुदा मोठ कायम रही रोक्का नदेखिएको ज.ध.मा झगडा मात्र उल्लेख रहेको साथै गा.वि.स.लक्ष्मीपुर बेलविछवा वडा नं.७ किता नं. ४९ को ०- १-१३ मोठ कायम नरहेको सो जग्गा छुट दर्ता जग्गा दा.खा.बाकी समेत रहेको भनि मोठ फाटवाट लेखिआएको साथै राजदेवी न.पा.७ को च.न.३८३ मिति २०८१।०८।१४ सिफारीश समेतमा छुट जग्गा दर्ता गरी दा.खा.नामसारी समेत गरीदिने सिफारीश भै आएको सो छुट जग्गाको हकदावी वारे ३५ दिने सार्वजनिक सुचना जारी गरिएको छ । निजको तिन पुस्ते भित्रको नाता पर्ने अन्य कोही भए असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा रित पुर्वकको वारेश मार्फत म्याद भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन बमोजिम भै जाने छ ।

तपसिल

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | मुडवलवा | ३ | ८० | ०- ०-१७ | झगडा |
| ,, | लक्ष्मीपुर बे. | ७ | ४९ | ०- १-१३ | मोठ श्रेष्ता नभएको |

# आगामी आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब ११ करोड.........

५३. कृषि तथा पशुपन्छी बीमा कार्यक्रममा साना तथा मझौला किसानको पहुँच विस्तार गरिनेछ । बाली तथा पशु बीमाको प्रिमियममा दिइने अनुदानका लागि रु. २ अर्ब ३० करोड विनियोजन गरेको छु ।

५४. मौसम पूर्वानुमान, कृषि उपजको मूल्य र कृषि सामग्रीको उपलब्धताका सम्बन्धमा किसानलाई नियमित सूचना उपलब्ध गराउन "किसान एप" को विकास र एसएमएस सेवालाई व्यवस्थित गरिनेछ ।

५५. कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागि रु. ५७ अर्ब ४८ करोड विनियोजन गरेको छु ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण

५६. भूमिसम्बन्धी कानूनमा संशोधन गरी भूमिहिन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या स्थायीरूपमा समाधान गरिनेछ । आगामी आर्थिक वर्षभित्र लगत संकलन र प्रमाणीकरण गरी पाँच लाख परिवारलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराइनेछ । यसका लागि स्रोत, साधन र जनशक्तिको अभाव हुन दिइनेछैन ।

५७. सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक र संरक्षण गरिनेछ । कृषियोग्य भूमि बाँझो राख्न नपाइने नीति लिइनेछ । कृषियोग्य भूमिको उपयोग गर्न भूमि बैंकसम्बन्धी कानूनी तथा संस्थागत प्रबन्ध गरिनेछ । आगामी आर्थिक वर्षमा कम्तीमा एक सय स्थानीय तहमा भूमि बैंक स्थापना गरिनेछ । जग्गाधनीले जग्गा लिजमा दिन चाहेमा स्थानीय तहसँग करार सम्झौता गर्ने व्यवस्था मिलाइनेछ । भूमि बैंकमा अभिलिखित जग्गा व्यावसायिक कृषिका लागि स्थानीय तहसँग करार सम्झौता गरी प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

५८. स्थानीय तह मार्फत भू–उपयोग क्षेत्र वर्गीकरण गरी भू–उपयोग योजना तर्जुमा गरिनेछ । लाईडार प्रविधिबाट गरिने नापनक्सा कार्यलाई विस्तार गरिनेछ । लाईडार सर्भेको तथ्याङ्कलाई पूर्वाधार निर्माण आयोजनाको सम्भाव्यता अध्ययन तथा डिजाइन प्रयोजनको लागि समेत प्रयोग गरिनेछ । नापनक्सा व्यवस्थित गर्न सेटलाईट प्रविधिमा आधारित राष्ट्रिय नियन्त्रण विन्दुहरूको सञ्जाल सुदृढ गरिनेछ ।

५९. भूमिसुधार तथा मालपोत र नापी कार्यालयका अभिलेखहरूलाई डिजिटाइज गरिनेछ । भू–सूचना प्रणालीलाई स्तरोन्नति गरी सबै कार्यालयमा विस्तार गरिनेछ । बैंक, वित्तीय र सहकारी संस्थाबाट गरिने रोक्का र फुकुवासम्बन्धी कार्य अनलाइन प्रणालीबाट हुने व्यवस्था मिलाइनेछ ।

६०. सहकारी संस्थाहरूको वर्गीकरण, एकीकरण र संरचनागत सुधार गरिनेछ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट बचत तथा ऋण सहकारी संस्थाहरूको प्रभावकारी नियमन गरिनेछ ।

६१. सहकारी संस्थामा रहेको पाँच लाखसम्मको बचत रकमको निक्षेप तथा कर्जा सुरक्षण कोष मार्फत निक्षेप सुरक्षण गरिनेछ । सहकारीको रकम अपचलन गर्नेको सम्पत्ति लिलाम बिक्री गरी प्राप्त हुने रकम बचतकर्तालाई फिर्ता गर्न चक्रीय कोष स्थापनाका लागि वीउ पुँजीको व्यवस्था गरेको छु । सहकारी ऋण असुली न्यायाधिकरण स्थापना गरिनेछ । समस्याग्रस्त सहकारीका सञ्चालक, पदाधिकारी र कर्जा अपचलनकर्ताको सम्पत्ति एवम् राहदानी रोक्का गरिनेछ ।

६२. राज्य सुविधा परिचयपत्रका लागि आवश्यक विवरण सम्बन्धित परिवारले स्वघोषणा गर्ने र हरेक पाँच वर्षमा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ । उक्त विवरणलाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आवद्ध गरिनेछ । गलत विवरण घोषणा गरी राज्य सुविधा प्राप्त गर्ने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुनेछ । आगामी आर्थिक वर्षभित्र विवरण संकलन र परिचयपत्र वितरणको काम सम्पन्न गर्न सशर्त अनुदान उपलब्ध गराएको छु ।

६३. निरपेक्ष गरिबीको अन्त्य गर्न सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

६४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको लागि रु. ७ अर्ब ४९ करोड विनियोजन गरेको छु ।

उद्योग, व्यापार र लगानी प्रवद्र्धन

६५. औद्योगिक उत्पादन तथा उत्पादकत्व वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाइनेछ । नीतिगत स्थायित्व, लगानीको सुरक्षा र असल औद्योगिक सम्बन्ध कायम गरी औद्योगिकीकरणलाई तीब्रता दिइनेछ ।

६६. व्यावसायिक वातावरणमा सुधार गरी निजी लगानी प्रवद्र्धन गर्न र रोजगारी सिर्जना गर्न आवश्यक कानूनी, नीतिगत र प्रक्रियागत सुधारलाई उच्च प्राथमिकता दिइनेछ । लघु, घरेलु, साना र मझौला उद्योगको प्रवद्र्धन गरी उत्पादित वस्तु र सेवाको ब्राण्डिङ्ग गरिनेछ । उद्योग क्षेत्रमा नवीनतम् प्रविधि प्रोत्साहन गर्न र इण्डष्ट्री फोरको अवधारणा कार्यान्वयन गर्न सहयोग र सहजीकरण गरिनेछ ।

६७. काम खोज्ने होइन, काम दिने युवाको सङ्ख्या वृद्धि गर्न नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमशीलता प्रवद्र्धन गरिनेछ । जेन–जी पुस्तालाई उद्यमशील र व्यावसायिक बनाउन सरकार, विश्वविद्यालय र निजी क्षेत्रसँगको सहकार्यमा इन्कुवेशन सेन्टर सञ्चालन गरिनेछ । स्टार्टअप उद्यमीलाई सीप विकास, व्यवसाय विस्तार, बजारीकरण र मूल्य श्रृङ्खलामा आवद्ध गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रम विस्तार गरेको छु । यसका लागि तीन प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराउन रु. ७३ करोड विनियोजन गरेको छु ।

६८. दलित समुदायको परम्परागत सीप, कला र पेशाको संरक्षण गर्दै रोजगारी र आय आर्जनका अवसर सिर्जना गर्न "भगत सर्वजित उद्यमशीलता विकास कार्यक्रम" सञ्चालन गरिनेछ । आधुनिक प्रविधिको प्रयोग गरी सुन, चाँदी, काँस, तामा, फलाम, छाला, काठ, पत्थर लगायतका सामग्री उत्पादन र बजारीकरण गरिनेछ । यसका लागि पुँजीगत अनुदान, सहुलियतपूर्ण कर्जा र सीप विकास तालिम उपलब्ध गराउन रु. ५० करोड विनियोजन गरेको छु ।

६९. सुन चाँदीको गहना निकासी गर्ने उद्योगलाई वण्डेड वेयर हाउसको सुविधा उपलब्ध गराइनेछ । यस्ता उद्योगले निकासी मूल्यको न्यूनतम ५० प्रतिशत विदेशी मुद्रा अग्रिम भुक्तानी प्राप्त गरेमा सो रकम बराबरको सुन चाँदी खरिद गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

७०. उद्योग व्यवसाय सम्वद्ध सार्वजनिक सेवालाई सरल, सहज र प्रविधिमैत्री बनाइनेछ । कम्पनीको दर्तादेखि बहिर्गमनसम्मका सबै कार्य एकल विन्दुबाट सम्पादन हुने व्यवस्था मिलाइनेछ ।

७१. विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रमा नयाँ उद्योग स्थापना गर्ने अनुमति प्राप्त उद्योगलाई शुरूका तीन वर्षको भाडा छुट दिइनेछ । विशेष आर्थिक क्षेत्रको मासिक भाडादर प्रति वर्ग मिटर रु. २० बाट घटाई रु. ५ कायम गरिनेछ । औद्योगिक क्षेत्रका उद्योगले उत्पादनको तीस प्रतिशतभन्दा बढी निर्यात गरेमा विशेष आर्थिक क्षेत्रका उद्योग सरहको सुविधा दिइनेछ ।

७२. औद्योगिक क्षेत्र निर्माण गर्ने कम्पनीलाई जलविद्युत उत्पादन कम्पनी सरह र त्यस्तो औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगलाई विशेष आर्थिक क्षेत्रका उद्योग सरहको सुविधा उपलब्ध गराइनेछ । औद्योगिक क्षेत्रको लागि निर्धारित मासिक भाडादरमा ५० प्रतिशत कटौती गरिनेछ । औद्योगिक पूर्वाधार निर्माणका लागि रु. १ अर्ब ५५ करोड विनियोजन गरेको छु ।

७३. काठमाडौँ उपत्यकामा सञ्चालित उद्योगहरूलाई उपत्यका बाहिरका औद्योगिक क्षेत्रमा स्थानान्तरण गरी राजधानीको प्रदूषण नियन्त्रण गर्न प्रोत्साहित गरिनेछ । त्यस्ता उद्योगलाई निःशुल्क लिजमा जग्गा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

७४. जग्गा प्राप्ति र हदबन्दीसम्बन्धी कानूनको पुनरावलोकन गरिनेछ । उद्योग व्यवसाय, कृषि फार्म र हाउजिङ्ग अपार्टमेन्टका लागि हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न पाउने व्यवस्था मिलाइनेछ । अनुमति प्राप्त गरी निर्माण सम्पन्न भएका तर हदबन्दीका कारणले बिक्री हुन नसकेका हाउजिङ्ग तथा अपार्टमेन्टहरू बिक्री गर्न पाउने व्यवस्था मिलाइनेछ ।

७५. प्रत्यक्ष वैदेशिक लगानीका लागि नेपाललाई उत्कृष्ट गन्तव्य स्थलमा विकास गरिनेछ । लगानी सम्भावना भएका मुलुकहरूसँग लगानी प्रवद्र्धन एवम् दोहोरो कर मुक्ति सम्झौता गरिनेछ । वैदेशिक लगानी भित्र्याउने र नाफा फिर्ता लैजाने प्रक्रियालाई सरल बनाइनेछ । राष्ट्रिय प्राथमिकताको क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न एंकर इन्भेष्टमेण्टको नीति लिइनेछ ।

७६. सार्वजनिक निजी साझेदारीलाई सुदृढ बनाउन कानूनी सुधार गरिनेछ । लगानी बोर्ड अन्तर्गत स्वचालित एकल विन्दु सेवा केन्द्र स्थापना गरिनेछ । प्राथमिकता प्राप्त क्षेत्रका आयोजनाहरूमा लगानी आकर्षित गर्न भायाविलिटी ग्याप फण्डिङ्गको व्यवस्था गरिनेछ ।

७७. लगानी बोर्डले सङ्घका साथै प्रदेश र स्थानीय तहमा समेत सार्वजनिक निजी साझेदारीको अवधारणाअनुरूप स्रोत व्यवस्थापन, आयोजनाको छनौट र कार्यान्वयन गर्न सक्ने व्यवस्था गरिनेछ । यसका लागि लगानी बोर्ड अन्तर्गत सार्वजनिक निजी साझेदारी निर्देशनालय स्थापना गरिनेछ ।

७८. नेपालमा लगानी गर्ने विदेशी लगानीकर्ता, वहुराष्ट्रिय कम्पनी, अन्तर्राष्ट्रिय संस्था र तिनका शाखाले कार्यालय वा आवास प्रयोजनका लागि भवन वा अपार्टमेन्ट लिजमा लिन पाउने कानूनी व्यवस्था गरिनेछ ।

७९. लगानी बोर्डको संस्थागत क्षमता विकास गरिनेछ । आर्थिक वर्ष २०८२–८३ भित्र निजी क्षेत्रसँग रु. ७ खर्ब बराबरको परियोजना विकास सम्झौता र रु. ४ खर्ब बराबरका आयोजनाको निर्माण कार्य थालनी गरिनेछ । लगानी बोर्ड, नेपालका लागि रु. ७४ करोड विनियोजन गरेको छु ।

८०. नेपाली व्यवसायी वा कम्पनीलाई विदेशमा बिक्री शाखा वा अर्धप्रशोधित सामग्री निर्यात गरी प्रशोधन कारखाना स्थापना गर्न अनुमति दिइनेछ । यसका लागि निर्यातबाट हुने वार्षिक आम्दानीको २५ प्रतिशतसम्म विदेशमा लगानी गर्न पाउने कानूनी व्यवस्था गरिनेछ । यस्तो व्यवसायबाट आर्जन हुने मुनाफाको ५० प्रतिशत देशभित्र फिर्ता गर्नुपर्ने व्यवस्था गरिनेछ । विदेशमा गरिने लगानी स्वीकृतिको जिम्मेवारी लगानी बोर्डमा रहने व्यवस्था गरिनेछ ।

८१. नेपाली नागरिकले विदेशी कम्पनीलाई प्रविधि वा विशिष्ट प्रकृतिको ज्ञान वा सेवा उपलब्ध गराए बापत स्वेट शेयर लिन पाउने कानूनी व्यवस्था गरिनेछ ।

८२. लगानी बोर्ड मार्फत सार्वजनिक निजी साझेदारीमा झापाको दमकस्थित औद्योगिक पार्कको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरिनेछ । कञ्चनपुरको दैजी, बाँकेको नौबस्ता, दाङ्गको लक्ष्मीपुर, रूपन्देहीको मोतीपुर, चितवनको शक्तिखोर र मकवानपुरको मयुरधापमा लगानी बोर्ड मार्फत निजी क्षेत्रको सहभागितामा आधुनिक औद्योगिक क्षेत्रको निर्माण गरिनेछ । पाँचखाल र सिमरा स्थित विशेष आर्थिक क्षेत्रलाई निजी क्षेत्रको सहभागितामा सञ्चालन गरिनेछ ।

८३. तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका वस्तु लक्षित निर्यात रणनीति अवलम्बन गरिनेछ । व्यापार पूर्वाधारको विकास र प्रविधि हस्तान्तरणमा प्राथमिकता दिइनेछ । निजी क्षेत्रसँगको सहकार्यमा "मेक इन नेपाल र मेड इन नेपाल" अभियान सञ्चालन गरिनेछ ।

८४. भैरहवाको एकीकृत जाँच चौकी र रसुवाको टिमुरेमा सुक्खा बन्दरगाहको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ । कञ्चनपुरको दोधारा–चाँदनीमा सुक्खा बन्दरगाह निर्माण कार्य अघि बढाइनेछ ।

८५. भौगर्भिक अध्ययन भई पहिचान गरिएका पेट्रोलियम, तामा, फलाम, म्याग्नेसियम, फोस्फराइट, क्वार्ज र किमती पत्थर लगायतका खानीजन्य वस्तुको इन्भेन्ट्री तयार गरिनेछ । दैलेखको पेट्रोलियम अन्वेषण कार्य सम्पन्न गरी नमुना परीक्षण प्रतिवेदनका आधारमा व्यावसायिक उत्पादन शुरू गरिनेछ । पाल्पा, सुनसरी र दाङमा पेट्रोलियम पदार्थको अन्वेषण शुरू गरिनेछ । अन्तर्राष्ट्रिय जगतबाट सक्षम अनुसन्धानकर्ता छनौट गरी रियर अर्थ मेटल्सको सम्भाव्यता अध्ययन गरिनेछ ।

८६. आर्थिक वर्ष २०८२–८३ मा नेपालमा खानीजन्य वस्तुको अन्वेषण, उत्पादन र बजारीकरणको सम्भावना यकिन गर्न माइनिङ्ग क्षेत्रका विज्ञहरूको सहभागितामा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरिनेछ ।

८७. प्राकृतिक तथा खानीजन्य वस्तुको व्यावसायिक उत्पादन र बजारीकरणमा निजी क्षेत्रलाई सहभागी गराइनेछ । वातावरणीय प्रभाव अध्ययनबाट उपयुक्त र आर्थिक दृष्टिले सम्भाव्य देखिएका खानीजन्य र नदीजन्य निर्माण सामग्रीको उत्खनन् र प्रशोधन गरी आन्तरिक उपयोग र निर्यात गर्ने व्यवस्था मिलाइनेछ ।

८८. अन्तर्राष्ट्रिय मापदण्डअनुरूप गुणस्तर मापदण्ड निर्धारण गरी निर्यात गन्तव्य मुलुकसँग पारस्परिक मान्यता कायम गरिनेछ । नेपालमा उत्पादित वस्तुको मापदण्ड निर्धारण तथा प्रमाणीकरण कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाइनेछ । बौद्धिक सम्पत्तिको संरक्षणसम्बन्धी कानूनमा सामयिक सुधार गरिनेछ ।

८९. उत्पादनमूलक, पर्यटन र निर्माण उद्योगका साथै आवास विकास कम्पनीहरूका लागि सरल र सुलभ तरिकाले कार्यशील पुँजी कर्जा उपलब्ध गराउन सहजीकरण गरिनेछ ।

९०. दुर्गम र पहाडी क्षेत्रमा खाद्यान्न र नुनको सहज आपूर्ति सुनिश्चित गरिनेछ । इन्धनको सहज आपूर्तिको लागि भण्डारण क्षमता विस्तार गरिनेछ । प्रदूषण नियन्त्रण र पेट्रोलको आयात न्यूनीकरण गर्न वायोइथानोल मिश्रण गर्ने व्यवस्था मिलाइनेछ ।

९१. अमलेखगञ्ज–लोथर पेट्रोलियम पाइपलाइन विस्तार तथा भण्डारणस्थल निर्माण कार्य अगाडि बढाइनेछ । सिलगुढी–चारआली अन्तरदेशीय पेट्रोलियम पाइपलाइन तथा भण्डारणस्थल निर्माण शुरू गरिनेछ ।

९२. कालोबजारी, एकाधिकार, सिन्डिकेट र कृत्रिम अभाव सिर्जना गर्ने जस्ता अनुचित क्रियाकलाप नियन्त्रण गरी बजारलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाइनेछ । उपभोक्ता अदालतलाई सबै प्रदेशमा विस्तार गरिनेछ ।

९३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका लागि रु. १० अर्ब १४ करोड विनियोजन गरेको छु ।

पर्यटन पूर्वाधार र सम्पदा संरक्षण

९४. पूर्वाधारको विकास, गुणस्तरीय सेवा विस्तार र बजारीकरणका माध्यमबाट नेपाललाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यको रूपमा ब्राण्डिङ्ग गरिनेछ । छिमेकी मुलुकका पर्यटकलाई लक्षित गरी प्रवद्र्धनका विशेष प्याकेज सञ्चालन गरिनेछ ।

९५. पर्या–पर्यटन, पर्वतीय तथा साहसिक पर्यटन, धार्मिक र सांस्कृतिक पर्यटनका प्रमुख गन्तव्य स्थलहरूमा पर्यटक लक्षित सेवा विस्तार गरिनेछ । प्राकृतिक, सांस्कृतिक, साहसिक, चलचित्र, आरोग्य र खेलमा आधारित पर्यटन प्रवद्र्धनका कार्यक्रम सञ्चालन गरिनेछ । स्थलमार्गबाट आउने पर्यटकहरूलाई लक्षित गरी स्वागत तथा सेवा केन्द्र स्थापना गरिनेछ ।

९६. पर्यटकीय गन्तव्यको विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ । राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षित क्षेत्रमा जङ्गल सफारी, पदयात्रा र पर्या–पर्यटकीय पूर्वाधार विकासमा जोड दिइनेछ । प्रमुख पर्यटकीय क्षेत्रमा हिल स्टेशन, होटल, लज, रिसोर्ट लगायतका पर्यटन पूर्वधार निर्माणका लागि वन क्षेत्र लगायत सरकारी स्वामित्वको जमिन लिजमा दिने व्यवस्था गरिनेछ ।

९७. निजी क्षेत्रसँगको सहकार्य र पर्यटन बोर्डको सहजीकरणमा पर्यटन प्रवद्र्धन कार्यक्रम सञ्चालन गरिनेछ । उच्च पहाडी तथा हिमाली क्षेत्रको पर्यटन प्रवद्र्धन गर्न सुरक्षित पर्या–पर्यटन पदमार्गहरूको विकास गरिनेछ । शुक्लाफाँटा–खप्तड, बर्दिया–रारा, लुम्बिनी–मुक्तिनाथ, सौराहा–गोसाईँकुण्ड, जनकपुरधाम–कालिञ्चोक, कोशीटप्पु–सगरमाथा र केचना–पाथिभरा पदयात्रा सञ्चालन गरिनेछ । त्यसैगरी खप्तड, रामारोशन, वडिमालिका, बुढीनन्दा, रारा, स्वर्गद्वारी र मुक्तिनाथसम्मको पर्या–पर्यटन पदमार्ग विकास गरिनेछ । हिमाल आरोही तथा पदयात्रीको सुरक्षा र आकस्मिक उद्धारको भरपर्दो व्यवस्था मिलाइनेछ ।

९८. होटल तथा रिसोर्टलाई उत्पादनमूलक उद्योग सरह आयकर तथा विद्युत महसुल छुट दिइनेछ । होटल, मोटल, रेष्टुरेन्ट, जङ्गल सफारी लगायतका पर्यटन व्यवसायमा कार्यरत श्रमिकहरूका लागि सेवा शुल्कका माध्यमबाट प्रोत्साहन गर्न कानूनी व्यवस्था गरिनेछ ।

९९. सगरमाथा, पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम, मुक्तिनाथ, स्वर्गद्वारी, रारा, खप्तड लगायतका प्रमुख धार्मिक, सांस्कृतिक तथा पर्यटकीय गन्तव्यहरूमा पूर्वाधार विकास गरिनेछ । लुम्बिनी क्षेत्रको संरक्षण, विकास र प्रवद्र्धन गर्न बृहत लुम्बिनी गुरुयोजना तयार गरी कार्यान्वयनमा लगिनेछ । स्वयम्भुनाथ, हनुमानढोका, पशुपतिनाथ र वौद्धनाथ क्षेत्रमा सन्ध्याकालीन सम्पदामार्ग विकास गरिनेछ ।

१००. पुष्पलाल मध्यपहाडी राजमार्ग नजिकका आकर्षक स्थलहरूमा पर्यटन पूर्वाधारको विकासमा जोड दिइनेछ । कर्णाली, भेरी, गण्डकी, त्रिशुली, कोशी लगायतका प्रमुख नदीहरूमा ¥याफ्टिङ लगायत पर्यटन प्रवद्र्धनका क्रियाकलाप सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

१०१. नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवा प्रदायक निकायमा छुट्याई संस्थागत सुदृढीकरण गरिनेछ । आगामी आर्थिक वर्षभित्र नेपाललाई हवाई उडान सुरक्षा सूचीबाट बाहिर ल्याउन आवश्यक कार्य गरिनेछ । आन्तरिक हवाई सेवालाई थप सुरक्षित र पहुँचयोग्य बनाइनेछ ।

१०२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको बढ्दो यात्रु चापलाई व्यवस्थापन गर्न क्षमता विस्तार गरी वुटिक विमानस्थलमा विकास गर्न रु. ४ अर्ब १५ करोड विनियोजन गरेको छु । पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पर्यटकीय हबमा विकास गरिनेछ ।

१०३. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पर्यटक र श्रमिकको लागि किफायती हुने गरी सञ्चालनमा ल्याउन विमानस्थल परिसरमा आवश्यक सुविधा उपलब्ध गराइनेछ । यस विमानस्थलबाट कार्गो सेवा सञ्चालन गर्न विशेष सहुलियत दिइनेछ ।

१०४. नेपालमा अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालन गरिरहेका वायुसेवा कम्पनीहरूलाई भैरहवा र पोखरा विमानस्थलबाट निश्चित सङ्ख्यामा उडान सञ्चालन गर्न थप प्रोत्साहन र सहुलियत दिइनेछ । वैकल्पिक विकास वित्तको उपयोग गरी निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।

१०५. झापाको भद्रपुर, दाङको टरिगाउँ र ताप्लेजुङ्गको सुकेटार विमानस्थलको क्षमता विस्तार गरिनेछ । सुर्खेतमा प्रादेशिक विमानस्थलको पूर्व तयारी सम्पन्न गरी निर्माण कार्य थालनी गरिनेछ । तेह्रथुमको चुहानडाँडा, डडेल्धुराको अजयमेरु र उदयपुरको सगरमाथा विमानस्थलको विस्तृत आयोजना प्रतिवेदन तयार गरिनेछ । आन्तरिक विमानस्थलहरूको पूर्वाधार विकासका लागि रु. ५० करोड छुट्याएको छु ।

१०६. उडान चाप कम भएका आन्तरिक विमानस्थलहरूको वैकल्पिक प्रयोग योजना बनाइनेछ । निजी क्षेत्रसँगको साझेदारीमा यस्ता विमानस्थललाई हवाई उड्डयनसम्बन्धी तालिम तथा प्याराग्लाइडिङ्ग, प्यारासुट, अल्ट्रालाइट, स्काइडाइभिङ्ग जस्ता साहसिक पर्यटनमा प्रयोग गरिनेछ । नयाँ आन्तरिक विमानस्थलको निर्माण र विस्तार गर्दा आर्थिक तथा व्यावसायिक सम्भाव्यतालाई मुख्य आधार बनाइनेछ ।

१०७. नेपालको प्राचीन इतिहास, संस्कृति र पुरातात्त्विक सम्पदाको संरक्षण गरिनेछ । अर्घाखाँचीको पणेनामा संस्कृत व्याकरणका प्रतिपादक पाणिनि ऋषिको स्मृतिमा पाणिनि ज्ञान उद्यान निर्माण गरिनेछ । ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका अभिलेखहरूको डिजिटल आर्काइभीङ् गर्न आवश्यक बजेट छुट्याएको छु ।

१०८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लागि रु. १३ अर्ब २८ करोड बजेट विनियोजन गरेको छु ।

वन तथा वातावरण

१०९. वन क्षेत्रको संरक्षण र वन पैदावारलाई राष्ट्रिय स्रोतको रूपमा सदुपयोग गरिनेछ । पर्यावरण र जैविक विविधतामा प्रतिकूल असर नपर्ने गरी वन क्षेत्रको व्यावसायिक उपयोग र दिगो व्यवस्थापन गरिनेछ ।

११०. वन क्षेत्रको भोगाधिकार दिँदा नाप जाँच गरिएका रूखहरू कटान गर्नु अघि पुनः नापजाँच गर्नुपर्ने व्यवस्था हटाइनेछ । सुकेका तथा ढलापडा रूखलाई संकलन गरी प्रयोगमा ल्याइनेछ ।

१११. देशभित्रको काठ तथा काठजन्य सामग्रीको गुणस्तरीय उत्पादन तथा उपभोग बढाउन सिजनिङ्ग उद्योगलाई प्रोत्साहन गरिनेछ । पुष्पलाल मध्यपहाडी राजमार्ग आसपासका क्षेत्रमा फर्निचर तथा भेनियर उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

११२. जैविक विविधता र वन्यजन्तुको प्राकृतिक बासस्थान संरक्षण गर्न घाँसे मैदान तथा पानीका स्रोतको व्यवस्थापन गरिनेछ । मध्यवर्ती क्षेत्रका बासिन्दाका लागि सामुदायिक विकास, आय आर्जन तथा रोजगारीका कार्यक्रम सञ्चालन गरिनेछ । मानव वन्यजन्तु सहअस्तित्व कायम हुनेगरी मध्यवर्ती क्षेत्रको व्यवस्थापन गरिनेछ । जङ्गली हात्तीको आक्रमणबाट हुने जनधनको क्षति रोकथाम गर्न हात्तीको प्राकृतिक मार्गको संरक्षण तथा नियन्त्रणको लागि आधुनिक प्रविधि सहितको सोलार फेन्सिङ्ग प्रयोग गरिनेछ ।

११३. जडीबुटी उत्पादन, संकलन, प्रशोधन, प्रयोगशाला प्रमाणीकरण र बजारीकरण गरी निर्यात प्रवद्र्धनमा जोड दिइनेछ । जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको पूर्वाधार विकास र व्यवस्थापन सुधार गरी उत्पादन क्षमता बढाइनेछ । यसका लागि रु. २० करोड विनियोजन गरेको छु ।

११४. सामुदायिक वन तथा राष्ट्रिय राजमार्गको दाँया वाँयाको क्षेत्रमा फलफूल, जडिवुटी तथा उच्च मूल्यका वनस्पतिको वृक्षारोपण र संरक्षण गर्न समुदायलाई प्रोत्साहित गरिनेछ । समुदायसँगको सहकार्यमा फ्रुट फरेष्ट कार्यक्रम सञ्चालन गरिनेछ ।

११५. चुरे तथा तराई मधेशको जलचक्रलाई दिगो बनाउन जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन गरिनेछ । गल्छी तथा सिमसार क्षेत्र संरक्षण, वन क्षेत्रमा वृक्षारोपण तथा प्राकृतिक पुनस्र्थापना र पानीको सञ्चय तथा पुनर्भरणका कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि रु. १ अर्ब ६९ करोड विनियोजन गरेको छु ।

११६. वातावरण तथा जैविक विविधता संरक्षणमा नकारात्मक असर नपर्ने गरी राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र तथा वन क्षेत्रको प्रयोग र विकास आयोजना कार्यान्वयन गरिनेछ । सङ्घ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्दा जग्गा व्यवस्थापन गर्न र रूख हुर्काउन लाग्ने रकमको एक प्रतिशत मात्र वन विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

११७. वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियालाई शीघ्र, सरल र सहज बनाइनेछ । आयोजनाको क्षेत्र निर्धारण र वातावरणीय प्रतिवेदन एकैपटक स्वीकृत गर्ने व्यवस्था मिलाइनेछ । प्रतिवेदन स्वीकृत भएपछि कटान गर्नुअघि रूखको सङ्ख्या घटेमा वा १० प्रतिशतसम्म बढेमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न नपर्ने व्यवस्था गरिनेछ ।

११८. प्लास्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदूषण न्यूनीकरण गर्न ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा सम्वत् २०८२ मंसिर १ गतेदेखि लागु हुने गरी रोक लगाएको छु । हाल सञ्चालित उद्योगमा यस अनुरूपको गुणस्तर वृद्धि गर्न डाइ प्रतिस्थापनका लागि पुँजीगत अनुदान दिने व्यवस्था मिलाएको छु ।

११९. पग्लिदै गरेका हिमाल, सुक्दै गएका हिमनदी र समग्र इकोसिस्टममा परेको प्रतिकूल प्रभावलाई दृष्टिगत गरी वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ । जलवायु न्यायको सिद्धान्तअनुरूप नेपालको हित संरक्षणका लागि अन्तर्राष्ट्रिय मञ्चहरूमा पैरवी गरिनेछ । जलवायु कोषहरूमा वित्तीय पँहुच अभिवृद्धि गरिनेछ । सगरमाथा सम्वादका निष्कर्ष कार्यान्वयन गरिनेछ । विश्व समुदायसँगको सहकार्यमा जलवायु अनुकूलनका कार्यक्रमहरूलाई प्रदेश र स्थानीय तहसम्म आन्तरिकीकरण गरिनेछ ।

१२०. कार्वन व्यापारका सबै आयामलाई समेट्ने गरी नीतिगत स्पष्टता ल्याइनेछ । कार्वन उत्सर्जन न्यूनीकरणका प्रयासबाट सिर्जना हुने कार्वन क्रेडिटको यथार्थ लेखाङ्कन गरी प्रतिस्पर्धी मूल्यमा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्न आवश्यक तयारी गरिनेछ ।

१२१. ध्वनी, वायु र जल प्रदूषण नियन्त्रणका मापदण्ड लागु गरी जनस्वास्थ्य र पर्यावरण संरक्षणलाई प्राथमिकता दिइनेछ । बढ्दो वायु प्रदूषणको असरलाई कम गर्न राष्ट्रिय वायु गुणस्तर मापदण्ड अद्यावधिक गरी कार्यान्वयनमा ल्याईनेछ ।

१२२. काठमाडौँ उपत्यका लगायत देशका प्रमुख शहरहरूमा वायु प्रदूषण न्यूनीकरण गर्न कारखानाहरूमा प्रयोग भइरहेको परम्परागत बोइलरलाई विद्युतीय प्रविधिमा रूपान्तरण गर्न निजी क्षेत्रलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ ।

१२३. जैविक विविधताको संरक्षण र वन डढेलो रोकथाम तथा नियन्त्रणको लागि समुदायस्तरमा सचेतना अभियान सञ्चालन गरिनेछ । डढेलो लगाउने व्यक्तिलाई कानूनको दायरामा ल्याउन सूचना दिने र निभाउन योगदान गर्ने व्यक्ति तथा समुदायलाई पुरस्कृत गरिनेछ ।

१२४. वन तथा वातावरण मन्त्रालयको लागि रु. १८ अर्ब ६१ करोड विनियोजन गरेको छु ।

सञ्चार तथा डिजिटल पूर्वाधार

१२५. सार्वजनिक सूचनामा नागरिकको सहज पँहुच कायम गरिनेछ । प्रेस स्वतन्त्रताको सम्बद्र्धन गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरिनेछ । नागरिकको वैयक्तिक स्वतन्त्रता र गोपनीयताको हकको रक्षा गरिनेछ ।

१२६. सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा विकसित नवीनतम् प्रविधिहरूको खोज, अनुसन्धान, विकास र नवप्रवर्तनमा जोड दिइनेछ । डिजिटल नेपाल फ्रेमवर्कको दोस्रो संस्करण तर्जुमा गरिनेछ । डिजिटल साक्षरताका विशेष कार्यक्रम सञ्चालन गरिनेछ । डिजिटल पूर्वाधार निर्माण र इकोसिस्टम विकास गर्न रु. ७४ करोड विनियोजन गरेको छु ।

बाँकी क्रमशः पृष्ठ ५

Government of Madhesh Province
**Ministry of Education and Culture**
Janakpurdham, Madhesh Province, Nepal

**Call for Abstracts: National Education Conference 2082**

The Ministry of Education and Culture, Madhesh Province, Nepal, is delighted to announce the upcoming National Education Conference, to be held on 10th and 11th of Ashadh 2082 (24th and 25th of Jun, 2025) in Janakpurdham, Madhesh Province.

This pivotal event will convene stakeholders from government agencies, donor organizations, INGOs, NGOs, academic institutions, civil society, and education experts to reflect on the current state of education, share best practices, and foster collaborative strategies for educational reform and innovation-particularly within Madhesh Province.

**Themes for Abstract Submission**

We invite you to submit abstracts on the following (but not limited to) themes:

1. Innovative Approaches to Teaching and Learning
2. Education Policy and Governance
3. Inclusive and Equitable Education
4. Digital Transformation in Education
5. Community Engagement and Partnerships
6. Research and Evidence-Based Practice in Education
7. Challenges and Opportunities in Madhesh Province
8. Resource Mobilization and Sustainability in Education

**Submission Guidelines**

**Abstract Length:** Maximum 300 words
**Language:** English or Nepali
**Format:** Include Title, Author(s), Affiliation, Contact Information, and up to 5 keywords
**Submission Email:** necmadhesh@gmail.com Or kunwarvishnumr@gmail.com

**Selection Process**

All submissions will be reviewed by the Conference Scientific Committee. Selected abstracts will be invited for oral or poster presentations during the conference.

**Important Dates**

**Abstract Submission Deadline:** 21st of Jestha, 2082 (4th of Jun, 2025)
**Notification of Acceptance:** 29th of Jestha, 2082 (12th of Jun, 2025)
**Conference Dates:** 10th and 11th of Ashadh 2082 (24th and 25th of Jun, 2025)

**Contact Information**

For queries or further information, please contact:
Mr. Vishnu Kunwar
Email: kunwarvishnumr@gmail.com
Phone: 9854024540 / 9801641200

**Acting Province Secretary**

सम्पादकीय

# बजेटमा प्रदेशहरुलाई व्यवस्था

*आगामी आर्थिक वर्ष २०८२–८३ का लागि सङ्घ सरकारले प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरणमार्फत् पाँच खर्ब ८२ अर्ब ८३ रुपैयाँ पठाउने घोषणा गरेको छ । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलद्वारा सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत आगामी आर्थिक वर्षको बजेटमा राजस्व बाँडफाँड र अनुदानमार्फत् प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरणका रुपमा यो रकम जाने बताएका हुन् । वित्तीय समानीकरण अनुदानका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा प्रदेशका लागि ६० अर्ब ६६ करोड रुपैयाँ र स्थानीय तहमा ८८ अर्ब ९७ करोड रुपैयाँ व्यवथा गरिएको छ । सशर्त अनुदानतर्फ प्रदेशका लागि ३० अर्ब ३५ करोड रुपैयाँ र स्थानीय तहका लागि दुई खर्ब ११ अर्ब ४६ करोड रुपैयाँसहित दुई खर्ब ४१ अर्ब ८१ करोड रुपैयाँ विनियोजन भएको छ।*

*प्रदेश र स्थानीय तहलाई पूर्वाधार आयोजना कार्यान्वयनका लागि समपूरक अनुदान प्रदेशलाई तीन अर्ब २८ करोड रुपैयाँ र स्थानीय तहलाई १० अर्ब छ करोड रुपैयाँ विनियोजन भएको छ । विशेष अनुदानतर्फ प्रदेशका लागि तीन अर्ब २७ करोड रुपैयाँ र स्थानीय तहका लागि नौ अर्ब ७८ करोड रुपैयाँ विनियोजन भएको छ । सशर्त, विशेष र समपूरक अनुदान कार्यसम्पादनका आधारमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको छ । आगामी आर्थिक वर्षका लागि प्रदेश तथा स्थानीय तहमा राजस्व बाँडफाँडबाट एक खर्ब ६५ अर्ब रुपैयाँ हस्तान्तरण हुने अनुमान गरिएको छ।*

*आगामी आर्थिक वर्षमा सङ्घीय सरकारले प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँडबाट पाँच खर्ब ८२ अर्ब ८३ करोड रुपैयाँ बराबर पठाउने प्रक्षेपण छ । यसरी सरकारले प्रदेश र स्थानीय तहलाई बजेट व्यवस्थापनमा सन्तुलन ल्याउन खोजेको छ । बजेटले स्थानीय तह र प्रदेशलाई आफ्नो बजेट निर्माणमा पनि राहत पुग्नेछ।*

# साझा जीवन पद्धतिसँग गणतन्त्रको सम्बन्ध



पृथ्वी सुब्बा गुरुङ

२०६२–६३ को जनआन्दोलनको जगमा २०६५ जेठ १५ गते ऐतिहासिक संविधानसभाको पहिलो बैठकले अढाई शताब्दी लामो राजतन्त्रको अन्त्य गरी नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक घोषणा गरिएको थियो । आजको दिनले नेपाली जनताको भाग्य र भविष्य निर्धारण गरेको छ । नेपाली नागरिकले सामन्ती र अधिनायकवादी राजसंस्था अन्त्य गरी गणतान्त्रिक शासन, संस्कार र शैलीको अपेक्षा गरेका छन् । मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश भएसँगै जनताले राजनीतिक अधिकार मात्र प्राप्त गरेका छैनन्, मुलुकको पूर्वाधार विकास, शिक्षा, कृषि, स्वास्थ्यलगायत सामाजिक क्षेत्र, सूचना प्रविधिका क्षेत्रमा भएको अकल्पनीय परिवर्तनको अनुभूति गरिरहेका छन् । यद्यपि, यसमा अझै तीव्र फड्को मार्न सकिने सम्भावना रहँदारहँदै पनि राजनीतिक अस्थिरताका कारण अपेक्षित परिणाम प्राप्त हुन नसक्दा नागरिकमा केही असन्तुष्टी नआएको भने होइन । यसमा राजनीतिक दर र नेत्ृत्वले जनताका ती भावनालाई आत्मसाथ गरी सहकार्यको बाटोमा हिँड्नुको विकल्प छैन।

नेपालको बहुलता र विविधतालाई आत्मसात् गर्दै संविधानसभामार्फत बनेको संविधानले नेपाललाई वास्तविक बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक र बहुजातीय राज्यका रूपमा स्थापित गरेको छ । एकसय चार वर्षे जहानीया राणाशासन, तीसवर्षे पञ्चायती निरङ्कुशताको पीडा भोगेका नेपाली जनताले लामो सङ्घर्ष र त्यागबाट प्राप्त गरेको गणतन्त्रात्मक शासन प्रणालीको विकल्प खोजेका छैनन् । संविधानसभाबाट जारी नेपालको संविधानले गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षतालाई संस्थागत गरेको छ । गणतन्त्रले जनतालाई राज्यको शासन सत्तामा सर्वोपरि ठाउँमा पु¥याएको छ । त्यसैले त लोकतान्त्रिक गणतन्त्र भनेको शासन पद्धति मात्रै होइन, जीवन पद्धति पनि हो।

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि धेरै कुरामा परिवर्तनहरू भएका छन् । नागरिकलाई राजनीतिक स्वतन्त्रता प्राप्त छ र स्वतन्त्रताको उपभोग उनीहरूले गरिरहेका छन् । गणतन्त्रका डेढ दशकको अवधिमा समावेशी प्रतिनिधित्व नीति निर्माण तथा प्रशासनिक क्षेत्र उत्साहजनक रहेको छ । मुलुकमा २०४६ मा प्रजातन्त्र पुर्नस्थापना हुनुअघि ६० प्रतिशत जनता गरिबीको रेखामुनि रहेका थिए, प्रतिव्यक्ति आय डेढ सय अमेरिकी डलर पनि थिएन । विद्युत्को पहुँच जम्मा आठ प्रतिशत जनतामा मात्र रहेको थियो भने नेपालीको औसत आयु ५० वर्षभन्दा कमै थियो । त्यस्तै अन्य विकासका सूचकहरूमा पनि नेपाल निकै पछाडि रहेको थियो । प्रजातन्त्रसँगै विकासको लहर गाउँगाउँमा विस्तार भएको छ।

खासगरी २०५१ सालमा नेकपा (एमाले)का सरकारले थालनी गरेको 'आफ्नो गाउँ आफैँ बनाऔँ' नाराले गाउँगाउँसम्म सिधै राज्यको लगानी पुग्नुको साथै जनसहभागितामा विकासको थालनी हुनसक्यो । स्थानीय तहलाई विभिन्न अधिकारसहित बलियो बनाउन खोज्नु देशको समृद्धि र विकासका लागि महत्वपूर्ण कार्य भएको छ । परिमाणतः आज गरिबीको रेखामुनि २० प्रतिशतभन्दा कम जनता रहेका छन्, ९७ प्रतिशत जनतामा विद्युत्को पहुँच पुग्न सकेको छ, प्रतिव्यक्ति आय एक हजार ५५६ अमेरिकी डलर पुगेको छ । हजारौं किमी सडक निर्माण भएको छ । मध्यपहाडी लोकमार्ग, मदनभण्डारी लोकमार्ग र हुलाकी राजमार्गले पूर्व–पश्चिम जोड्नुको साथै ११ भन्दा बढी विभिन्न उत्तर दक्षिण कोरिडोरहरूले छिमेकी दुई मुलुकलाई जोड्ने काम भइरहेको छ । गाउँगाउँमा विद्यालयहरूको स्थापनासँगै १३–१४ वटा विश्वविद्यालयहरू सञ्चालनमा छन् । गाउँगाउँमा अस्पतालहरू विस्तार हुँदा स्वास्थ्य सेवाको पहुँच विस्तार भएसँगै औसत आयु बढेर ७२ वर्ष पुगेको छ । दक्षिण एशियामै नेपाल एकमात्र पूर्ण खोपयुक्त मुलुक बनेको छ । धमाधम ठूला सिंचाइ आयोजनाहरू निर्माणसँगै कृषिमा हरित क्रान्ति भई उत्पादकत्व बढ्न जाने र खाद्यान्न निर्यात गर्नसक्ने अवस्थामा हामी पुग्दैछौँ । अहिले नै ३४ सय मेगावाट विद्युत् उत्पादन भइरहेको छ र विद्युत् व्यापारबाट आर्थिक लाभ लिन थालिसकेका छौँ । आगामी १० वर्षमा २५ हजार मेगावाट विद्युत् उत्पादन भई विद्युत् निर्यातसँगै आन्तरिक खपत वृद्धि गरी आयातित इन्धनको निर्भरतालाई कम गरी ऊर्जा सुरक्षाको सुनिश्चित हुने अवस्था छ।

सूचना प्रविधिको क्षेत्रमा पनि यस अवधिमा मुलुकले ठूलो फड्को मारेको छ । टेलिफोन र इन्टरनेटको पहुँच ग्रामीण कुनाकन्दरासम्म विस्तार भइरहेको छ । 'फोर जी' सेवा करिब शतप्रतिशत भूभागमा पुगेको छ भने 'फाइभ जी' सेवा पनि मुख्य शहरहरूमा विस्तार भइरहेको छ । संविधानमै पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चित गरिएको छ भने अभिव्यक्ति स्वतन्त्रताको सूचकमा विश्वका धेरै देशको तुलनामा नेपाल निकै अगाडि छ । मानव अधिकारको प्रत्याभूतिमा नेपाललाई विश्वले उच्च सम्मानका साथ हेरेको छ । नागरिक उड्डयनका क्षेत्रमा पनि नेपालले यस अवधिमा उल्लेख्य प्रगति हासिल गरेको छ । तीनवटा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउनसक्ने अवस्थामा रहनुको साथै देशका विकट जिल्लाहरूलाई पनि हवाई सञ्जालले जोडेको छ । पहिले सिंहदरबारमा केन्द्रित रहेको नागरिक अधिकार अहिले जनताको घरदैलोमै पुगेको छ।

यति हुँदाहुँदै पनि राजनीतिक अस्थिरताले नीतिगत स्थिरता हुन नसक्दा मुलुकले जुन ढङ्गबाट फड्को मार्नु पर्ने हो, त्यसो हुन सकेको छैन । आर्थिक अनियमितता, काममा हुने ढिलासुस्तीका कारण थालनी गरिएका कतिपय आयोजनाहरू समयमा पूरा हुन सकेका छैनन् । आर्थिक विकास र समृद्धिका लागि देशमा राजनीतिक स्थायित्व आवश्यक पर्दछ । राजनीतिक स्थायित्व नभए आर्थिक विकास हुन नसक्ने र मुलुकमा सधैँ गरिबीको अवस्था रहने हुन्छ । यसले समाजवादको यात्रा तय हुन नसक्ने मात्रै होइन, जनतामा वितृष्णा उत्पन्न गर्दछ । राजनीतिक स्थायित्व बिना राष्ट्रिय स्वाभिमान र स्वतन्त्रता कमजोर हुनेछ।

निर्वाचनमा कुनै एक पार्टीले स्पष्ट बहुमत प्राप्त गरी पाँच वर्ष सरकारले काम गर्न पायो भने यी यस्ता समस्याहरू स्वतः समाधान हुन्छन् । राजनीतिक अस्थिरता हुँदा कर्मचारीतन्त्रले सहयोग नगर्ने र नीति, कार्यक्रम र योजनाले निरन्तरता नपाउँदा जनताले सुशासनको अनुभूति गर्न सकेका छैनन् । जनतामा बढ्दै गएको यो निराशालाई उछालेर यतिबेला प्रतिगामी शक्तिले मुलुकलाई पुनः एकदलीय निरङ्कुशतातिर धकेल्ने चेष्टा गरेका छन् । व्यक्तिका कमीकमजोरीलाई राज्य प्रणालीको दोष देखाउने पुस्प्रयास गरिएको छ । खासगरी आजका युवा पुस्तामा हिजोको इतिहासको बारेमा राम्रो ज्ञान नहुँदा र अहिलेका कमीकमजोरीलाई मात्र हेर्ने प्रवृत्तिलाई प्रतिगामी शक्तिले उपयोग गर्न खोजेको देखिन्छ।

तसर्थ, लोकतान्त्रिक राजनीतिक शक्तिहरूले नयाँ पुस्तालाई राजनीतितर्फ आकर्षण गराउन जरुरी छ । उनीहरूलाई विगतमा देश र जनताले कस्तो दुःख झेल्नु परेको थियो र कति लामो वलिदानपछि मात्र रैतीबाट सार्वभौम नागरिक बन्न सकिएको हो भन्ने कुराको राम्रो जानकारी दिलाउन आवश्यक छ । साथै, राजनीतिक दलका नेताहरूले पनि आफूलाई परिवर्तित सन्दर्भमा परिस्कृत गर्दै लैजानुपर्ने र एक आपसमा मिलेर सरकार सञ्चालन गर्ने संस्कारको विकास गर्नु जरुरी छ । हाम्रो भूराजनीतिक अवस्थाले पनि राजनीतिक अस्थिरतालाई बल पु¥याएको छ । विगतमा विदेशलाई रिझाएर राज्य सञ्चालन गर्ने प्रवृत्तिलाई तोडेर अब जनतालाई नै खुशी बनाएर अगाडि बढ्नुपर्छ भन्ने चेत आएको छ।

अन्त्यमा मुलुकमा गणतन्त्र प्राप्तिपछिको अवधिमा मुलुकको राजनीतिक, आर्थिक, सामाजिक तथा जनजीविकाको सवालमा गुणात्मक फड्को मारेको स्पष्ट छ । जनतामा आशाको सञ्चार हुन सकेको छ । निरपेक्ष गरिबीको रेखामुनिका उपेक्षित र सिमान्तकृत समुदायलाई सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति, आयको सुनिश्चितता नदिएसम्म भौतिक विकासले मात्रै मानिसलाई सन्तुष्टि दिन सक्दैन । गणतन्त्रको मर्म र मान्यताअनुसार आफ्नो चरित्र र प्रवृत्तिमा उल्लेखनीय सुधार नगर्ने हो भने गणतन्त्रले आम जनताको मुहारमा खुसी दिन सक्दैन । नयाँ पुस्तालाई स्वदेशभित्रै बसेर आफ्नो भाग्य, सुखद भविष्य र समृद्ध जीवनका सम्भावनाहरू गणतन्त्रले दिन सक्नुपर्छ । लोकतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन । समाजवादको विकल्प सामन्तवाद होइन । लोकतन्त्रबाट नै जनताको समृद्धि सम्भव छ भन्ने तथ्यलाई सबैले आत्मसाथ गर्न सकिएमा प्रतिगामी शक्तिले टाउको उठाउने चेष्टासम्म गर्न सक्दैनन् । स्थिर राजनीति, उत्पादनशील अर्थनीति र प्रभावशाली सामाजिक सुरक्षा र न्याय नै जनतामा आसा र उत्साह जागृत गर्न सकिन्छ । गणतन्त्रलाई साझा जीवन पद्धतिसँग गाँस्न सक्दा मात्रै यसलाई सबल र सुदृढ गर्न सकिन्छ । रासस

# गणतन्त्र दिवसः 'गण'को भलो होस्



धर्मेन्द्र झा

जेठ १५: नेपालमा गणतन्त्र स्थापना भएको १७ वर्ष पूरा भएको दिन । यसै खुसियालीमा देश आज गणतन्त्र दिवसको उत्साहमा छ । सत्र वर्षपहिले आजैको दिन अर्थात् जेठ १५ गते नेपाल औपचारिकरुपमा लोकतान्त्रिक गणतान्त्रिक देशका रुपमा स्थापित भएको हो । नेपालको संविधान २०७२ ले यस यथार्थलाई स्वीकार गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल भनेर देशकै नामाकरण गर्दै जेठ १५ को उपलब्धिलाई संस्थागत गर्ने प्रयत्न गरेको छ । विद्यमान राजनीतिक विश्लेषणका आधारमा भन्न सकिन्छ, आजको सन्दर्भमा नेपालका सामु दुईवटा चुनौती छन् । पहिलो, सङ्घीय गणतन्त्रको कार्यान्वयन र दोस्रो संविधानको कार्यान्वयन । संविधानअनुसार यी दुवै चुनौती पार लगाउने मुख्य जिम्मेवारी सङ्घीय सरकारकै हो भन्ने कुरामा शङ्का छैन । तर यो कार्य त्यति सहज छैन । खासमा सङ्घीय सरकारका सामु विगतदेखि नै केही सीमितता विद्यमान रहँदै आएका छन् र त्यसै आधारमा भन्न सकिन्छ, नेपाल र नेपालीले अपेक्षित उपलब्धि प्राप्त गर्न केही ढिलाइ भएको पक्कै पनि हो । तर यसै आधारमा गणतन्त्रविरुद्ध कसैले भाष्य निर्माण गर्न खोज्दछ भने त्यो गलत हो । रह्यो देश र जनताले प्राप्त गरेको उपलब्धिको कुरा, त्यो त उपलब्ध तथ्याङ्कको तुलनात्मक अध्ययन गरेर जो सुकैले पनि निष्कर्ष निकाल्न सक्छन्–गणतन्त्रको यो १७ वर्षमा देशमा अतुलनीय विकास भएको छ । तथ्य तथ्याङ्कले बोल्दछ– भौतिक पूर्वाधार निर्माणमा युगान्तकारी उपलब्धि प्राप्त भएका छन्।

विगतमा सम्पन्न निर्वाचनहरुले कुनै पनि राजनीतिक दललाई बहुमत प्रदान नगर्दा सङ्घमा सरकार बनाउन गठबन्धनको संस्कृति एक किसिमले अनिवार्य जस्तै हुन पुगेको छ र यसले सरकारहरु समस्याग्रस्त बन्ने र बन्न सक्ने अवस्थालाई अस्वीकार गर्न सकिने स्थिति छैन । राजनीतिको यही तरल अवस्थामा हिजो जसका विरुद्ध जनआन्दोलन भएर देशमा गणतन्त्र स्थापित भएको थियो, आज त्यही वर्ग आफूहरुलाई पनि शक्ति मानिदिन दबाब दिने नाममा सडकको साथ खोज्ने जमर्को गर्दैछ । स्पष्ट शब्दमा भन्ने हो भने, हिजोका राजतन्त्र समर्थकहरुले झस्केलाबाट राजतन्त्र स्थापनाको कुरा उठाउन थालेका छन् । उनीहरुले आजैको दिन (जुन दिन नेपालमा गणतन्त्र स्थापित भएको थियो) लाई आफ्नो अभिष्ट पूरा गर्ने दिनका रुपमा प्रयोग गर्न चाहेका छन् । देशमा कुनै पनि नाममा अशान्ति स्वीकार्य छैन, हुनुहुन्न । लोकतन्त्रमा आफ्नो विचार अभिव्यक्त गर्ने स्वतन्त्रता सबैलाई छ । तर बहुसङ्ख्यकको धारणा र विचारलाई अस्वीकार गरेर आफ्नो कुरा भन्ने नाममा कुनै अप्रिय स्थिति निम्तिन्छ भने त्यसको जिम्मेबार सम्बद्ध पक्ष नै हुनुपर्ने विश्वव्यापी मान्यता हो । यसको हेक्का सबैलाई हुनु अपरिहार्य छ । यो सबै परिदृश्यमा कुरा गर्दा भन्न सकिन्छ, सहमति र संवादको राजनीतिको फेरि पनि विकल्प छैन । वर्तमान सरकार, प्रतिपक्षलगायत देशका सबै राजनीतिक दलले यस विषयमा गम्भीर हुनु जरुरी छ । कुनै पनि समस्याको समाधानका लागि संवाद अपरिहार्य छ । संविधानको दायराभित्रै रहेर समाधान पहिल्याउनु आवश्यक छ । संविधान बाहिर रहेर खोजिने समाधान देश र जनतालाई स्वीकार्य हुन नसक्ने यथार्थबाट कोही पनि पन्छिनु उचित हुँदैन।

आपसमा सहमति खोज्दै गणतन्त्र र संविधान कार्यान्वयनको प्रक्रियालाई अगाडि बढाउने वाचा राजनीतिक दलका नेताहरुले गर्दै आएका हुन्, तर पछिल्ला दिनमा राजनीतिक दलबीचको संवाद प्रक्रिया कमजोर पो बन्न थालेको हो कि भन्ने अवस्थाको निर्माण हुन खोजेको छ । यसो हो भने यो दुःखदायी छ । संविधानमा आवश्यक संशोधन गरेर सङ्घीयता र गणतन्त्रलाई थप प्रभावकारी बनाउने भन्ने उद्देश्यले संसद्का दुई ठूला दल मिलेर वर्तमान सरकारको गठन भएको हो । यस आधारमा भन्ने हो भने वर्तमान सरकारको मूल एजेण्डा नै सङ्घीयता र गणतन्त्रलाई सशक्त बनाउने हो । आशा गरौँ, सरकारले त्यस दिशामा पक्कै पनि गृहकार्य गरिरहेको नै होला । विगतमा संविधान निर्माणका सन्दर्भमा सबैभन्दा बढी विवाद भएको र सहमति कायम हुन नसकेको एउटा महत्वपूर्ण विषय भनेको सङ्घीयताको स्वरुप र आधार पनि हो । जो प्रत्यक्षतः गणतन्त्रको कार्यान्वयनसँग सम्बन्धित थियो र छ, यसमा शङ्का छैन । प्रारम्भबाटै केहीले सङ्घीयतालाई जातीय र क्षेत्रीय आधारमा प्रदेश विभाजन गर्ने एजेण्डाका रुपमा लिए भने केही यसको विपक्षमा उभिँदै बहुजातीय पङ्तिमा उभिए । देशलाई कति प्रान्तमा विभाजन गर्ने भन्ने कुरामा केन्द्रित भएर प्रदेशको सङ्ख्या कति हुने भन्ने प्रश्नबाट सङ्घीयताको बहसको थालनी भयो । वास्तवमा यो प्रारम्भ नै गलत प्रक्रिया र दृष्टिकोणमा आधारित थियो भन्दा अस्वभाविक हुँदैन । दलहरुबीच कुनै पनि संवाद नभइकनै बहसको रुपमा देखा परेको यो विषय अहिले पनि बहसकै विषय छ, भन्दा असङ्गत ठहर्दैन । तर हाल सङ्घीय संरचनाको निर्धारणपछि निर्वाचनसमेत सम्पन्न भइसकेको र प्रदेश सरकार पनि गठन भइसकेको पृष्ठभूमिमा बहसलाई कुन दिशामा निर्देशित गर्ने भन्नेबारे पनि बहस अपेक्षित छ।

खासमा नेपालको सन्दर्भमा सङ्घीयता र गणतन्त्रलाई अलग गरेर हेर्न सकिँदैन । सङ्घीयताको कार्यान्वयनमा समस्या आउनु भनेको समग्रमा गणतन्त्रकै कार्यान्वयनमा समस्या आउनु हो भन्ने कुरा बिर्सन मिल्दैन । विगतमा सङ्घीयता निर्माणका सन्दर्भमा त्यसको सैद्धान्तिक आधारमाथि गम्भीर र अर्थपूर्ण रुपले कतै बहस हुन पाएन या भनौँ सार्थक संवाद हुन पाएन । त्यसैले यस सम्बन्धमा अहिले पनि केही असहमति र असन्तुष्टि विद्यमान छन् । अहिले पनि अबेर भइसकेको छैन, यस विषयमा संवाद अगाडि बढाइनुपर्छ । राजनीतिक दलबीच विस्तृत सहमति कायम हुन्छ भने, प्रदेश निर्माणसम्बन्धी बहसलाई सैद्धान्तिक आधारमा अगाडि बढाइनुपर्छ । केही राजनीतिक दलले अझै पनि सङ्घीयता, प्रदेश र गणतन्त्रलाई स्वीकार गरिसकेका छैनन् । उनीहरु आफ्नो शर्तमा लोकतन्त्रको व्याख्या र उपयोग गर्न चाहन्छन् । अहिले उनीहरुले खोजेको सडकको साथ पनि यसै मनोदशाको प्रकटीकरण हो । तर प्रश्न उठ्न सक्छ, सङ्घीयता, प्रदेश र गणतन्त्र अस्वीकारलाई संविधानविरुद्धको कृत्य मान्ने कि नमान्ने ? अभिव्यक्ति स्वतन्त्रताका नाममा संविधान विरोधीकार्य कसैबाट हुन्छ भने तिनै शक्तिले हिजोको राजनीतिक पृष्ठभूमिमा अडिएर जवाफ दिने हैसियत राख्नु जरुरी छ । हेक्का रहोस्, असैद्धान्तिक रुपमा हुने बहसले कुनै निष्कर्ष निकाल्न सक्दो रहेनछ भन्ने दृष्टान्त हाम्रै विगत हो।

उपयुक्त सबै विषयको छिनोफानो संवाद र सहकार्यबाट हुनसक्छ । हामी सबै सार्थक संवादका लागि आवश्यक वातावरण निर्माणमा जुट्नु जरुरी छ । संवादका लागि प्रशस्तै मञ्च (फोरम)हरु छन् । जनस्तरमासमेत छलफल र संवाद हुने अवस्था छ । विभिन्न गैरसरकारी संस्था पनि संवादका लागि उपयुक्त मञ्चका रुपमा स्थापित छन् । तर पनि राजनीतिक नेतृत्वले सहमतिमा रुचि नदेखाउँदासम्म अन्य फोरममा अर्थपूर्ण संवादहरु हुन सक्दा रहेनछन् । यस्ता प्रशस्त उदाहरण हाम्रासामु छन् । त्यसकारण संवादलाई अगाडि बढाउँदै निकासका लागि अन्तरआत्मादेखि नै सबै सरोकारवाला प्रेरित हुनु जरुरी छ । यही अन्तरमनको प्रेरणाले मात्र सबैलाई सकारात्मकतातर्फ उन्मुख हुन प्रेरित गराउन सकिन्छ । सकारात्मक सोचतर्फको यात्राले मात्र संविधान, सङ्घीयता र समग्रमा गणतन्त्रको कार्यान्वयन प्रक्रियालाई अगाडि बढाउन सक्दछ । त्यसकारण अब तर्कका तर्क गरेर, एउटाको कुरा अर्कोले काटेर समस्याको समाधान हुँदैन भन्ने यथाशीघ्र बुझ्नु युक्तिसङ्गत हुन्छ । हामी बेलैमा सचेत नभए देश फेरि द्वन्द्वको अन्त्यहीन भूमरिमा फस्न सक्ने सम्भावनालाई कुन आधारमा अस्वीकार गर्ने ? त्यसकारण सबैले आफू र आफ्नो दलको भूमिका खोजी गर्नेभन्दा पनि गणतन्त्रको कार्यान्वयनमा बिना शर्त होमिनु उचित हुन्छ । आफ्नो तत्कालिक भूमिका खोज्नेभन्दा नेपालको वास्तविक समस्याको समाधानमा योगदान दिन सकियोस् भन्नेतर्फ सबै सरोकारवालाले केन्द्रित हुनु उचित हुन्छ।

कसैलाई दोष दिएर समस्याको समाधान खोज्न सकिँदैन । गणतन्त्र कार्यान्वयनको एकलव्य लक्ष्यमा सबै केन्द्रित हुनु जरुरी छ । यस मार्गमा संविधान र सङ्घीयता कार्यान्वयन उचित र सार्थक मार्ग हुनसक्ने कुरा कसैले विर्सन मिल्दैन । हो, कार्यान्वयनका सन्दर्भमा कहीँ राजनीतिक गाँठो पर्न सक्छ, जहाँनिर गाँठो पर्छ, त्यहाँ फुकाउने संयोजकको भूमिका सरकारले निर्वाह गर्ने हो । दायित्व बोकेकाहरुले दायित्व बहन नगरेपछि सरकारले नै अग्रसर भएर संवाद प्रक्रियालाई निरन्तरता दिन आवश्यक छ । यसका लागि नागरिकस्तरबाट पनि चासो र आवश्यक दबाबको जरुरत पर्दछ । संवादहीनताको अन्त्य गर्दै मुलुकलाई अहिलेको अपेक्षित 'कोर्स' मा सफलतापूर्वक डो¥याउनु सबैको दायित्व हो । जय लोकतन्त्र । जय गणतन्त्र । रासस

# आगामी आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब ११ करोड.........



१२७. डाटा सेन्टर निर्माण, सञ्चालन र पूर्वाधार विकासमा निजी क्षेत्रसँग साझेदारी गरिनेछ । काठमाडौँमा सूचना प्रविधि पार्क स्थापना गरिनेछ । सूचना प्रविधि क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न मध्यपहाडी क्षेत्रमा डाटा सेन्टर स्थापनाको सम्भाव्यता अध्ययन गरिनेछ । डाटा सेन्टर स्थापना गर्न चाहने स्वदेशी तथा विदेशी कम्पनीलाई जग्गा, अविच्छिन्न विद्युत र सुरक्षा उपलब्ध गराइनेछ ।

१२८. एकीकृत डाटा व्यवस्थापन केन्द्रको स्तरोन्नति गरिनेछ । हेटौडा स्थित डिजास्टर रिकभरी सेन्टरको क्षमता विस्तार तथा कोहलपुरमा निर्माणाधीन डाटा सेन्टर सञ्चालनमा ल्याइनेछ ।

१२९. तथ्याङ्कको भरपर्दो सुरक्षाका लागि क्लाउड पूर्वाधारको स्तरोन्नति गरिनेछ । जियो स्टेशनरी सेटलाईट अर्विटमा नेपालको भू–उपग्रह स्थापनाको आधार तयार गरिनेछ ।

१३०. सूचना प्रविधि उद्योगका लागि इकोसिस्टम विकास गरिनेछ । सूचना प्रविधि सेवाको निर्यात प्रवद्र्धन गर्न नीतिगत व्यवस्था गरिनेछ ।

१३१. कृत्रिम बौद्धिकता र मेशिन लर्निङ्गको अनुसन्धान, प्रयोग र विस्तारका लागि निजी क्षेत्रसँगको सहकार्यमा एआई सेन्टर स्थापना गरिनेछ । कृत्रिम बौद्धिकताको व्यावसायिक प्रयोग प्रवद्र्धनका लागि सहजीकरण गरिनेछ ।

१३२. नेपालको कला, संस्कृति, सभ्यता र भौगोलिक विविधता झल्किने गरी स्वदेशी तथा विदेशी चलचित्र छायाङ्कन गर्न इनडोर तथा आउटडोर स्टुडियो निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

१३३. नेपाल दूरसञ्चार प्राधिकरणको पुनर्संरचना गरिनेछ । सूचना प्रविधिको पहुँच विस्तार गरी डिजिटल डिभाइड न्यूनीकरण गरिनेछ । ब्रोडव्याण्ड सेवाको विस्तार गरिनेछ । देशभर फोरजी सेवाको पहुँच विस्तार तथा गुणस्तर सुधार गरिनेछ । काठमाडौँ उपत्यका र ठूला शहरी क्षेत्रमा फाइभजी सेवा शुरुवात गरिनेछ । मोवाइल सेटहरूको अवैध आयात र प्रयोगमा रोक लगाउन आइएमइआई दर्ता गर्नुपर्ने व्यवस्था गरेको छु ।

१३४. सार्वजनिक निकायका सूचना प्रविधि पूर्वाधारमा एकरूपता ल्याउन हार्डवेयर र सफ्टवेयरको मापदण्ड तयार गरिनेछ । सार्वजनिक निकायहरूले स्वदेशमा विकास भएका सूचना प्रविधि सफ्टवेयर उपयोगलाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरिनेछ ।

१३५. सार्वजनिक सेवा प्रसारणको अन्तर्राष्ट्रिय पँहुच विस्तार गर्न एनटिभी वल्ड च्यानल र पिएसबी डिजिटल प्लेटफर्म सञ्चालन गरिनेछ । दूरसञ्चार तथा प्रसारण सेवामा विद्यमान ओटिटी सेवाको नियमन गर्न कानूनी व्यवस्था गरिनेछ । विज्ञापनलाई मापदण्डमा आधारित, मर्यादित र व्यवस्थित बनाइनेछ ।

१३६. सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्मको प्रयोगलाई मर्यादित र व्यवस्थित बनाइनेछ । साइवर सुरक्षा जोखिम न्यूनीकरण गर्न आवश्यक पूर्वाधार र जनशक्ति तयार गरिनेछ । साइवर सुरक्षा जोखिम आंकलन गरी त्रैमासिक रुपमा सुरक्षा एडभाइजरी जारी गरिनेछ ।

१३७. सुरक्षण मुद्रण केन्द्रको पूर्वाधार निर्माण सम्पन्न गरी मुद्रण कार्य प्रारम्भ गरिनेछ । विद्युतीय व्यापार विस्तार र लजिष्टिक सेवा सञ्चालन गर्न हुलाक सम्बद्ध निकायहरूबीच अन्तर आवद्धता कायम गरिनेछ । हुलाक कार्यालयहरुलाई क्रमशः स्मार्ट हुलाकमा विकास गरिनेछ ।

१३८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको लागि रु. ७ अर्ब ७२ करोड विनियोजन गरेको छु ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा

१३९. बेरोजगारी समस्या दिगोरूपमा समाधान गर्न श्रम बजारको मागअनुरूप युवा जनशक्तिको सीप र दक्षता विकास गरिनेछ । राष्ट्रिय रोजगार प्रवद्र्धन कार्यक्रम सञ्चालनका लागि रु. १ अर्ब ९९ करोड विनियोजन गरेको छु ।

१४०. रोजगारीको खोजीमा रहेका सीपयुक्त व्यक्तिको विवरण अद्यावधिक गरी श्रम बजारमा जोड्न रोजगार पोर्टल सञ्चालन गरिनेछ । निजी क्षेत्रका छाता संगठनहरुसँगको सहकार्यमा सबै प्रदेशमा रोजगारमेला सञ्चालन गरिनेछ ।

१४१. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन श्रम गन्तव्यको विविधीकरण गरिनेछ । श्रम कूटनीतिको माध्यमबाट थप मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गरिनेछ । वैदेशिक रोजगारीमा जाने महिलाको कार्यस्थलको सुरक्षा र सेवा सुविधा सुनिश्चत हुनेगरी गन्तव्य मुलुकहरूसँग थप सम्झौता गरिनेछ ।

१४२. श्रम स्वीकृति सरल ढंगले प्रदान गर्ने व्यवस्था मिलाइनेछ । सबै प्रदेशबाट श्रमसम्बन्धी अनलाइन सेवा प्रवाह गरिनेछ । वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिको सीप, पुँजी र प्रविधि सदुपयोग गरी स्वरोजगार प्रवद्र्धन र उत्पादन वृद्धि गर्न श्रमिकबाट उद्यमी कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गरेको छु ।

१४३. स्वदेशी उद्योगको मागको आधारमा आवश्यक जनशक्ति उत्पादन गर्न पाठ्यक्रम परिमार्जन गरी "अन द जव" तथा "एपरेन्टसिप" कार्यक्रम सञ्चालन गरिनेछ । उद्योगका लागि आवश्यक पर्ने सीपयुक्त जनशक्ति आपूर्ति गर्न विश्वविद्यालय, प्राविधिक शिक्षालय र व्यावसायिक तालिम केन्द्रसँगको समन्वयमा प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गरिनेछ ।

१४४. छ महिनाभन्दा कम अवधिको व्यावसायिक तथा सीप विकास तालिम राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र प्रदेश स्तरबाट सञ्चालन गरिनेछ । तालिमको गुणस्तर सुनिश्चित गर्न पाठ्यक्रम र प्रयोगात्मक शिक्षणको एकीकृत मापदण्ड लागु गरिनेछ ।

१४५. मर्यादित श्रम अभ्यास, असल श्रम सम्बन्ध र उत्पादकत्व अभिवृद्धि गर्दै श्रमिकको हकहितको सुरक्षा गरिनेछ ।

१४६. सबै नेपालीलाई जीवनचक्रमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गरिनेछ । नियमित आय आर्जन गर्ने व्यक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रममा समेट्दै लगिनेछ ।

१४७. छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत गरी समन्यायिक, दिगो र व्यवस्थित बनाइनेछ । सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्न राष्ट्रिय परिचयपत्रलाई क्रमशः अनिवार्य बनाइनेछ । ज्येष्ठ नागरिक, अपाङ्गता भएका र अशक्त व्यक्तिलाई घुम्ती टोली मार्फत राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ ।

१४८. सङ्घीय सरकारबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरूमा प्रदेश र स्थानीय तहबाट रकम थप गर्न र उस्तै प्रकृतिका कार्यक्रम मार्फत दोहोरो सुविधा दिन पाइनेछैन । सामाजिक सुरक्षा सुविधाको एकीकृत प्रतिवेदन प्रणाली विकास गरिनेछ । सबै प्रकारका सामाजिक सुरक्षा भत्ताका लागि रु. १ खर्ब ९ अर्ब विनियोजन गरेको छु ।

१४९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको लागि रु. ४ अर्ब २८ करोड विनियोजन गरेको छु ।

गुणस्तरीय शिक्षा र मानव पुँजी विकास

१५०. आफ्नो भविष्य आफै निर्माण गर्न सक्ने क्षमतावान, उद्यमशील र उत्पादक मानव पुँजीको विकास गरिनेछ । शिक्षा प्रणालीलाई आधुनिक र प्रविधिमैत्री बनाइनेछ ।

१५१. प्रत्येक जिल्लामा कम्तीमा एक विद्यालय पर्नेगरी १०० विद्यालयमा शैक्षिक नतिजामा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता विद्यालयले अन्य विद्यालयको नतिजा सुधारका लागि सहयोग गर्ने व्यवस्था मिलाइनेछ । यस कार्यक्रमका लागि प्रति विद्यालय रु. २५ लाख प्रदान गरिनेछ ।

१५२. शिक्षक र विद्यार्थी सङ्ख्या तथा भौगोलिक दूरी र यातायात सुविधाका आधारमा विद्यालयको पुनःनक्साङ्कन गरिनेछ । नक्साङ्कनका आधारमा विद्यालय गाभ्ने नीति लिइनेछ । गाभिएका विद्यालयहरूका लागि प्रोत्साहन अनुदानको व्यवस्था गरेको छु । शिक्षक दरबन्दीको पुनरावलोकन गरिनेछ । शिक्षकको क्षमता विकास गर्न आवधिकरूपमा तालिमको प्रबन्ध गरिनेछ ।

१५३. संस्थागत सामाजिक उत्तरदायित्वको दायरा विस्तार गरी विद्यालय शिक्षाको नतिजा र गुणस्तर सुधारमा समेत प्रयोग गर्न सक्ने नीति लिइनेछ । सामुदायिक र संस्थागत विद्यालयका सफल व्यवस्थापन अभ्यासलाई अन्य सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि सदुपयोग गरिनेछ । अंग्रेजी, विज्ञान र गणित विषयका शिक्षकहरूको अभाव हुन नदिन विश्वविद्यालयसँगको सहकार्यमा शिक्षक बैंकको स्थापना गरिनेछ । स्नातक तह उत्तीर्ण विद्यार्थीलाई स्वयंसेवक शिक्षकको भूमिकामा परिचालन गरिनेछ ।

१५४. शिक्षा क्षेत्रका सशर्त अनुदान कार्यक्रमलाई क्रमशः वित्तीय समानीकरण अनुदानमा रूपान्तरण गरिनेछ । माध्यमिक शिक्षा परीक्षाको सञ्चालन तथा व्यवस्थापन प्रदेश तहबाट गर्ने प्रबन्ध मिलाइनेछ ।

१५५. कक्षा पाँचसम्मका विद्यार्थीलाई उपलब्ध गराइने दिवाखाजा कार्यक्रमको रकम वृद्धि गरी रु.१० अर्ब १९ करोड विनियोजन गरेको छु । यसबाट २८ लाख विद्यार्थी लाभान्वित हुनेछन् । विद्यालयमा निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिई रु. १ अर्ब २९ करोड विनियोजन गरेको छु । यसबाट १३ लाख छात्रा लाभान्वित हुनेछन् ।

१५६. लक्षित समुदाय र विकट हिमाली जिल्लाका विद्यार्थीलाई प्रदान गरिदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ । मुशहर, डोम र चमार समुदायका विद्यार्थीलाई चिकित्सातर्फको उच्च शिक्षामा उत्प्रेरणा छात्रवृत्ति प्रदान गरिनेछ । छात्रवृत्तिका लागि रु.२ अर्ब ४४ करोड विनियोजन गरेको छु ।

१५७. सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक वापत सङ्घीय सरकारबाट उपलब्ध गराइँदै आएको सशर्त अनुदान वृद्धि गरेको छु । यसका लागि रु. १० अर्ब १६ करोड विनियोजन गरेको छु ।

१५८. नेपाली मौलिकतामा आधारित शिक्षण सिकाइ प्रणाली विकास गरिनेछ । विद्यालय शिक्षामा भर्चुअल शिक्षण प्रणालीलाई उपयोग गरिनेछ । शिक्षाको गुणस्तर वृद्धि गर्न डिजिटल सिकाइ पोर्टलको विकास गरिनेछ । अपाङ्गता भएका विद्यार्थीलाई आधारभूत तहको शिक्षा पूरा गर्न छात्रावासको प्रबन्ध गरिनेछ । राष्ट्रिय नियमन मापदण्ड तयार गरी निजी विद्यालयसमेतको प्रभावकारी अनुगमन गरिनेछ ।

१५९. गुरुकुल, गुम्बा, मदरशा लगायतका परम्परागत शिक्षण पद्धतिको विषयगत र शैलीगत विशिष्टता संरक्षण र प्रवद्र्धन गरिनेछ ।

१६०. राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तराई मधेशमा १ हजार ५ सय, पहाडमा १ हजार र हिमालमा ५ सयभन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयको भौतिक पूर्वाधार निर्माणको लागि पुँजीगत अनुदान उपलब्ध गराइनेछ । निर्माणाधीन नमुना विद्यालयहरूको निर्माण कार्य सम्पन्न गरिनेछ । यसका लागि रु. २ अर्ब ७२ करोड विनियोजन गरेको छु ।

१६१. उच्च शिक्षालाई अनुसन्धान लक्षित बनाइनेछ । उच्च शिक्षासम्बन्धी छाता ऐन निर्माण गरी विश्वविद्यालयहरूको सञ्चालनमा एकरूपता कायम गरिनेछ । अध्ययनका लागि मुलुक बाहिर जाने प्रवृत्तिमा कमी ल्याउन र रोजगार बजार अनुसारको जनशक्ति विकास गर्न जोड दिइनेछ । विश्वविद्यालयहरूका विभाग एवम् संकायहरूको पुनर्संरचना गरिनेछ ।

१६२. विश्वविद्यालय अनुदान आयोगको पुनर्संरचना गरी उच्च शिक्षाको सुदृढ नियमनकारी निकायमा विकास गरिनेछ । विश्वविद्यालयहरूलाई विद्यार्थी सङ्ख्या, शैक्षिक गुणस्तर र पूर्वाधारको आवश्यकताका आधारमा अनुदान उपलब्ध गराइनेछ । शैक्षिक सत्र अगावै शैक्षिक क्यालेण्डर प्रकाशित गर्ने, कार्यान्वयनको अनुगमन गर्ने र सो को पालना नगर्ने विश्वविद्यालयको अनुदान रोक्ने व्यवस्था गरिनेछ ।

१६३. मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापनको काम अगाडि बढाइनेछ । शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनमा ल्याइनेछ । विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको पूर्वाधार निर्माण गरिनेछ ।

१६४. विश्वविद्यालयहरूमा विदेशी विद्यार्थी समेत आकर्षित गर्ने नीति लिइनेछ । शैक्षिक क्यालेण्डर अवधिभरको लागि विदेशी विद्यार्थीलाई निःशुल्क भिसा उपलब्ध गराइनेछ । त्यस्ता विद्यार्थीका अभिभावकलाई बहु प्रवेश भिसाको व्यवस्था मिलाइनेछ ।

१६५. सरकारी स्वास्थ्य प्रणालीमा आवश्यक पर्ने विषय र सङ्ख्याअनुरूप जनशक्ति उत्पादन गर्न छात्रवृत्ति उपलब्ध गराइनेछ । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिसबमोजिम मेडिकल शिक्षामा प्रदान गरिदै आएको छात्रवृत्तिलाई गरिब, जेहेन्दार र अति दुर्गम क्षेत्रका विद्यार्थी लक्षित बनाइनेछ ।

१६६. बर्दीबास, बुटवल, सुर्खेत र डडेल्धुरामा निर्माणाधीन तथा प्रस्तावित मेडिकल कलेजहरूको पूर्वाधार निर्माण कार्य अघि बढाउन रु. ५६ करोड विनियोजन गरेको छु ।

१६७. चिकित्साशास्त्र, इन्जिनियरिङ, सूचना प्रविधि, नर्सिङ लगायतका प्राविधिक विषयमा जनशक्तिको अभाव हुन नदिन विद्यमान मापदण्ड पुनरावलोकन गरी अध्ययन कोटा वृद्धि गरिनेछ ।

१६८. विद्यालय शिक्षा पूरा गरेका विद्यार्थीलाई नतिजाको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा वा विश्वविद्यालय शिक्षामा आवद्ध हुन प्रोत्साहित गरिनेछ । उच्च शिक्षा अध्ययन गर्न नसकेका युवाहरूलाई सीपमूलक तालिमका माध्यमबाट उद्यमशील बनाइनेछ । आगामी वर्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट २६ हजार ९ सय युवालाई छ महिनाभन्दा बढी अवधिको तालिम प्रदान गरिनेछ ।

१६९. प्रत्येक प्रदेशमा एक–एक प्राविधिक शिक्षालय छनौट गरी नमुना शिक्षालयमा स्तरोन्नति गरिनेछ । साधारण विद्यालयका प्राविधिक धारका विद्यार्थीले सीप विकासका लागि त्यस्ता शिक्षालयको पूर्वाधार सुविधाको उपयोग गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

१७०. सेवाको प्रकृतिका आधारमा सार्वजनिक निकायमा इन्टर्नलाई परिचालन गरिनेछ । उद्यमशीलतामैत्री शिक्षालाई प्रोत्साहन गर्न हप्तामा २० घण्टा कामको न्यूनतम ज्याला सहित कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन गरिनेछ ।

१७१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको लागि रु. २ खर्ब ११ अर्ब १७ करोड विनियोजन गरेको छु ।

निरोगी नेपालः स्वस्थ नेपाली

१७२. स्वच्छ आहार, योग, ध्यान, व्यायाम र सकारात्मक सोच सहितको जीवनशैली विकास गर्न 'निरोगी नेपाल' अभियान सञ्चालन गरिनेछ । आम नागरिकलाई निःशुल्क, सर्वसुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ । विशिष्टीकृत स्वास्थ्य सेवाको दायरा विस्तार गर्न सक्षम जनशक्ति, आधुनिक उपकरण र पूर्वाधारमा लगानी वृद्धि गरिनेछ ।

१७३. स्वास्थ्य बीमा कार्यक्रमको पुनर्संरचना गरिनेछ । यस सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र दायरा विस्तार गरिनेछ । बीमितहरूको सुविधा थैली क्रमशः वृद्धि गर्दै लगिनेछ । सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई स्वास्थ्य बीमामा एकीकृत गरिनेछ । बीमितहरूलाई फरक फरक पोलिसी छनौटको सुविधा उपलब्ध गराइनेछ । बीमा सुविधाको दुरूपयोग हुन नदिन दोहोरोपना हटाइनेछ, चुहावट नियन्त्रण र संस्थागत सुशासन कायम गरिनेछ । ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, अति विपन्न तथा अल्पसंख्यक समुदायको बीमा सुविधालाई निरन्तरता दिइनेछ । स्वास्थ्य बीमा कार्यक्रमका लागि रु. १० अर्ब विनियोजन गरेको छु । साथै, हालसम्म बाँकी रहेको भुक्तानी दावी रकम तेस्रो पक्षबाट परीक्षण गराई यसै आर्थिक वर्षमा फरफारक गर्ने व्यवस्था मिलाएको छु ।

१७४. उच्च रक्तचाप, मुटु, मधुमेह, मृगौला, कलेजो र क्यान्सर लगायतका नसर्ने रोगको निदान र उपचारका लागि दक्ष चिकित्सक र आधुनिक उपकरणसहित विशिष्टीकृत सेवा विस्तार गरिनेछ । सातै प्रदेशमा मुटुरोग र क्यान्सर रोगको उपचार विस्तार गरिनेछ । फागुन महिनामा नसर्ने रोगको सघन स्क्रिनिङ्ग गर्ने व्यवस्था मिलाइनेछ ।

१७५. आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालबाट निःशुल्क उपलब्ध हुँदै आएका औषधीहरूको आपूर्ति सुनिश्चित गरिनेछ । वितरण गरिएका औषधीको अभिलेख राख्ने र वेबसाइटमा प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ । यसका लागि रु. २ अर्ब ६ करोड विनियोजन गरेको छु ।

१७६. संक्रामक रोग र महामारीबाट सिर्जना हुने स्वास्थ्य आपतकालीन अवस्थाको पूर्व तयारी एवम् प्रतिकार्यलाई प्रभावकारी बनाउन र डेङ्गी लगायत कीटजन्य रोगको नियन्त्रण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । थारू समुदायमा गम्भीर स्वास्थ्य समस्याका रूपमा रहेको सिकलसेल एनेमिया रोगको निदान तथा उपचारका लागि नवीनतम् प्रविधि अवलम्बन गरिनेछ ।

१७७. स्वदेशमै जलनको गुणस्तरीय उपचार सेवा प्रदान गर्न सबै प्रदेशका एक–एक सरकारी अस्पतालमा विशिष्टिकृत जलन उपचार विभाग सञ्चालन गरिनेछ । वीर अस्पतालमा जलनको सघन उपचारका लागि आधुनिक कक्ष विस्तार गरिनेछ ।

१७८. कीर्तिपुर जलन अस्पताल, धुलिखेल अस्पताल, काठमाडौँ इन्स्टिच्यूट अफ चाइल्ड हेल्थ, तीलगङ्गा र रणअम्बिका आँखा अस्पतालको सेवा तथा गुणस्तर वृद्धि गर्न पुँजीगत अनुदानको व्यवस्था गरेको छु ।

१७९. निर्माणाधीन आधारभूत अस्पतालको निर्माण कार्य सम्पन्न गरिनेछ । निर्माण सम्पन्न भएका अस्पतालहरूलाई स्थानीय तह र समुदायको सहकार्यमा सञ्चालन गरिनेछ । यसका लागि रु. ११ अर्ब २४ करोड विनियोजन गरेको छु ।

१८०. स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँचका लागि टेलिमेडिसिन र डिजिटल हेल्थ सेवाको विस्तार गरिनेछ । अत्याधुनिक स्वास्थ्य सेवाको लागि रोवोटिक प्रविधि तथा कृत्रिम बौद्धिकताको उपयोग गरिनेछ ।

१८१. वीर अस्पतालबाट अन्तर्राष्ट्रियस्तरको चिकित्सा शिक्षा र अत्याधुनिक स्वास्थ्य सेवा उपलब्ध गराउन पूर्वाधार निर्माण, उपकरण र जनशक्ति व्यवस्थापनका लागि बजेट व्यवस्था गरेको छु । कान्ति बाल अस्पताललाई बाल स्वास्थ्य सेवाको सेन्टर अफ एक्सिलेन्सको रुपमा विकास गरिनेछ ।

१८२. पाठेघर तथा स्तन क्यान्सर र पाठेघर खस्ने रोगको निःशुल्क परीक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । बालिका लक्षित एच.पी.भी खोप र चौध वर्ष मुनिका बालबालिकालाई निःशुल्क क्यान्सर उपचार गर्न रकम विनियोजन गरेको छु ।

१८३. गर्भवती, सुत्केरी तथा नवजात शिशुको जीवनरक्षाका लागि आमा सुरक्षा कार्यक्रम, सुनौला हजार दिन र विपन्न नागरिकका लागि सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम सञ्चालन गर्न रु. १३ अर्ब ८२ करोड विनियोजन गरेको छु । सबै प्रदेशमा अटिजम तथा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको पहिचान, उपचार तथा पुनस्र्थापनाका लागि सेवा प्रारम्भ गरिनेछ ।

१८४. मनोसामाजिक परामर्श र सचेतना कार्यक्रममार्फत मानसिक स्वास्थ्य समस्या निराकरण गरिनेछ । मानसिक अस्पताल लगनखेलको क्षमता विस्तार गरिनेछ । काठमाडौँ उपत्यका स्थित केन्द्रीय अस्पतालमा मस्तिष्क, मेरूदण्ड तथा स्नायु रोगको गुणस्तरीय उपचारका लागि राष्ट्रिय न्युरोसाईन्स केन्द्र स्थापना गरिनेछ ।

१८५. टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई सबै प्रकारका नमुना परीक्षण हुने अन्तर्राष्ट्रिय स्तरको प्रयोगशालामा स्तरोन्नति गर्न पूर्वाधार विकास, यन्त्र उपकरण र जनशक्ति व्यवस्थापन गरिनेछ । यसबाट नमुना परीक्षणका लागि विदेश पठाउनुपर्ने अवस्थाको अन्त्य हुने विश्वास लिएको छु ।

१८६. आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी, अक्युपङ्चर, आम्ची लगायतका वैकल्पिक उपचार पद्धतिलाई प्रवद्र्धन गरिनेछ । सिंहदरबार वैद्यखानाको उत्पादन क्षमता विस्तार गरिनेछ । राष्ट्रिय आयुर्वेद पञ्चकर्म योग सेवा केन्द्र सञ्चालनमा ल्याइनेछ । नागरिक आरोग्य कार्यक्रमलाई सबै स्थानीय तहमा विस्तार गरिनेछ ।

१८७. सुपथ मूल्यमा गुणस्तरीय औषधी उपलब्ध गराउन नियमन क्षमता अभिवृद्धि गरिनेछ । राष्ट्रिय औषधी प्रयोगशालाको क्षमता विस्तार गरी सबै प्रकारका औषधीको गुणस्तर जाँच गरिनेछ । अत्यावश्यक औषधीको स्वदेशमै उत्पादन बढाउन सहजीकरण गरिनेछ ।

१८८. राष्ट्रिय जनसङ्ख्या नीति कार्यान्वयन गरी विकास र समृद्धिमा जनसाङ्ख्यिक लाभको उपयोग गरिनेछ । 'विकास उकालो चढ्ने, मान्छे ओरालो झर्ने' अवस्थालाई बदल्न ग्रामीण अर्थतन्त्रमा उत्पादन र रोजगारीका अवसरहरू सिर्जना गरिनेछ । बसाइँसराइलाई व्यवस्थित गर्ने र जनसङ्ख्या वृद्धिदरलाई प्रतिस्थापन दरभन्दा कम हुन नदिने नीति लिइनेछ ।

१८९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको लागि रु. ९५ अर्ब ८१ करोड विनियोजन गरेको छु ।

युवा तथा खेलकुद

१९०. युवा जनशक्तिलाई आत्म अनुशासन र सेवाभावका साथ राष्ट्र निर्माणमा परिचालित हुन अभिप्रेरित गरिनेछ । मुलुकको आर्थिक सामाजिक विकास र सेवा प्रवाहमा युवाको योगदान वृद्धि गरिनेछ ।

१९१. राष्ट्रिय युवा परिषद्को समन्वयमा १६ वर्षमाथिका युवालाई निश्चित मापदण्डका आधारमा राष्ट्रिय स्वयंसेवक परिचयपत्र प्रदान गरिनेछ । उनीहरूलाई तालिम तथा प्रशिक्षणबाट योग्य बनाई शिक्षा, स्वास्थ्य, सामाजिक जागरण, वातावरण संरक्षण, विपद्मा उद्धार, राहत र पुनस्र्थापनाका लागि परिचालन गरिनेछ ।

१९२. शिक्षित युवालाई उद्यमशील र स्वरोजगार बनाउन शैक्षिक योग्यता, व्यवसाय दर्ता, सीप परीक्षणको प्रमाणपत्र र परियोजना प्रस्तावको आधारमा विनाधितो रु. दुई लाखदेखि बीस लाखसम्म तीन प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ ।

१९३. खेल पूर्वाधारको निर्माण र खेलाडीको व्यावसायिकता विकासको लागि लगानी बढाउदै लगिनेछ । खेलाडीमा "म जित्न सक्छु" भन्ने उच्च मनोवल विकास गर्न निरन्तर प्रशिक्षण र प्रतियोगिता सञ्चालन गरिनेछ ।

१९४. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादन र खेल प्रतियोगिता प्रवद्र्धन गर्न निजी क्षेत्रलाई खेल पूर्वाधारमा लगानी गर्न आकर्षित गरिनेछ । त्यस्ता खेल पूर्वाधारका लागि सडक, खानेपानी र विजुलीको पहुँच सुनिश्चित गरिनेछ ।

१९५. झापाको दमकमा सबै प्रकारका खेल प्रतियोगिता आयोजना गर्न सकिने अन्तर्राष्ट्रियस्तरको आधुनिक रंगशाला निर्माण गरिनेछ । खेल विधाको विविधीकरण र खेल पर्यटनको प्रवद्र्धनका लागि सोलुखुम्बु, मुस्ताङ र जुम्लामा हाइ अल्टिच्युड स्पोर्टस् स्टेडियम निर्माण गरिनेछ ।

१९६. काठमाडौँको मूलपानी क्रिकेट रंगशाला, मोरङको गिरिजाप्रसाद कोइराला रंगशाला, कैलालीको फाप्ला क्रिकेट रंगशाला र रुपन्देहीको सिद्धार्थ क्रिकेट स्टेडियम निर्माणका लागि रु. ४२ करोड विनियोजन गरेको छु । कीर्तिपुरस्थित क्रिकेट रंगशालाको स्तरोन्नतिका लागि रु. ४० करोड विनियोजन गरेको छु । त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थानबाट गरिने मूल्याङ्कनका आधारमा चितवनस्थित गौतम बुद्ध क्रिकेट रंगशालाको सिर्जित सम्पत्ति खरिद गर्न सशर्त अनुदानको व्यवस्था गरेको छु । खेल पूर्वाधार निर्माण गर्न बजेटमा उल्लेखनीय वृद्धि गरेको छु ।

१९७. सुर्खेतको वीरेन्द्रनगरमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न रु. ५४ करोड विनियोजन गरेको छु । राष्ट्रिय एण्टीडोपिङ्ग एजेन्सी सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१९८. अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक विजेता नेपाली खेलाडीलाई प्रोत्साहन गरिनेछ । यस्ता खेलाडी र उनीहरूका सन्ततिलाई शैक्षिक छात्रवृत्ति प्रदान गरिनेछ । खेलाडी र प्रशिक्षकलाई प्रदान गरिंदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिएको छु ।

१९९. खेल क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गर्न महिला लक्षित प्रशिक्षण तथा अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ । उत्कृष्ट महिला खेलाडीका लागि पुरस्कारको विशेष व्यवस्था गरिनेछ ।

२००. प्रत्येक प्रदेशमा कम्तीमा तीन विद्यालयमा स्पोर्टस एकेडेमी सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु । बालबालिका तथा युवायुवतीलाई स्काउटका माध्यमबाट कर्तव्यपरायण, अनुशासित, स्वावलम्बी, चरित्रवान तथा सुयोग्य बनाई सामाजिक सेवा र उद्धार कार्यमा परिचालन गरिनेछ ।

२०१. युवा तथा खेलकुद मन्त्रालयका लागि रु. ६ अर्ब ८ करोड विनियोजन गरेको छु ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

२०२. राष्ट्रिय जीवनका सबै क्षेत्रमा महिलाको भूमिका प्रभावकारी बनाइनेछ । लैङ्गिक विभेदको अन्त्य, नेतृत्व क्षमताको विकास र सशक्तीकरणमा जोड दिइनेछ । सार्वजनिक क्षेत्रका कार्यकारी तहमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न नीतिगत र संरचनागत सुधार गरिनेछ ।

२०३. महिला माथि हुने गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै आर्थिक, सामाजिक र सांस्कृतिकरूपमा समानताको हक सुनिश्चित गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ । महिलाको शैक्षिक तथा आर्थिक अवस्थामा सुधार गरी आत्मविश्वास र स्वाभिमान अभिवृद्धि गरिनेछ ।

२०४. गर्भवती तथा सुत्केरी महिला र बालबालिका लक्षित पोषण कार्यक्रम सञ्चालन गरिनेछ । राष्ट्रिय महिला उत्थान कार्यक्रम मार्फत ज्यान जोखिममा परेका दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाको निःशुल्क हवाई उद्धार गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छु ।

२०५. महिला लक्षित उद्यमशीलता प्रवद्र्धनको माध्यमबाट रोजगारी तथा स्वरोजगारीका अवसर वृद्धि गरिनेछ । महिलाको नाममा उद्योग, व्यवसाय वा कम्पनी दर्ता वा नवीकरण गर्दा शुल्क नलाग्ने व्यवस्था गरिनेछ । गृहिणी महिलाको श्रम र सीपलाई साना तथा घरेलु उद्यमसँग जोड्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

२०६. संविधान प्रदत्त बाल अधिकारको प्रत्याभूति र बालबालिकाको सर्वाङ्गिण विकास गर्न शिक्षा, स्वास्थ्य, पोषण, मनोरञ्जन तथा सामाजिक संरक्षणका अवसरहरू उपलब्ध गराइनेछ । बाल उद्यान निर्माण गर्न स्थानीय तहसँग साझेदारी गरिनेछ ।

२०७. सडक बालबालिकामुक्त राष्ट्रिय अभियानलाई निरन्तरता दिइनेछ । बेवारिसे, परित्यक्त र अभिभावकविहिन बालबालिकाको संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक पुनस्थापना र वैकल्पिक हेरचाहको व्यवस्था मिलाइनेछ । बाल सुधार गृहको क्षमता विस्तार गरिनेछ । कुलतमा लागेका बालबालिकालाई असल मार्गमा ल्याउन मनोसामाजिक र वृत्ति परामर्श उपलब्ध गराइनेछ । बाल हेल्पलाइन सेवालाई नागरिक एपसँग आवद्ध गरिनेछ ।

२०८. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण गर्दै लगिनेछ । ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा तथा स्वास्थ्य उपचारको प्रबन्ध मिलाइनेछ । सहयोगापेक्षी सडक मानवमुक्त अभियानमा जुटेका परोपकारी सस्थाहरूसँग सहकार्य गरिनेछ ।

२०९. अपाङ्गता भएका व्यक्तिको पहिचान र वर्गीकरणको मापदण्ड अद्यावधिक गरी परिचयपत्र वितरण प्रणालीलाई व्यवस्थित गरिनेछ । सार्वजनिक सेवालाई अपाङ्गतामैत्री बनाइनेछ । सहाराविहिन, अशक्त तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनस्थापना सेवा विस्तार गरिनेछ ।

२१०. मानव बेचविखन र ओसारपसारको जोखिम नियन्त्रण गर्न सूचना संकलन, निगरानी र जागरणका कार्यक्रम सञ्चालन गरिनेछ । एसिड आक्रमण लगायत महिला विरूद्ध हुने सबै प्रकारका हिंसा र उत्पीडनप्रति शून्य सहनशीलताको नीति लिइनेछ ।

२११. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको निर्माण कार्य सम्पन्न गरिनेछ । हिंसा पीडित महिलाका लागि मधेश, सुदूरपश्चिम र काठमाडौँ उपत्यकामा पुनस्थापना केन्द्र स्थापना गरिनेछ । यसका लागि रु. ६२ करोड विनियोजन गरेको छु ।

२१२. समतामूलक, सभ्य र सुसंस्कृत समाजको निर्माणका लागि छुवाछुत तथा भेदभाव विरूद्ध राष्ट्रिय अभियान सञ्चालन गरिनेछ । यसका लागि सामाजिक अन्तरमिलन तथा अन्तर–घुलनका विशेष कार्यक्रम सञ्चालन गरिनेछ । हरेक वर्षको जेठ २१ गते जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाइनेछ ।

२१३. बालश्रम, लैंगिक हिंसा, यौन दुव्र्यवहार, बोक्सी आरोप, छाउपडी, महिनावारी विभेद, बालविवाह लगायतका कुरीति अन्त्य गर्न पारिवारिक तथा सामाजिक जागरणका कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता अपराधमा संलग्न हुनेहरूलाई कानूनबमोजिम दण्डित गरिनेछ ।

२१४. समाज कल्याण परिषद् र राष्ट्रिय बाल अधिकार परिषद्को पुनर्संरचना गरिनेछ । गैरसरकारी संस्थाहरूलाई राष्ट्रिय प्राथमिकता र स्थानीय आवश्यकताअनुरूप परिचालन गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको अभिलेखीकरण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

२१५. लैंगिक तथा यौनिक अल्पसंख्यकलाई मर्यादित जीवनयापन गर्न सशक्तीकरण, सचेतना तथा सामाजिक अन्तर–घुलनका कार्यक्रम सञ्चालन गरिनेछ ।

२१६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका लागि रु. २ अर्ब ८ करोड विनियोजन गरेको छु ।

स्वच्छ ऊर्जा तथा सिँचाइ

२१७. मुलुकको समृद्धिमा योगदान पु¥याउन जलस्रोतको दिगो उपयोग, ऊर्जा क्षेत्रको अनुसन्धान र विकासमा जोड दिइनेछ । नदी बेसिन गुरुयोजनाअनुरूप जलस्रोतको महत्तम उपयोग, संरक्षण र नियमन गरिनेछ । भूमिगत जलस्रोतको उपयोग र व्यवस्थापनको लागि जलसतह मापन तथा डिजिटाईजेसन गरिनेछ ।

२१८. जलविद्युत उत्पादन, प्रसारण र वितरण प्रणालीलाई व्यवस्थित गरिनेछ । ऊर्जा सुरक्षाका लागि विद्युत उत्पादनलाई विविधीकरण गरिनेछ । जलाशययुक्त ठूला आयोजनाको निर्माणलाई उच्च प्राथमिकता दिइनेछ । जलविद्युत सर्भेक्षण, उत्पादन, प्रसारण र वितरणमा निजी क्षेत्रको लगानी प्रोत्साहित गरिनेछ ।

२१९. ऊर्जा मिश्रणको लागि लघु तथा साना जलविद्युत, सौर्य तथा वायु ऊर्जाको विकास गरिनेछ । औद्योगिक तथा गार्हस्थ ग्राहकको लागि ऊर्जाको माग र खपत समयको आधारमा फरक फरक महसुल निर्धारण गरिनेछ ।

२२०. विद्युत आपूर्तिको भरपर्दो व्यवस्था गरी आन्तरिक ऊर्जा खपत बढाइनेछ । आगामी दुई वर्षभित्र ग्रामीण विद्युतीकरणको बाँकी काम सम्पन्न गरिनेछ ।

२२१. ऊर्जा उत्पादन वृद्धिको आधारमा विद्युत निर्यात सुनिश्चित गर्न छिमेकी तथा अन्य सम्भाव्य मुलुकहरूसँग कूटनीतिक पहल गरिनेछ । क्षेत्रीय विद्युत बजारमा नेपालको उपस्थितिलाई सुदृढ गरिनेछ ।

२२२. विश्वविद्यालय तथा निजी क्षेत्रसँगको सहकार्यमा ग्रीन हाईड्रोजनको सम्भाव्यता अध्ययन गरिनेछ । ग्रीन हाइड्रोजन उत्पादन गर्न स्वदेशी तथा विदेशी निजी लगानी आकर्षित गरिनेछ ।

२२३. सौर्य तथा वायु ऊर्जा ब्याट्रीमा सञ्चय गरी राष्ट्रिय प्रणालीमा आवद्ध गरेमा जलाशययुक्त आयोजना सरह विद्युत खरिद सम्झौता गर्ने व्यवस्था मिलाइनेछ ।

२२४. छ सय सत्तरी मेगावाट क्षमताको जलाशययुक्त दूधकोशी जलविद्युत आयोजनाको जग्गा प्राप्तिको काम सम्पन्न गरी निर्माण कार्य शुरू गरिनेछ । अध्ययन सम्पन्न भएको तनहुँ स्थित तल्लो सेती आयोजना सरकारी लगानीमा निर्माण गरिनेछ । बुढीगण्डकी आयोजना सार्वजनिक निजी साझेदारीमा निर्माण गरिनेछ । यस आयोजनामा सरकारले गरेको लगानीलाई शेयरमा परिणत गरिनेछ । अपर अरूण, किमाथांका अरूण, नलगाड, फुकोट कर्णाली, उत्तरगंगा, तमोर, मुगु कर्णाली, सुनकोशी–३ लगायतका आयोजनाहरूका लागि लगानी ढाँचा निर्धारण गरी निर्माण कार्य आरम्भ गरिनेछ ।

२२५. तामाकोशी– ५ आयोजनाको निर्माण कार्यलाई तीव्रता दिइनेछ । आगामी आर्थिक वर्षभित्र २१० मेगावाट क्षमताको चैनपुर सेती र १०६ मेगावाटको जगदुल्ला जलविद्युत आयोजनाको निर्माण प्रारम्भ गरिनेछ । कर्णाली चिसापानी बहुउद्देश्यीय आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन सम्पन्न गरी लगानी ढाँचा यकिन गरिनेछ ।

२२६. जनताको जलविद्युत कार्यक्रम अन्तर्गत नेपाल विद्युत प्राधिकरणको व्यवस्थापन र इच्छुक नेपाली नागरिकको सहलगानीमा उच्च प्रतिफलको सम्भावना भएका आयोजनाहरू निर्माण गरिनेछ । पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको डिपिआर सम्पन्न गरी निर्माण कार्य अघि बढाउन अग्रसरता लिइनेछ ।

२२७. जलविद्युत आयोजना सम्पन्न हुने समय तालिकासँग सङ्गति मिल्ने गरी सब स्टेशन र प्रसारण लाइन निर्माण गरिनेछ । विद्युत उत्पादन

बाँकी क्रमशः पृष्ठ ६

# आगामी आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब ११ करोड.........

र खपतबीच सन्तुलन कायम हुने गरी विद्युत खरिद सम्झौता गर्ने नीति लिइनेछ । रन अफ रिभर आयोजनाको टेक एण्ड पे अवधारणा अनुरूप विद्युत खरिद सम्झौता गरिनेछ ।

२२८. राष्ट्रिय प्रसारण प्रणालीदेखि उद्योग स्थलसम्मको वितरण लाइन उद्योग आफैले निर्माण गरेमा ह्विलिङ्ग चार्ज लिन पाउने व्यवस्था गरिनेछ । सघन शहरी क्षेत्रमा विद्युत वितरण लाइन भूमिगत गर्ने कार्यलाई तीव्रता दिइनेछ ।

२२९. खिम्ती–बाह्रविसे–लप्सीफेदी, न्यु वुटवल– गोरखपुर, दोदोधारा–बरेली ४०० केभी र चिलिमे–केरुङ्ग २२० केभी क्षमताका राष्ट्रिय तथा अन्तर्देशीय प्रसारण लाइनको निर्माण कार्य अघि बढाइनेछ । इनरुवा–पूर्णिया ४०० केभी र चमेलिया–जौलजीबी २२० केभी प्रसारण लाइनको अध्ययन सम्पन्न गरी निर्माण शुरू गरिनेछ । कर्णाली प्रदेशमा नियमित विद्युत आपूर्तिका लागि कोहलपुर–सुर्खेत–जुम्ला १३२ केभी प्रसारण लाइनको निर्माण दुई वर्षभित्र सम्पन्न गरिनेछ ।ऊर्जा निर्यात सम्भाव्यताको आधारमा थप अन्तर्देशीय प्रसारण लाइन निर्माण गरिनेछ ।प्रशारण लाईन विस्तार तथा वितरण आयोजनाका लागि रु. १३ अर्ब १८ करोड विनियोजन गरेको छ ।

२३०. औद्योगिक क्षेत्र लगायत विद्युतको उच्च माग भएका स्थानमा अविच्छिन्न, पर्याप्त र भरपर्दो विद्युत सेवा उपलब्ध गराइनेछ । विद्युत माग कम हुने समयमा निश्चित युनिटभन्दा बढी खपत गर्ने उत्पादनमूलक उद्योगलाई महसुल दरमा थप छुट दिने व्यवस्था मिलाएको छ ।

२३१. परम्परागत ऊर्जा र एलपी ग्याँसलाई प्रतिस्थापन गरी स्वच्छ तथा नवीकरणीय ऊर्जाको खपत बढाउन विद्युतीय चुलो लगायतका घरायसी उपकरणहरूको उपयोगलाई प्रवद्र्धन गरिनेछ । ऊर्जाको घरायासी आवश्यकता विद्युतीय माध्यमबाट पूरा गर्न सात प्रदेशका सात शहरमा कम्प्लिट वाइरिङ्ग पाइलट प्रोजेक्ट सञ्चालन गरिनेछ ।

२३२. विद्युत आपूर्ति अवरूद्ध भएको सूचना स्वचालित रूपमा वितरण केन्द्रमा प्राप्त हुने र तत्काल मर्मत गरिने व्यवस्था मिलाइनेछ । विद्युत चुहावट न्यूनीकरण गरिनेछ ।

२३३. नेपाल सरकारको लगानीमा निर्माण हुने बहुउद्देश्यीय आयोजनाबाट उत्पादन हुने विद्युत बिक्री गरी सरकारको सञ्चितकोषमा दाखिला गर्ने व्यवस्था मिलाइनेछ । रानीजमरा–कुलरिया आयोजनाबाट उत्पादन भएको र भेरी–बबई तथा सुनकोशी–मरिन आयोजनाबाट उत्पादन हुने विद्युत बिक्री गरी प्राप्त हुने रकम नेपाल सरकारको सञ्चितकोषमा दाखिला गरिनेछ ।

२३४. वैकल्पिक ऊर्जाको उत्पादन तथा खपत वृद्धि गरी कार्बन उत्सर्जन घटाइनेछ । सौर्य, जैविक तथा वायु ऊर्जामा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ । वैकल्पिक ऊर्जातर्फ रु. २ अर्ब ३३ करोड विनियोजन गरेको छ ।

२३५. कृषियोग्य भूमिमा सिञ्चित क्षेत्र विस्तार गर्न सिँचाइ पूर्वाधारको विकास गरिनेछ । बहुउद्देश्यीय आयोजनाको हेडवक्र्स, नहर, सुरूङ, पावरहाउस र वितरण प्रणाली एकसाथ सम्पन्न हुने गरी निर्माण गरिनेछ ।

२३६. बबई, रानी जमरा कुलरिया, महाकाली, प्रगन्ना–बड्कापथ सिँचाइ आयोजनाहरू आगामी तीन वर्षभित्र सम्पन्न गरिनेछ । सिक्टा र वृहत दाङ उपत्यका सिँचाइ आयोजनाको निर्माणलाई तीव्रता दिइनेछ । यसका लागि रु. ८ अर्ब ५० करोड विनियोजन गरेको छ । भेरी–बबई डाइभर्सन आयोजनाको हेडवर्कस् र पावरहाउस निर्माण कार्य दुई वर्षभित्र सम्पन्न गर्न रु. २ अर्ब ७ करोड विनियोजन गरेको छ ।

२३७. सुनसरी–मोरङ्ग, चन्द्र नहर, कमला, नारायणी, गण्डक, राजापुर लगायतका सिँचाइ प्रणालीहरूको मर्मत–सम्भार, पुनस्र्थापना तथा व्यवस्थापन सुधारका लागि रु. १ अर्ब ८२ करोड विनियोजन गरेको छ ।

२३८. सुनकोशी–मरिन डाइभर्सन आयोजनाको निर्माण कार्यलाई तीव्रता दिइनेछ । वागमती सिँचाइ आयोजनाको स्तरोन्नति गरी सुनकोशी–मरिन पथान्तरण आयोजनाबाट थप हुने पानीको उपयोगबाट वारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लाका १ लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गरिनेछ । यसका लागि रु.२ अर्ब ७३ करोड विनियोजन गरेको छ ।

२३९. आगामी पाँच वर्षसम्ममा पहाडी र हिमाली क्षेत्रका कृषियोग्य टारहरूमा लिफ्ट सिँचाइ सुविधा विस्तार गरी ४ लाख ६८ हजार हेक्टरमा भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराइनेछ । तराइ र भित्री मधेशमा भूमिगत जल सिँचाइ सुविधा उपलब्ध गराउन निर्माणाधीन आयोजनाहरू सम्पन्न गरिनेछ । यसका लागि रु. ३ अर्ब ३१ करोड विनियोजन गरेको छ ।

२४०. नौमुरे बहुउद्देश्यीय आयोजनाका लागि लगानी सुनिश्चित गरी निर्माण कार्य प्रारम्भ गरिनेछ । कालीगण्डकी–तिनाँउ नदी पथान्तरण आयोजनाको विस्तृत अध्ययन सम्पन्न गरी निर्माणको ढाँचा यकिन गरिनेछ । तमोर–चिस्याङ्ग, सुनकोशी–तावा, त्रिशुली–लोथर, माडी–दाङ र ग्वारखोला बहुउद्देश्यीय आयोजनाको अध्ययन तथा तयारी कार्यलाई तीव्रता दिइनेछ । यसको लागि रु. ३७ करोड विनियोजन गरेको छ ।

२४१. गुणस्तरीय र भरपर्दो मौसम सूचना प्रणालीको विकास गरिनेछ । जलजन्य विपद् व्यवस्थापनका लागि उपयुक्त प्रविधिको प्रयोग र पूर्व जानकारी प्रणाली अवलम्बन गरिनेछ ।

२४२. नदी कटान, डुबान तथा पहिरोको जोखिम व्यवस्थापन गर्न महाकाली, कर्णाली, नारायणी, कोशी लगायतका ठूला नदीहरूमा नदी नियन्त्रणका कार्यक्रमहरू सञ्चालन गरिनेछ । मनसुनजन्य विपद् र भूकम्पीय प्रकोपबाट प्रभावित क्षेत्रमा सिँचाइ प्रणाली पुनःनिर्माणको कार्यलाई तीव्रता दिइनेछ । यसको लागि रु. ५ अर्ब ५९ करोड विनियोजन गरेको छ ।

२४३. आर्थिक वर्ष २०८२–८३ मा सम्पन्न हुने जलविद्युत आयोजनबाट थप ९४२ मेगावाट विद्युत उत्पादन भई कुल जडित क्षमता ४ हजार ८ सय मेगावाट पु¥याइनेछ । त्यसैगरी ७३२ किलोमिटर डवल सर्किट राष्ट्रिय प्रशारण लाइन निर्माण हुनेछ ।

२४४. आर्थिक वर्ष २०८२–८३ मा थप १४ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पु¥याइनेछ । नदी नियन्त्रणतर्फ ६३ किलोमिटर तटबन्ध निर्माण र २७० हेक्टर जग्गा नदी उकास गरिनेछ ।

२४५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको लागि रु. ८६ अर्ब १ करोड विनियोजन गरेको छ ।

दिगो, गुणस्तरीय र सुरक्षित पूर्वाधार

२४६. आधुनिक र गुणस्तरीय पूर्वाधार निर्माण गरी मुलुकको आर्थिक सामाजिक विकासलाई तीव्रता दिइनेछ । सुरक्षित र भरपर्दो आवागमनको लागि दिगो सडक सञ्जालको विस्तार गरिनेछ । द्रुतमार्ग, अन्डरपास र ओभरपास जस्ता आधुनिक पूर्वाधारहरूको निर्माणलाई तीव्रता दिइनेछ । राष्ट्रिय राजमार्गलाई आवश्यकताको आधारमा दुई लेनदेखि आठ लेनसम्मको गतियुक्त र सुरक्षित सडकमा स्तरोन्नति गर्दै लगिनेछ । सडकको नियमित मर्मत सम्भार गरी दिगोरूपमा सञ्चालन गरिनेछ ।

२४७. आर्थिक, प्राविधिक र वातावरणीय दृष्टिले उपयुक्त देखिएका स्थानमा मात्र सडकका लागि नयाँ ट्र्याक खोल्ने नीति लिइनेछ । सडक पूर्वाधार निर्माण गर्दा सुरूङ्ग प्रविधिको प्रयोग विस्तार गर्दै लगिनेछ । आगामी आर्थिक वर्षमा नागढुंगा र सिद्धबाबा सुरूङमार्गको निर्माण सम्पन्न गर्न रु. २ अर्ब ६० करोड विनियोजन गरेको छ । वन तथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा ओभरपास र अण्डरपासजस्ता वन्यजन्तुमैत्री पूर्वाधार संरचना निर्माण गरिनेछ ।

२४८. शहरी तथा संवेदनशील भू–बनोट भएका क्षेत्रमा गुणस्तरीय र दिगो सडक निर्माण गर्न सिमेन्ट, छड, गिट्टी र वालुवा प्रयोग गरी आरसिसि ढलान सहित कालोपत्रे गरिनेछ । यसबाट स्वदेशी निर्माण सामग्रीको खपत वृद्धि हुने र सडक पुर्वाधार टिकाउ हुने विश्वास गरेको छ ।

२४९. बन्द अवस्थामा रहेको काठमाडौँ–हेटौडा रोपवेको विकल्पमा नवीन प्रविधिमा आधारित पोडवेको सम्भाव्यता अध्ययन गर्न आवश्यक रकम छुट्याएको छ । पहाडी तथा हिमाली क्षेत्रमा केबुलकार सञ्चालनलाई प्रोत्साहन गरिनेछ । वीरेठाँटी–मुक्तिनाथ केबलकार निर्माण गर्न निजी क्षेत्रलाई सहजीकरण गरिनेछ ।

२५०. आगामी दुई वर्षभित्र पूर्व पश्चिम राजमार्गको काकडभिट्टा–लौकही, कमला–कञ्चनपुर, कमला–बागमती, बागमती–पथलैया, वुटवल–नारायणगढ, वुटवल–गोरुसिङ्गे खण्डको ४२२ किलोमिटर सडकलाई चार लेनमा स्तरोन्नति गरिनेछ । पूर्व पश्चिम राजमार्गको गड्डाचौकी–अत्तरिया खण्ड स्तरोन्नतिको कार्य आगामी आर्थिक वर्षमा शुरू गरिनेछ । यसका लागि रु. २१ अर्ब १९ करोड विनियोजन गरेको छ ।

२५१. आर्थिक वर्ष २०८२–८३ मा पर्यटन प्रवद्र्धन तथा आर्थिक क्रियाकलाप विस्तारका दृष्टिले उच्च सम्भावना रहेको सिद्धार्थ राजमार्गलाई डेडिकेटेड डवल लेनमा स्तरोन्नति गर्ने कार्य प्रारम्भ गरिनेछ ।

२५२. यात्राको समय, लागत, दुरी र दुर्घटना घटाउन पुष्पलाल मध्यपहाडी राजमार्गको विद्यमान रेखाङ्कन परिमार्जन गरिनेछ । यस राजमार्गलाई सुरूङ र भायाडक्ट प्रविधि सहितको डेडिकेटेड डबल लेनमा स्तरोन्नति गर्न पूर्व तयारी गरिनेछ । यसका लागि रु.३ अर्ब ९४ करोड विनियोजन गरेको छ ।

२५३. हुलाकी राजमार्गको निर्माण कार्य दुई वर्षभित्र सम्पन्न गरी तराई मधेशको आर्थिक विकास तथा अन्तर आवद्धतालाई सुदृढ गरिनेछ । यसका लागि रु. ३ अर्ब ५६ करोड विनियोजन गरेको छ ।

२५४. काठमाडौँ–तराई मधेश द्रुतमार्गको निर्माण कार्य आर्थिक वर्ष २०८३–८४ भित्र सम्पन्न गरिनेछ । आगामी वर्ष ३७ किलोमिटर सडकमा सबवेश, चार किलोमिटर सुरूङ्ग र ६० पुलको निर्माण कार्य सम्पन्न गरिनेछ । यसका लागि रू २४ अर्ब ४९ करोड विनियोजन गरेको छ ।

२५५. पृथ्वी राजमार्गको नौविसे– मुग्लिङ्ग खण्डलाई डेडिकेटेड डवल लेनमा विस्तार गर्ने कार्यलाई तीव्रता दिइनेछ । आगामी आर्थिक वर्षमा आँबुखैरेनी–पोखरा सडक खण्ड चार लेनमा स्तरोन्नति कार्य सम्पन्न गरिनेछ । यसका लागि रू. ८ अर्ब ५२ करोड विनियोजन गरेको छ ।

२५६. पूर्व पश्चिम राजमार्गदेखि तराई मधेशका जिल्ला सदरमूकाम हुँदै सीमावर्ती नाका जोड्ने रानी–इटहरी, वीरगञ्ज–पथलैया, वेलहिया–वुटवल, मोहनापुल–अत्तरिया लगायतका चार लेनका व्यापारिक मार्गको निर्माण सम्पन्न गरिनेछ ।

२५७. कर्णाली, कालीगण्डकी र कोशी कोरिडोर निर्माण तथा स्तरोन्नतिको कार्यलाई तीव्रता दिइनेछ । आगामी आर्थिक वर्षमा कर्णाली कोरिडोरको हिल्सा– सिमकोट तथा खुलालु–पिलुचौर–तुम्च खण्डको सड़क स्तरोन्नति गरिनेछ । कर्णाली कोरिडोरको लागि रु १ अर्ब २७ करोड बजेट व्यवस्था गरेको छ ।

२५८. कोशी कोरिडोरको खाँदबारी–दोभानखण्ड र कालीगण्डकी कोरिडोरको स्तरोन्नति गर्न रु. २ अर्ब ३३ करोड विनियोजन गरेको छ । अरूण कोरिडोरको चतरा–लेगुवाघाट सडक ट्र्याक खोल्न बजेटको व्यवस्था गरेको छ ।

२५९. झापाको बाहुनडाँगीदेखि डडेल्धुराको रूपालसम्मका बस्ती र बजारलाई जोड्ने मदन भण्डारी राजमार्ग निर्माणका लागि रु. २ अर्ब ५१ करोड विनियोजन गरेको छ ।

२६०. अत्तरिया–खोड्पे–दार्चुला सडक खण्डको विस्तृत अध्ययन सम्पन्न गरी डेडिकेटेड डवल लेनमा स्तरोन्नति गर्ने कार्य शुरु गरिनेछ । महाकाली करिडोर अन्तर्गत ब्रह्मदेव–झुलाघाट–तुसारपानी खण्डको स्तरोन्नति गर्न र तुसारपानी–टिंकर खण्डको ट्रयाक खोल्न आवश्यक बजेट छुट्याएको छ ।

२६१. कर्णाली राजमार्ग अन्तर्गत सुर्खेत–खुलालु–कालीकोट–जुम्ला सडक र सुर्खेत–महावुलेक–नाग्मा–गमगढी सडकलाई स्तरोन्नति गर्न बजेट व्यवस्था गरेको छ । ताल्चा–रारा सडक कालोपत्रे गरिनेछ । गल्छी–रसुवागढी सडक स्तरोन्नतिका लागि रु. २ अर्ब ५६ करोड विनियोजन गरेको छ ।

२६२. रणनीतिक तथा व्यापारिक महत्त्वका तमोर कोरिडोर, दमक–चिसापानी सडक, भेरी कोरिडोर, डुम्रे–बेशीशहर–चामे सडक, कक्रहवा–सालझण्डी–सन्धिखर्क–ढोरपाटन सडक, शहीद मार्ग, रत्न राजमार्ग, राप्ती राजमार्ग, खुटिया–दिपायल लगायतका सडकको स्तरोन्नति गर्न आवश्यक रकम विनियोजन गरेको छ । काठमाडौं चक्रपथको कलंकी–बसुन्धरा–धोवीखोला सडक खण्डको स्तरोन्नति कार्यलाई निरन्तरता दिन रु. १ अर्ब २४ करोड विनियोजन गरेको छ ।

२६३. विपदबाट क्षतिग्रस्त बी.पी. राजमार्ग, अरनिको राजमार्ग, कान्ति राजपथ, मेची राजमार्ग लगायत सडकको पुनर्निमाण गर्न आवश्यक बजेट विनियोजन गरेको छ । राष्ट्रिय राजमार्गमा पर्ने सडकपुल निर्माण गर्न रु. ३ अर्ब १८ करोड विनियोजन गरेको छ ।

२६४. निर्माणाधीन वैकल्पिक सहायक राजमार्ग र निर्वाचन क्षेत्र रणनीतिक सडक कार्यक्रम अन्तर्गतका आयोजनाहरूलाई आगामी आर्थिक वर्षभित्र सम्पन्न गरी सिर्जित दायित्व फरफारक गरिनेछ । यसका लागि रु. २१ अर्ब ८ करोड विनियोजन गरेको छ ।

२६५. भौगोलिक अवस्थिति, जनसङ्ख्या, यातायातको चाप र लेन तथा लेन्थका आधारमा सडकको वर्गीकरण गरिनेछ । सवारी साधनको मापदण्ड तर्जुमा गरी सडक दुर्घटना न्यूनीकरण गरिनेछ । प्रमुख शहरहरूमा ट्राफिक संकेत चिन्ह र सडक बत्तीको व्यवस्था गरी सवारी चाप व्यवस्थित गरिनेछ ।

२६६. सवारी प्रदुषण मापनका लागि आधुनिक प्रविधिको उपयोग गरिनेछ । काठमाडौँ उपत्यकाको यातायात व्यवस्थालाई वातावरणमैत्री बनाउन साझा यातायातलाई थप १०० विद्युतीय बस उपलब्ध गराइनेछ । सार्वजनिक यातायातको यात्रु चापलाई व्यवस्थित गर्न शहरी क्षेत्रमा मास ट्रान्सपोर्ट सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

२६७. सडक दुर्घटना न्यूनीकरणका लागि रिफ्रेस सेण्टर सञ्चालन गरिनेछ । सबै प्रकारका सवारी साधनको नियमित रूपमा फिटनेट टेष्ट हुनुपर्ने व्यवस्था मिलाइनेछ । तेस्रो पक्ष बीमालाई समय सापेक्ष बनाउँदै लगिनेछ ।

२६८. विद्युतीय सवारी साधनको प्रयोगलाई विश्वसनीय, गुणस्तरीय र दिगो बनाउन प्रोत्साहित गरिनेछ । निजी क्षेत्रलाई चार्जिङ्ग स्टेशन तथा वर्कसप निर्माण गर्न आकर्षित गरिनेछ ।

२६९. काठमाडौँ उपत्यका लगायत ठूला शहरमा स्मार्ट सार्वजनिक यातायात सञ्चालन गर्न निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ । सार्वजनिक यातायात प्राधिकरण सञ्चालनमा ल्याइनेछ । प्रदेशस्तरबाट सवारीचालक अनुमतिपत्र वितरण हुने व्यवस्था मिलाइनेछ ।

२७०. काठमाडौँ उपत्यकाको सार्वजनिक यातायातलाई आधुनिक र व्यवस्थित गर्न मेट्रोरेल, मोनोरेल जस्ता विकल्पहरूको सम्भाव्यता अध्ययन गरिनेछ ।

२७१. अन्तर्राष्ट्रिय सीमा नाकाबाट अस्थायी पैठारी हुने सवारी तथा ढुवानीका साधन र हेभी इक्युपमेण्टमा प्रचलित कानूनबमोजिम भन्सार विन्दुमा महसुल संकलन गरेपश्चात प्रदेश र स्थानीय तहले थप शुल्क वा दस्तुर लिन नपाउने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२७२. अध्ययन सम्पन्न भएका सुरुङमार्गहरू दुम्कीबास–बर्दघाट, खुर्कोट–चियाबारी, बबई–छिन्चु, मझिमटार–शक्तिखोर, हेम्जा–नयाँपुल, कुलेखानी–भिमफेदी र धरान–लेउतीको निर्माणका लागि स्रोत व्यवस्थापन र अन्य तयारी अगाडि बढाइनेछ । टोखा–छहरे, शिवपुर–भालुवाङ, रानीघाट–भुरिगाउँ, दोलालघाट–चर्नावती र हात्तिसार–बबई सुरुङमार्गको सम्भाव्यता अध्ययन सम्पन्न गरिनेछ ।

२७३. आगामी वर्ष पूर्व पश्चिम राजमार्गलाई आधार मानी स्ट्याण्डर्ड गेज मापदण्डको विद्युतीय रेलमार्ग निर्माण गर्न विस्तृत अध्ययन गरिनेछ । निर्माणाधीन वर्दिवास–निजगढ खण्डको रेलमार्गलाई पूर्व पश्चिम विद्युतीय रेलमार्गको मापदण्डअनुरूप बनाइनेछ । पूर्व पश्चिम रेलमार्ग निर्माण गर्ने प्रयोजनका लागि अधिग्रहण गर्न रोक्का राखिएको काकडभिट्टा–इटहरी खण्डको जग्गा फुकुवा गरिनेछ ।

२७४. आगामी आर्थिक वर्षमा काठमाडौँ–केरूङ्ग रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ । सीमावर्ती दक्षिण नाकाका न्यूजलपाइगुडी–काँकडभिट्टा, नौतनवा–भैरहवा र नेपालगञ्जरोड–नेपालगञ्ज जोड्ने रेलमार्ग निर्माण कार्यको तयारी शुरू गरिनेछ ।

२७५. सडक यातायात दुर्घटनाबाट हुने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न राष्ट्रिय सडक सुरक्षा मापदण्ड निर्धारण गरिनेछ । प्रमुख राजमार्गमा शीघ्र उद्धारका लागि हेलिकप्टर, विशिष्टिकृत एम्बुलेन्स, ट्रमा उपचार लगायतका आपतकालीन सेवा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

२७६. सम्भाव्यताको आधारमा अन्तर्देशीय जल यातायातको विकास, विस्तार र प्रवद्र्वन गरिनेछ । कोशी, गण्डकी लगायत नेपालका प्रमुख नदी हुँदै कलकत्ता बन्दरगाहसम्मको जल यातायात सञ्चालन गर्न आवश्यक तयारी गरिनेछ ।

२७७. आर्थिक वर्ष २०८२–८३ मा नागढुङ्गा, सिद्धबाबा र काठमाडौँ–तराई मधेश द्रुत मार्गमा पर्ने तीनवटा सुरूङ्ग मार्गको निर्माण सम्पन्न गरिनेछ । राष्ट्रिय गौरवका र प्रमुख सडक आयोजनामा थप ८५० किलोमिटर सडक कालोपत्रे र १७१ सडकपुल निर्माण सम्पन्न गरिनेछ ।

२७८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लागि रु. १ खर्ब ५२ अर्ब विनियोजन गरेको छ ।

योजनाबद्ध शहरी विकास

२७९. नागरिकको सुरक्षित आवासको संवैधानिक हकको प्रत्याभूति गरिनेछ । शहरी विकासलाई उत्पादन वृद्धि, व्यवसाय विस्तार र रोजगारीका अवसरसँग आबद्ध गरिनेछ ।

२८०. सामूहिक आवास विकासको लागि जग्गा प्राप्ति र वित्तीय पँहुच उपलब्ध गराइनेछ । निजी क्षेत्रबाट निर्माण तथा सञ्चालन हुने सामुदायिक तथा संयुक्त आवास विकासका लागि नीतिगत सहजीकरण गरिनेछ । सम्भाव्यताको आधारमा जग्गा एकीकरण र सुपथ मूल्यका आवास विकास गरिनेछ ।

२८१. स्मार्ट सिटी र इको भिलेजअनुरूपका पूर्वाधार निर्माण गर्न अध्ययन गरिनेछ । जोखिमयुक्त र छरिएका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी सुविधायुक्त एकीकृत बस्तीमा विकास गरिनेछ । बस्तीको मौलिक स्वरूप र स्थानीय वास्तुकलाको प्रवद्र्धन गरिनेछ । देशभरका ५० वस्तीहरूको संरक्षण र पूर्वाधार सुधारका लागि बजेटको व्यवस्था गरेको छ ।

२८२. निजी क्षेत्रसँगको साझेदारीमा व्यवस्थित शहर विकास गरिनेछ । काठमाडौँ उपत्यकाको ईशान, आग्नेय, तारकेश्वर र डुकुछापमा जग्गा विकास आयोजना सञ्चालन गरिनेछ ।

२८३. काठमाडौँ उपत्यका लगायत प्रमुख शहरहरूको सौन्दर्य तथा आधारभूत सेवाको गुणस्तर वृद्धि गर्न युटिलिटी कोरिडोरको अवधारणा कार्यान्वयन गरिनेछ ।

२८४. काठमाडौंको शंखरापुरमा जहरसिंह पौवा स्टेडियम र गणेशमान सिंह पार्क तथा बुढानिलकण्ठ–गोकर्णेश्वरमा मदन भण्डारी बहुउद्देश्यीय पार्कको निर्माण कार्य शुरू गरिनेछ । तनहुँको चुदी रम्घामा भानु साहित्य उद्यान निर्माण गरिनेछ । काठमाडौँको भृकुटीमण्डपमा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल निर्माण गरिनेछ ।

२८५. नवलपरासी पूर्वको जिल्ला सदरमुकाममा पूर्वाधार निर्माण कार्यलाई तीव्रता दिन रु. ८० करोड विनियोजन गरेको छ । स्थानीय तहका निर्माणाधीन १२९ प्रशासकीय भवन सम्पन्न गर्न रु. एक अर्ब विनियोजन गरेको छ ।

२८६. आगामी वर्ष सङ्घीय संसद र सर्वोच्च अदालतको भवन निर्माण सम्पन्न गरिनेछ । पुरातात्त्विक महत्त्वका शितल निवास, हरिहरभवन, श्रीमहल र ग्यालरी बैठकको पुनर्निर्माण गरिनेछ ।

२८७. स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा आधुनिक प्रविधियुक्त फोहोर प्रशोधन केन्द्र स्थापना गरी ऊर्जा, मल, ब्रिकेट लगायतका सामग्री उत्पादन गरिनेछ ।

२८८. बागमती लगायत काठमाडौँ उपत्यकाका नदीहरूलाई स्वच्छ बनाउन आवश्यक पूर्वाधार निर्माण गरिनेछ । काठमाडौँ उपत्यका भित्रका कोरिडोर सडक विस्तार गर्दै लगिनेछ । यसका लागि रु. ३ अर्ब ४२ करोड विनियोजन गरेको छ ।

२८९. मध्य पहाडी पुष्पलाल राजमार्गका प्रमुख दश स्थानमा नयाँ शहर निर्माण कार्य अघि बढाउन रु. १ अर्ब ७० करोड विनियोजन गरेको छ । देशभरका विभिन्न शहरी पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि सघन शहरी विकास कार्यक्रम अन्तर्गत रु. ५ अर्ब ३६ करोड विनियोजन गरेको छ । साथै स्थानीय पुल तथा झोलुङ्गे पुल निर्माणका लागि रु. ८ अर्ब ९० करोड विनियोजन गरेको छ ।

२९०. नगर विकास कोषको पूनर्संरचना गरी लगानी क्षमता अभिवृद्धि गरिनेछ । तराई मधेश समृद्धि तथा स्थानीय पूर्वाधार सहयोग कार्यक्रमलाई निरन्तरता दिन रु. १ अर्ब २ करोड विनियोजन गरेको छ ।

२९१. जनता आवास कार्यक्रम अन्तर्गत एक हजार घर निर्माण र सुरक्षित नागरिक आवास अन्तर्गत ५ हजार घरको फुसको छानो विस्थापन गर्न रु. ७५ करोड विनियोजन गरेको छ ।

२९२. आर्थिक वर्ष २०८२–८३ मा ७२७ किलोमिटर शहरी तथा ग्रामीण सडक कालोपत्रे तथा स्तरोन्नति, ४६ स्थानीय सडकपुल र २०० झोलुङ्गेपुल निर्माण सम्पन्न हुनेछ ।

२९३. शहरी विकास मन्त्रालयको लागि रु. १ खर्ब १८ अर्ब ३४ करोड विनियोजन गरेको छ ।

खानेपानी तथा सरसफाइ

२९४. सबै नेपालीका लागि स्वच्छ एवम् गुणस्तरीय खानेपानी उपलब्ध गराइनेछ । समुदायसँगको साझेदारीमा खानेपानी आपूर्तिको दिगो व्यवस्थापन गरिनेछ ।

२९५. काठमाडौँ उपत्यकाको खानेपानी आपूर्ति प्रणालीलाई एकीकृत र व्यवस्थित गरिनेछ । यसका लागि काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय र मेलम्ची खानेपानी विकास समितिलाई एकीकृत गरिनेछ ।

२९६. जलवायु परिवर्तनको असर, बढ्दो शहरीकरण र भूमिगत पानीको अत्यधिक दोहनबाट खानेपानीका परम्परागत मुहान सुकिरहेको सन्दर्भमा जलाशययुक्त खानेपानी आयोजना, भूमिगत पानीको स्रोतको पुनर्भरण र खानेपानी मुहानको पुनरोत्थान लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

२९७. सङ्घ, प्रदेश, स्थानीय तह र समुदायको सहकार्यमा प्रशोधित खानेपानी उपलब्ध गराउन सात प्रदेशका सात शहरमा नमुना आयोजना सञ्चालन गरिनेछ । कारागारमा रहेका कैदीबन्दीहरूलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छ ।

२९८. मेलम्ची खानेपानी आयोजनाको हेडवक्र्स विपद् जोखिमको दृष्टिकोणले सुरक्षित स्थानमा पुनर्निर्माण गरिनेछ । सुन्दरीजलमा दैनिक थप २५ करोड ५० लाख लिटर क्षमताको पानी प्रशोधन केन्द्रको निर्माण गरिनेछ । काठमाडौँ उपत्यकामा खानेपानी वितरण प्रणाली विस्तार गरिनेछ । यसका लागि रु. ६ अर्ब ३७ करोड विनियोजन गरेको छ ।

२९९. आगामी आर्थिक वर्षमा तराई मधेशका २८० अधुरा खानेपानी आयोजनाको निर्माण कार्य सम्पन्न गरी स्थानीय तहमा हस्तान्तरण गरिनेछ । एक घर एक धारा कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहसँग सहकार्य गरिनेछ । विपदबाट क्षतिग्रस्त खानेपानी आयोजनाहरूको मर्मत तथा पुनस्थापना गरिनेछ । यसका लागि रु. ४१ करोड विनियोजन गरेको छ ।

३००. जलवायु अनुकूलित खानेपानी आयोजना अन्तर्गत १८४ आयोजना निर्माण गर्न रु. ३ अर्ब ८५ करोड विनियोजन गरेको छ । सुर्खेतको भेरी पम्पिङ्ग खानेपानी आयोजनाको निर्माण कार्य आगामी २ वर्षभित्र सम्पन्न गर्न रु. १ अर्ब ३२ करोड विनियोजन गरेको छ । लिफ्ट प्रविधिबाट खानेपानी सेवा उपलब्ध गराउँदा लाग्ने विद्युत महसुलमा ५० प्रतिशत छुट दिने व्यवस्था गरेको छ । प्रमुख शहरहरूमा ढल निर्माण तथा प्रशोधन कार्यक्रम सञ्चालन गर्न रु. १ अर्ब ९ करोड विनियोजन गरेको छ ।

३०१. आर्थिक वर्ष २०८२–८३ मा ठूला खानेपानी आयोजना सम्पन्न भई ३७ प्रतिशत जनसङ्ख्यालाई सुरक्षित खानेपानी सेवा उपलब्ध हुनेछ । यसबाट ९८ प्रतिशत जनसङ्ख्यामा आधारभूत खानेपानी सेवाको पहुँच पुग्नेछ ।

३०२. खानेपानी मन्त्रालयको लागि रु. ३३ अर्ब ८९ करोड विनियोजन गरेको छ ।

विपद् पछिको पुनर्निर्माण

३०३. विपद्को पूर्वसूचना प्रणाली विकास गरी क्षति न्यूनीकरण गरिनेछ । विपद् व्यवस्थापन तथा प्रतिकार्यमा संलग्न हुने जनशक्तिको क्षमता विकास र सुरक्षित प्रविधिको अवलम्बनमा जोड दिइनेछ ।

३०४. भू–कम्प र मनसुनजन्य विपद्बाट क्षति भएका निजी आवास, विद्यालय, सार्वजनिक पूर्वाधार, पुरातात्त्विक एवम् सांस्कृतिक सम्पदाको पुनर्निर्माण गरिनेछ । यसका लागि रु. १८ अर्ब ५० करोड विनियोजन गरेको छ ।

आर्थिक योजना तथा तथ्याङ्क

३०५. नेपालको संविधानले व्यवस्था गरेको अधिकारसूची, कार्य विस्तृतीकरण प्रतिवेदन र आयोजना मापदण्डअनुरूप सङ्घ, प्रदेश र स्थानीय तहबीच आयोजनाको दोहोरोपना हुन नदिन एकीकृत राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा ल्याइनेछ । प्राकृतिक स्रोतको संरक्षण र दिगो उपयोगका लागि तहगत सरकारकाबीच समन्वय र सहकार्य गरिनेछ । आयोजना बैंक, मध्यमकालीन खर्च संरचना र मन्त्रालयगत बजेट सूचना प्रणालीबीच अन्तर–आवद्धता कायम गरिनेछ ।

३०६. राष्ट्रिय आर्थिक गणना, २०८२ सम्पन्न गरिनेछ । राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गरिनेछ । सङ्घ, प्रदेश र स्थानीय तहको तथ्याङ्कीय प्रोफाइल तयार गरिनेछ । विग डाटा प्रशोधन क्षमता विकास गरिनेछ । खुला तथ्याङ्कको अवधारणालाई क्रमशः कार्यान्वयन गरिनेछ ।

राष्ट्रिय सुरक्षा तथा शान्ति सुव्यवस्था

३०७. नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता, स्वाधीनता र स्वाभिमानको रक्षा गरिनेछ । सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाइनेछ ।

३०८. सुरक्षा निकायहरूलाई सबल, सक्षम र व्यावसायिक बनाउन स्रोत साधन सम्पन्न बनाइनेछ । सुरक्षा निकायका लागि आवश्यक पर्ने सैन्य सामग्री, हातहतियार तथा सुरक्षा उपकरणको व्यवस्था गरिनेछ । नेपाली सेनाको क्षमता अभिवृद्धि गरी राष्ट्रिय सुरक्षा, विकास निर्माण र विपद् व्यवस्थापनमा परिचालन गरिनेछ । बङ्करदेखि व्यारेक कार्यक्रमलाई निरन्तरता दिएको छ ।

३०९. मुलुकमा शान्ति सुव्यवस्था र अमनचयन कायम गर्न स्थानीय प्रशासनलाई सुदृढ बनाइनेछ । नेपाल प्रहरीलाई शान्ति सुरक्षा र अपराध नियन्त्रण गर्न सक्षम तुल्याइनेछ । सशस्त्र प्रहरी बल, नेपाललाई सीमा सुरक्षा, विपद् व्यवस्थापन र शान्ति सुरक्षामा परिचालन गरिनेछ । राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान क्षमता विकास गरिनेछ ।

३१०. अध्यागमन प्रणालीको स्तरोन्नति गरी अनलाइन पेमेन्ट सिस्टम र अनलाइन भिसाको सुविधा उपलब्ध गराइनेछ । स्टार्ट अप व्यवसायमा काम गर्ने विशेषज्ञ तथा लगानीकर्तालाई निःशुल्क आवासीय भिसा र नेपालमा बसेर विदेशी कम्पनीको लागि रिमोर्ट वर्क गर्ने व्यक्तिलाई डिजिटल नोम्याड भिसा उपलब्ध गराइनेछ ।

३११. राष्ट्रिय सेवा दलको दायरा विस्तार र प्रभावकारिता अभिवृद्धि गरिनेछ । युवा तथा बालबालिकालाई लागु औषध तथा दूव्र्यसनको कुलतबाट जोगाउन समुदायसँगको सहकार्यमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

३१२. कारागारलाई सुधार गृहमा रुपान्तरण गर्न भौतिक पूर्वाधार विकास, सीपमूलक तालिम, उद्यमको लागि सहयोगी वातावरण र मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ । खुला कारागारको अवधारणा कार्यान्वयन गर्दै लगिनेछ । निर्माणाधीन कारागारहरूको भौतिक पूर्वाधार विकास गरी सञ्चालनमा ल्याइनेछ ।

परराष्ट्र सम्बन्ध

३१३. सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध विकसित गरिनेछ । छिमेकी मित्र राष्ट्रहरूसँग आपसी हित र विश्वासको आधारमा द्विपक्षीय सम्बन्ध सुदृढ बनाइनेछ ।

३१४. सवल आर्थिक कूटनीतिका माध्यमबाट वैदेशिक सहायता तथा लगानी, निर्यात र पर्यटन प्रवद्र्धन गरिनेछ । सि–वेड माइनिङ्गमा नेपालको अधिकार स्थापित गरी लाभान्वित हुन अग्रसरता लिइनेछ ।

३१५. विदेशमा रहेका नेपाली नागरिकको हित संरक्षणका लागि प्रभावकारी कूटनीतिक पहल गरिनेछ । गैरआवासीय नेपालीको ज्ञान, सीप, पुँजी, प्रविधि, सञ्जाल र पँहुचलाई राष्ट्रिय विकासमा उपयोग गरिनेछ । विदेशमा संकटमा परेका नेपालीलाई यथाशीघ्र उद्धारको प्रवन्ध मिलाइनेछ ।

कानूनी राज्य तथा मानवअधिकार

३१६. राजनीतिक सहमतिको आधारमा संविधान संशोधन गरिनेछ । संविधान प्रतिको जनताको स्वामित्व र अपनत्व वृद्धि गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ तुल्याइनेछ । विधिको शासन, मानव अधिकार, सुदृढ न्याय प्रशासन, लोकतान्त्रिक मूल्य र प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिनेछ ।

३१७. शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम सम्पन्न गरिनेछ । सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगलाई क्रियाशील बनाइनेछ । घाइते अपाङ्ग तथा अशक्तहरूको सरकारी अस्पतालहरूमा निःशुल्क उपचार गर्ने व्यवस्था मिलाइनेछ । सशस्त्र द्वन्द्वका घटनाहरूको छानबिन, राहत र परिपूरणका लागि कोष स्थापना गर्न रु. १ अर्ब विनियोजन गरेको छ ।

३१८. न्याय प्रणालीलाई सरल, सहज, पहुँचयोग्य, छरितो र प्रभावकारी बनाउन सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ । न्यायमा सबैको समान पहुँच स्थापित गर्न लक्षित वर्ग केन्द्रित निःशुल्क कानूनी सहायता कार्यक्रम सञ्चालन गरिनेछ । सरकारवादी मुद्दामा वहस पैरवीको गुणस्तर तथा क्षमता अभिवृद्धि गर्न विद्युतीय न्यायाधिवक्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

सम्पत्ति शुद्धीकरण निवारण

३१९. मुलुकलाई सम्पत्ति शुद्धीकरणको सघन निगरानी सूचीबाट निर्धारित समय अगावै बाहिर निकाल्न र भविष्यमा यस्तो अवस्था आउन नदिन सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन गरिनेछ ।

३२०. राष्ट्रिय जोखिम मूल्याङ्कन शीघ्र सम्पन्न गरी गम्भीर प्रकृतिका आर्थिक अपराधको अनुसन्धान तथा अभियोजनलाई तीव्रता दिइनेछ । सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको सुदृढीकरणका लागि नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी नियमन प्राधिकरण लगायतका नियामक निकायको निगरानी, अनुसन्धान र कारवाहीलाई सबल बनाइनेछ ।

वित्तीय क्षेत्र सुदृढीकरण

३२१. वित्तीय क्षेत्रका नियामक निकायहरूको क्षमता विकास गरिनेछ । पुँजी प्रवाह र कर्जाको पहुँचमा सहजता ल्याउन आवश्यक प्रबन्ध मिलाइनेछ । वित्तीय क्षेत्र जोखिम व्यवस्थापनलाई सुदृढ बनाउँदै संस्थागत सुशासन कायम गरिनेछ । वित्तीय क्षेत्रमा विकसित भएका जोखिम न्यूनीकरणसम्बन्धी नयाँ नयाँ उपकरणको परिचालन गर्न आवश्यक नीतिगत र कानूनी व्यवस्था गरिनेछ ।

३२२. नेपाल राष्ट्र बैंक र नेपाल बीमा प्राधिकरणसम्बन्धी कानूनमा सामयिक सुधार गरिनेछ । पुँजीबजारमा नागरिकको लगानी र हित संरक्षण गर्न धितोपत्र बोर्डको संस्थागत क्षमता सुदृढ गरिनेछ । नेपाल स्टक एक्सचेन्जको पूनर्संरचना गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

३२३. दोस्रो वित्तीय क्षेत्र सुधार रणनीति कार्यान्वयन गरिनेछ । बैङ्क तथा वित्तीय संस्थाको खराब कर्जा तथा गैर बैंकिङ्ग सम्पत्ति व्यवस्थापनको लागि एसेट मेनेजमेण्ट कम्पनी स्थापना गरिनेछ ।

३२४. समग्र मागमा कमी आई व्यवसाय सङ्कुचन भएको कारणले समस्यामा परेका उद्योगी व्यवसायीहरूको कर्जाको पुनर्तालिकीकरण, थप कार्यशील पुँजी प्रवाह र ब्याज जरिवानामा सहुलियत प्रदान गरी व्यावसायिक पुनरूत्थान गर्न सहजीकरण गरिनेछ ।

३२५. सम्बन्धित व्यक्तिले वर्षमा एकपटक एक ठाँउमा केवाइसी विवरण भर्ने र उक्त विवरणलाई राष्ट्रिय परिचयपत्रमा आवद्ध गर्ने व्यवस्था मिलाइनेछ । केवाइसी विवरण आवश्यक पर्ने निकायले विद्युतीय माध्यमबाट प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ ।

३२६. अर्थतन्त्रलाई गतिशील तुल्याउन निजी क्षेत्रमा प्रवाह हुने कर्जा विस्तार गरिनेछ । विद्यमान क्षेत्रगत जोखिम व्यवस्थामा पुनरावलोकन गरी कार्यशील पुँजीका लागि कर्जा प्रवाहमा सहजीकरण गरिनेछ ।

३२७. आर्थिक वर्ष २०८२–८३ भित्र नियो बैंक स्थापना गरिनेछ । दुर्गम क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको पहुँच विस्तार गरी ग्रामीण अर्थतन्त्रको विकास गरिनेछ । डिजिटल, मोवाइल तथा शाखारहित बैंकिङ्ग सेवा विस्तार गरिनेछ ।

३२८. प्राकृतिक प्रकोप, विपद् र दुर्घटनाबाट हुने क्षतिबाट सुरक्षा गर्न सम्पत्ति बीमाको दायरा विस्तार गरिनेछ । बीमा कम्पनीहरूलाई ग्रामीण स्तरसम्म पहुँच विस्तार गर्न निर्देशित गरिनेछ । साइवर सुरक्षा बीमा सेवा सञ्चालन गरिनेछ । निक्षेप तथा कर्जा सुरक्षण कोषको सम्भावित जोखिम व्यवस्थापनको लागि पुनर्बीमाको व्यवस्था मिलाइनेछ ।

३२९. ग्रीन ट्याक्सोनोमीको अवधारणाअनुरूप हरित तथा दिगो विकास वण्डको माध्यमबाट निजी पुँजी परिचालन गर्न

बाँकी क्रमशः पृष्ठ ७

# आगामी आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब ११ करोड.........



आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था मिलाइनेछ । लोकल करेन्सी लिंक्ड वण्ड जारी गरी अन्तर्राष्ट्रिय बजारबाट पुँजी भित्र्याइनेछ ।

३३०. धितोपत्र बजारमा सूचीकृत लगानी कम्पनी र अन्य संस्थागत लगानीकर्तालाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको स्वःपुँजी, ऋणपत्र र अन्य धितोपत्रमा लगानी गर्न सहजीकरण गरिनेछ । कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न सक्ने गरी कानूनी व्यवस्था गरिनेछ ।

३३१. सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार शुरू गरिनेछ । गैर आवासीय नेपालीलाई दोस्रो बजारमा कारोवार गर्न अनुमति दिने व्यवस्था मिलाइनेछ ।

३३२. लक्षित क्षेत्रमा उत्पादन, रोजगारी तथा स्वरोजगारका अवसर वृद्धि गर्न सहुलियतपूर्ण कर्जामा ब्याज अनुदानसम्बन्धी एकीकृत व्यवस्था कार्यान्वयन गरिनेछ ।

३३३. लघुवित्त संस्थाहरूको संस्थागत तथा आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गरिनेछ । समस्यामा परेका लघुवित्त ऋणीहरूको पुनरोत्थानका लागि सहुलियतपूर्ण ब्याजदरमा कर्जा उपलब्ध गराउन सहजीकरण गरिनेछ ।

३३४. विदेशी विनिमय जोखिम व्यवस्थापन गरी वैदेशिक लगानी आकर्षित गर्न हेजिङ्ग सेवा सञ्चालन गर्न अनुमति दिने व्यवस्था मिलाइनेछ ।

३३५. उधारो कारोवारसम्बन्धी कानून तर्जुमा गरिनेछ । दामासाही ऐनमा सामयिक संशोधन गरिनेछ । बैंकिङ्ग प्रणालीबाट विप्रेषण आय भित्र्याउन र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ । सार्वजनिक निकायबाट हुने सबै भुक्तानीलाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ ।

३३६. क्रिप्टो जस्ता अभौतिक मुद्रा, अवैध विदेशी मुद्रा लगायतका कसुरजन्य सम्पत्ति जफत गरी सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था मिलाइनेछ । कसुरजन्य सम्पत्तिको रोक्का, नियन्त्रण र जफतसम्बन्धी कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

सार्वजनिक संस्थान व्यवस्थापन

३३७. व्यवस्थापन स्वायत्तता, प्रविधि हस्तान्तरण तथा नवप्रवर्तनको माध्यमबाट सार्वजनिक संस्थानहरूको प्रतिस्पर्धात्मक क्षमता विकास गरिनेछ । संस्थानहरूको व्यवस्थापन सुधार गर्न पुनर्संरचना, कम्पनीमा रूपान्तरण, रणनीतिक साझेदारी, विनिवेश लगायतका उपयुक्त विधि अवलम्बन गरिनेछ । सार्वजनिक संस्थानको सरकारी लगानी व्यवस्थापन गर्दा जमिनको स्वामित्व नेपाल सरकारमा नै कायम राख्ने नीति लिइनेछ ।

३३८. नेपाल सरकारको स्वामित्वमा रहेका बन्द तथा रुग्ण उद्योगहरूलाई उपयुक्तताको आधारमा नवीन प्रविधिको प्रयोग गरी सञ्चालन तथा व्यवस्थापन गरिनेछ । सार्वजनिक निजी साझेदारीमा धौवादी फलाम कम्पनी सञ्चालन गरिनेछ ।

३३९. जनकपुर चुरोट कारखाना, गोरखकाली रबर उद्योग, वुटवल धागो कारखाना, नेपाल मेटल कम्पनी, नेपाल ओरिण्ड एण्ड म्याग्नेसाइट, हेटौडा र उदयपुर सिमेन्ट उद्योग लगायतका सार्वजनिक प्रतिष्ठानको विद्यमान अवस्था र व्यावसायिक सम्भाव्यताको अध्ययन गरी सरकारी लगानी व्यवस्थापन गरिनेछ ।

३४०. नेपाल सरकारको वहुमत शेयर कायम रहने गरी नेपाल दूरसञ्चार कम्पनीको ३० प्रतिशत शेयर आम नागरिकमा विनिवेश गरिनेछ । यस कम्पनीको संस्थागत सवलीकरणको लागि रणनीतिक साझेदारीको नीति लिइनेछ ।

३४१. नेपाल विद्युत प्राधिकरणको नियामकीय क्षमता अभिवृद्धि गरिनेछ । विद्युत उत्पादन, प्रसारण र वितरणको भूमिकालाई अलग अलग गर्न सुदृढ संस्थागत व्यवस्था गरिनेछ ।

३४२. नेपाल वायुसेवा निगमको क्षमता विस्तार, गुणस्तर सुधार र व्यावसायिकता विकास गर्न सार्वजनिक कम्पनीमा रूपान्तरण, व्यवस्थापन करार र सक्षम अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीसँग रणनीतिक साझेदारी गरिनेछ । नेपाल दुग्ध विकास संस्थानको पूनर्संरचना गरिनेछ । राष्ट्रिय बीमा कम्पनी र राष्ट्रिय जीवन बीमा कम्पनीको संस्थागत सुधार गरिनेछ ।

३४३. सञ्चालन खर्च धान्न नसकेका, अवकाश कोषको व्यवस्था नगरेका र अघिल्लो आर्थिक वर्ष सम्मको लेखापरिक्षण नगराएका सार्वजनिक संस्थानका पदाधिकारी तथा कर्मचारीहरुलाई संस्थानको खर्चमा वैदेशिक भ्रमणमा जान र आर्थिक दायित्व बढ्ने गरी सेवा सुविधा बढाउन रोक लगाएको छु ।

शासकीय सुधार र भ्रष्टाचार नियन्त्रण

३४४. नेपालको संविधानमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीअनुरूप कार्य विस्तृतीकरण प्रतिवेदन पुनरावलोकन गरिनेछ । तीन तहका कानूनहरूबीच कार्यक्षेत्रगत तादात्म्यता र एकरूपता कायम गर्न मौजुदा कानूनहरूमा सुधार गरिनेछ । उच्चस्तरीय शासकीय सुधार आयोगको मार्गदर्शनमा नीतिगत, कानूनी तथा संस्थागत सुधार गरिनेछ ।

३४५. सङ्घीय निजामती सेवा विधेयक संसदको चालु अधिवेशनबाट पारित गरिनेछ । यसबाट राष्ट्रसेवकहरूको सेवा शर्तमा एकरूपता र वृत्ति विकासमा सुनिश्चितता कायम हुने विश्वास लिएको छु ।

३४६. सार्वजनिक सेवाको प्रभावकारिता बढाउन र विकासलाई नतिजामूखी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सेन्टर अफ एक्सीलेन्सको रूपमा विकास गरिने छ ।

३४७. सार्वजनिक सेवामा विद्यमान सूचना प्रविधि प्रणालीबीच अन्तरआवद्धता कायम गरिनेछ । नागरिक एपको क्षमता विस्तार गरिनेछ । सार्वजनिक सेवालाई नागरिक एपमा आवद्ध गरी सरल, सहज र मितव्ययी बनाइनेछ । सबै सरकारी निकायका विद्युतीय सूचनालाई एकीकृत गरी सुरक्षित भण्डारणको व्यवस्था मिलाइनेछ ।

३४८. सार्वजनिक सेवा प्रवाहलाई सरल, पहुँचयोग्य र गुणस्तरीय बनाउन सूचना प्रविधिको उच्चतम् उपयोग गरिनेछ । बैंक, बीमा, दूरसञ्चार, धितोपत्र लगायत सबै प्रकारका सार्वजनिक तथा वित्तीय कारोबारमा राष्ट्रिय परिचयपत्रको प्रयोग गरिनेछ । राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणालीको सेवा प्रयोग गर्दा शुल्क नलाग्ने व्यवस्था गरिनेछ । विद्युतीय माध्यमबाट नागरिकता वितरण गर्ने प्रबन्धलाई प्रभावकारी बनाइनेछ ।

३४९. राष्ट्रसेवकहरूको सेवा सुविधा समय सापेक्ष बनाउनुपर्ने आवश्यकताबोध भएतापनि स्रोत व्यवस्थापनमा परेको दबाबले गर्दा अपेक्षाअनुरूप तलब वृद्धि गर्न सम्भव भएन । तथापी, सबै राष्ट्रसेवकहरूका लागि सम्वत् २०८२ साउन १ गतेदेखि लागु हुनेगरी महङ्गी भत्ता वृद्धि गरी मासिक रु. ५ हजार पु¥याएको छु ।

३५०. कर्मचारी सञ्चयकोष लगायत अवकाश कोषहरूको अग्रसरता र निजी क्षेत्रको सहभागितमा सुलभ आवास कार्यक्रम सञ्चालन गरिनेछ । यस अन्तर्गत सातै प्रदेशका प्रमुख शहरी केन्द्रहरुमा एक लाख भवन तथा अपार्टमेन्ट निर्माण गरी निजामती, सुरक्षाकर्मी र शिक्षक कर्मचारीलाई सहुलियतपूर्ण ब्याजदर र किस्ताबन्दीमा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

३५१. निजामती अस्पतालको स्तरोन्नति गरिनेछ । कर्मचारी सञ्चयकोषबाट हाल सञ्चयकर्ताका पति पत्नीका लागि उपलब्ध स्वास्थ्य उपचार सुविधा परिवारका अन्य सदस्यमा समेत विस्तार गरिनेछ ।

३५२. स्वीकृत दरबन्दी भित्र करार सेवामा रहेका कर्मचारी र अस्थायी तथा राहत शिक्षकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिनेछ । यसका लागि रोजगारदाता र योगदानकर्ताबाट दश–दश प्रतिशत योगदान सहितको छुट्टै प्याकेज बनाई कार्यान्वयन गरिनेछ ।

३५३. सबै संवैधानिक निकायहरूलाई आवश्यक स्रोत, साधन र जनशक्तिको व्यवस्था गरिनेछ । सार्वजनिक निकायको कार्यसम्पादनमा पारदर्शिता, उत्तरदायित्व र सदाचार कायम गरिनेछ । सार्वजनिक निकायमा पेशागत आचरण र अनुशासनसम्बन्धी आचार संहिता तयार गरी लागु गरिनेछ । सेवा प्रदायक सार्वजनिक निकायमा निरन्तर निगरानी र अनुगमन गरिनेछ । भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता अपनाइनेछ । स्वार्थको द्वन्द्वसम्बन्धी कानून तर्जुमा गरिनेछ । भ्रष्टाचार विरूद्धको दोस्रो राष्ट्रिय रणनीति र कार्य योजना कार्यान्वयन गरिनेछ ।

३५४. मतदाता परिचयपत्रलाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गरी निर्वाचनको विश्वसनीयता अभिवृद्धि गरिनेछ । यसको शुरूवात काठमाडौँ उपत्यकाबाट गरिनेछ ।

वैदेशिक सहायता परिचालन

३५५. वैदेशिक सहायता नीति, २०८२ अनुरूप राष्ट्रिय आवश्यकता र प्राथमिकताका उच्च प्रतिफलयुक्त आयोजनामा सहायता परिचालन गरिनेछ । आयोजनाको छनौट र कार्यान्वयनमा देशको नेतृत्व र अपनत्व स्थापित गरिनेछ । वैदेशिक सहायताको उपयोग क्षमता बढाइनेछ ।

३५६. प्रोजेक्ट रेडिनेश फिल्टरअनुरूप तयारी पूरा भएका आयोजना तथा कार्यक्रममा सहायता प्राप्त गरिनेछ । निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्न कार्यान्वयन ढाँचा तय गरिनेछ ।

३५७. वैदेशिक सहायताबाट सञ्चालन हुने आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना मानी वन क्षेत्र प्रयोगको स्वीकृति दिनुपर्ने व्यवस्था मिलाइनेछ । यसबाट आयोजना कार्यान्वयनमा तीब्रता आउने अपेक्षा गरेको छु ।

३५८. दुधकोशी, माथिल्लो अरुण लगायत उच्च लागतका पूर्वाधार आयोजनाका लागि आर्थिक सम्भाव्यताको आधारमा एकभन्दा बढी दातृ निकायको सहलगानीमा सहायता परिचालन गरिनेछ ।

सार्वजनिक वित्त तथा आयोजना व्यवस्थापन

३५९. विनियोजन कुशलता कायम गरी सार्वजनिक वित्तको प्रभावकारिता वृद्धि गरिनेछ । बजेट अनुशासनबाट सार्वजनिक खर्चको उपलब्धि बढाइनेछ । सङ्घीय सञ्चित कोषलाई सन्तुलनमा राख्न नगद प्रवाह व्यवस्थापनलाई सुदृढ बनाइनेछ । सार्वजनिक ऋणको उत्पादनशील उपयोग र दिगोपना सुनिश्चित गरिनेछ । राष्ट्रिय वित्त व्यवस्थापन सुधार रणनीति कार्यान्वयन गरिनेछ ।

३६०. विकास वित्तको आवश्यकता पूरा गर्न अन्तर्राष्ट्रिय जगतका नवीन र सफल अभ्यास अवलम्बन गर्नु अपरिहार्य भएको छ । यसका लागि कानूनी आधार तयार गर्न सङ्घीय संसदमा वैकल्पिक विकास वित्त विधेयक प्रस्तुत भइसकेको छ । उक्त विधेयक चालु अधिवेशनबाट पारित हुने विश्वास लिएको छु । यसबाट जलविद्युत, सौर्य ऊर्जा, प्रशारण लाइन, सडक, सुरुङ्गमार्ग, विमानस्थल, शहरी पूर्वाधार, पर्यटन र औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण र सञ्चालनमा स्वदेशी तथा विदेशी निजी लगानी आकर्षित हुने, दीर्घकालीन पुँजी निर्माण हुने र आयोजनाको निर्माण तथा व्यवस्थापनमा गुणात्मक परिवर्तन हुने विश्वास गरेको छु । आगामी आर्थिक वर्षमा वैकल्पिक विकास वित्तमार्फत पूर्वाधार आयोजनाहरूको निर्माण कार्य प्रारम्भ गरिनेछ ।

३६१. राष्ट्रिय गौरवका आयोजनाहरूको छनौटका लागि स्पष्ट मापदण्ड निर्धारण गरिनेछ । विद्यमान राष्ट्रिय गौरवका आयोजनाहरूको पुनरावलोकन गरिनेछ ।

३६२. विकास आयोजनाको सङ्ख्या गत वर्षभन्दा ४ हजार ६ सय ५४ ले घटाई आयोजना व्यवस्थापनलाई छरितो बनाएको छु । सङ्घीय सरकारले कार्यान्वयन गर्ने पूर्वाधारका नयाँ आयोजनामा रु. ३ करोड भन्दा कम विनियोजन नगर्ने मापदण्ड कार्यान्वयन गरेको छु । यसबाट राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकताका आयोजनामा स्रोत व्यवस्थापन गर्न सहयोग पुग्ने र आयोजना कार्यान्वयन प्रभावकारी हुने अपेक्षा गरेको छु । बजेट कार्यान्वयन क्षमतामा सुधार गरी पुँजीगत खर्च बढाउन विषयगत मन्त्रालयलाई थप जिम्मेवार बनाइनेछ ।

३६३. जग्गा प्राप्ति, वनक्षेत्रको स्वीकृति लगायत तयारी पूरा भएका आयोजनालाई खरिद प्रक्रियामा लैजाने व्यवस्था गरिनेछ । आयोजनाको कार्यान्वयनमा तीब्रता ल्याउन ठेक्का सम्झौता गर्दा तीन सिफ्टमा काम हुने व्यवस्था गरिनेछ ।

३६४. पूर्वाधार आयोजना निर्धारित समय, प्रक्षेपित लागत र गुणस्तरमा सम्पन्न गर्न सार्वजनिक खरिद कानूनमा संशोधन गरिनेछ । विद्युतीय खरिद प्रणालीको स्तरोन्नति गरिनेछ । सार्वजनिक खरिदसम्बन्धी नमुना बोलपत्र कागजात निर्माण, परिमार्जन र नेपालीकरण गरिनेछ । नतिजाप्रति आयोजना प्रमुख र निर्माण व्यवसायीलाई थप जवाफदेही बनाइनेछ । आयोजनासँग सम्बन्धित सबै काम एउटै ठेक्का प्याकेजमा समावेश गर्नुपर्ने व्यवस्था गरिनेछ । ठेक्का सम्झौता कार्यान्वयनमा सिर्जना हुने विवादको समाधानका लागि मध्यस्थता प्रक्रियालाई कानूनसम्मत, पारदर्शी र जिम्मेवार बनाइनेछ ।

३६५. प्रदेश र स्थानीय तहले सन्तुलित बजेट तर्जुमा गर्नुपर्ने र मध्यमकालीन खर्च संरचनाको सीमा भित्र रही वहुवर्षीय दायित्व व्यवस्थापन गर्नुपर्ने व्यवस्था गरेको छु ।

३६६. बजेटमा समावेश भएका कार्यक्रम तथा आयोजनाका लागि खरिदका तयारी कार्य आजैका मितिदेखि नै शुरु गर्न सकिने र बजेट स्वीकृत भए पश्चात चालु आर्थिक वर्षभित्र सम्झौता गर्न सकिने व्यवस्था मिलाएको छु ।

३६७. आगामी आर्थिक वर्षदेखि राष्ट्रिय गौरव र उच्च प्राथमकिताका आयोजनामा विनियोजित रकम विशेष अवस्थामा बाहेक अन्य आयोजना तथा कार्यक्रममा रकमान्तर गर्न नपाइने व्यवस्था मिलाएको छु । रु. २५ करोडभन्दा बढी लागतका आयोजनाको लक्ष्य प्रगति, गुणस्तर र समयसीमाको राष्ट्रिय ड्यासबोर्ड प्रणाली विकास गरी अनुगमन गरिनेछ ।

३६८. आयोजना कार्यान्वयन गर्दा समयमै निर्णय नगरेका कारणले लागत बढ्न गएमा सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाइनेछ । कार्य प्रगति ८० प्रतिशत भन्दा बढी भएका आयोजनाहरू सम्पन्न गर्न स्रोतको अभाव हुन दिइने छैन ।

३६९. क्रमागत आयोजना सम्पन्न गरी विकास नतिजा हासिल गर्न जोड दिइनेछ । स्रोत सुनिश्चित भएका वहुवर्षीय आयोजना र सिर्जित दायित्वको भुक्तानीको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३७०. त्रुटिपूर्ण डिजाइन र स्पेसिफिकेशन तयार गरी अस्वभाविक दायित्व सिर्जना गर्ने व्यक्तिलाई जवाफदेही बनाई कानूनको दायरामा ल्याइनेछ । पहाडी तथा हिमाली क्षेत्रमा राष्ट्रिय राजमार्ग बाहेकका प्रादेशिक तथा स्थानीय सडक इन्टरमिडियट लेनमा निर्माण गरिनेछ ।

मितव्ययिता

३७१. संविधानले निर्दिष्ट गरे बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा बजेट अनुशासन सुदृढ गर्न कानून निर्माण गरिनेछ । तीनै तहमा लागु हुने गरी सार्वजनिक खर्च मापदण्ड तर्जुमा गरिनेछ ।

३७२. सरकारी कोषबाट प्रदान गरिने अनुदान लक्षित वर्गमा पु¥याउन र दोहोरोपना हटाउन तीनै तहमा लागु हुने गरी उत्पादन प्रोत्साहनमा आधारित राष्ट्रिय अनुदान नीति निर्माण गरिनेछ । अनुदानको अधिकतम सीमा लागतको ५० प्रतिशतसम्म कायम गरिनेछ ।

३७३. सङ्घ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारी अनुरूप संगठन तथा व्यवस्थापन सर्वेक्षणको राष्ट्रिय मापदण्ड तर्जुमा गरी विद्यमान संरचना तथा दरबन्दी पुनरावलोकन गरिनेछ । छरितो र कामकाजी संरचना तथा कर्मचारी व्यवस्थापन गरी चालु खर्चमा उल्लेखनीय कटौती गरिनेछ ।

३७४. राज्यकोषबाट सुविधा प्राप्त गर्ने प्रतिष्ठान, बोर्ड, समिति तथा सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीको तलब तथा सेवा सुविधा पुनरावलोकन गरी एकरूपता ल्याइनेछ । यसका लागि तीन महिनाभित्र सुझाव सहितको प्रतिवेदन पेश गर्न सिफारिश समिति गठन गरिनेछ ।

३७५. उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन समेतलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षदेखि ७० वर्ष पूरा भएका नागरिकले ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था मिलाएको छु । हाल प्राप्त गरिरहेका, दुर्गम क्षेत्र र लक्षित वर्गका ज्येष्ठ नागरिकका लागि भत्ता पाउने उमेर यथावत् राखेको छु ।

३७६. देशभरका सबै प्रतिष्ठानको सञ्चालन तथा व्यवस्थापनमा एकरूपता कायम गर्न छाता कानून निर्माण गरिनेछ । प्रतिष्ठान तथा विकास समितिहरूले सङ्घीय सरकारबाट उपलब्ध हुने चालु र पुँजीगत अनुदानको सीमाभित्र रही सञ्चालन र दायित्व व्यवस्थापन गर्नुपर्ने व्यवस्था गरेको छु ।

३७७. उच्चस्तरीय कूटनीतिक भ्रमण तथा नेपाल सदस्य रहेको अन्तर्राष्ट्रिय संस्थामा अनिवार्य प्रतिनिधित्व गर्नुपर्ने अवस्थामा बाहेक नेपाल सरकारको स्रोतमा वैदेशिक भ्रमण गरिने छैन ।

३७८. नियमित संरचनाबाट सम्पन्न गर्न नसकिने भनी जिम्मेवार अधिकारीले निर्णय गरेको अवस्थामा बाहेक परामर्श सेवा लिन नपाउने व्यवस्था गरेको छु । ठूला र जटिल प्रकृतिका आयोजनामा वाहेक सुपरिवेक्षण परामर्शदाताको सेवा लिइने छैन । ऐन, नियम, नीति, कार्यविधि, मापदण्ड लगायतका दस्तावेजहरूको मस्यौदा तयार गर्न परामर्श सेवा लिन नपाइने व्यवस्था गरेको छु ।

३७९. निर्माण कार्यमा कन्टिन्जेन्सी रकमको सीमा घटाई रु. १ अर्बसम्म लागत अनुमान भएका आयोजनामा ३ प्रतिशतसम्म र सो भन्दा बढीका आयोजनामा २ प्रतिशतसम्म हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३८०. आगामी आर्थिक वर्षका लागि कुल खर्च रु. १९ खर्ब ६४ अर्ब ११ करोड विनियोजन गरेको छु । कुल विनियोजनमध्ये चालुतर्फ रु. ११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६०.१ प्रतिशत, पुँजीगततर्फ रु. ४ खर्ब ७ अर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु. ३ खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९.१ प्रतिशत रहेको छ । यो अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ५.६ प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा १८.२ प्रतिशतले बढी रहेको छ । कुल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु. ४ खर्ब १७ अर्ब ८३ करोड विनियोजन गरेको छु ।

३८१. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये राजस्वबाट रु. १३ खर्ब १५ अर्ब र वैदेशिक अनुदानबाट रु. ५३ अर्ब ४५ करोड व्यहोर्दा रु. ५ खर्ब ९५ अर्ब ६६ करोड न्यून हुनेछ । सो न्यून पूर्ति गर्न वैदेशिक ऋणबाट रु. २ खर्ब ३३ अर्ब ६६ करोड जुटाइनेछ । राजस्व परिचालन र वैदेशिक सहायता परिचालन गर्दा नपुग हुने खुद रु. ३ खर्ब ६२ अर्ब आन्तरिक ऋणबाट व्यहोरिनेछ ।

सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय

अब म आर्थिक वर्ष २०८२–८३ को राजस्व नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३८२. राजस्व प्रणालीलाई लगानीमैत्री तथा उत्पादनमुखी बनाउन र निरन्तर बढिरहेको सार्वजनिक खर्चका लागि स्रोत व्यवस्थापन गर्न आवश्यक छ । कर प्रणालीलाई अन्तराष्ट्रिय मापदण्ड र अभ्यास अनुकूल बनाउँदै बाह्य पुँजी र प्रविधि आकर्षित गर्न जरूरी छ । कर परिपालनमा सुधार र राजस्व चुहावट नियन्त्रण गर्दै राजस्व संकलनलाई प्रभावकारी बनाउन आवश्यक छ । तसर्थ, राजस्व प्रणालीको उत्पादकत्व वृद्धि गर्न आगामी आर्थिक वर्षका लागि देहाय बमोजिमको उद्देश्य तय गरेको छु ।

(क) आर्थिक क्रियाकलापलाई प्रोत्साहित गर्दै करको दायरा फराकिलो बनाउने,

(ख) कर कानूनमा सामयिक सुधार र सरलीकरण गरी स्वेच्छिक कर सहभागिता बढाउने,

(ग) करदातामैत्री, पारदर्शी र स्वचालित राजस्व प्रणालीको विकास गर्ने,

(घ) राजस्व प्रशासनको दक्षता अभिवृद्धि गरी राजस्व चुहावट नियन्त्रण गर्ने,

(ङ) गैर कर राजस्वलाई प्राकृतिक स्रोत साधनको दिगो उपयोग र लागत प्रभावी हुनेगरी परिचालन गर्ने ।

अब म आर्थिक वर्ष २०८२–८३ को राजस्वसँग सम्बन्धित कार्यक्रम प्रस्तुत गर्दछु ।

कर कानूनमा समयानुकूल सुधार

३८३. अन्तराष्ट्रियस्तरमा कर प्रणालीमा आएका परिवर्तन र नवीन व्यावसायिक ढाँचालाई सम्बोधन गर्ने गरी मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्क सम्बन्धी कानूनको पुनरावलोकन गरिनेछ ।

३८४. मूल्य अभिवृद्धि करमा बहुदर लागु गर्न प्राप्त सुझावलाई समेत मध्यनजर गर्दै यसको सान्दर्भिकता र व्यवहारिक प्रयोगका सम्बन्धमा अध्ययन गरिनेछ ।

३८५. विषयगत कानूनहरू संशोधन गरी गैरकर राजस्वका दरहरू सामयिक बनाईनेछ ।

औद्योगिक संरक्षण तथा लगानी प्रवद्र्धन

३८६. सूचना प्रविधिमा आधारित उद्योग र होटल तथा रिसोर्टलाई विशेष उद्योग सरह आयकर र विद्युत महसुल छुट दिने व्यवस्था मिलाएको छु ।

३८७. सूचना प्रविधि सेवा निर्यातबाट प्राप्त हुने आयमा लाग्ने करमा ७५ प्रतिशत छुट हुने व्यवस्था मिलाएको छु । नेपालमा बसी विदेशमा सूचना प्रविधि सेवा निर्यात गर्ने व्यक्तिको आम्दानीमा ५ प्रतिशत मात्र आयकर लाग्ने र यो कर अन्तिम हुने व्यवस्था मिलाएको छु ।

३८८. दश करोडसम्मको वार्षिक कारोबार गर्ने स्टार्टअप व्यवसायलाई ५ वर्षसम्म आयकर नलाग्ने व्यवस्था मिलाएको छु ।

३८९. काठ तथा काठजन्य सामग्रीको गुणस्तरीय उत्पादन तथा उपभोग बढाउन काठ सिजनिङ्ग गर्ने उद्योगलाई आवश्यक पर्ने मिल मेशिनरी पैठारी गर्दा १ प्रतिशत मात्र भन्सार महशुल लगाई अन्य कर तथा महसुल खारेज गरेको छु ।

३९०. प्राङ्गारिक र प्राकृतिक मल उत्पादनका लागि मिल मेशिनरी तथा उपकरण पैठारी गर्दा भन्सार महशुल हटाई अन्य कर तथा महसुल खारेज गरेको छु ।

३९१. फुटबल, क्रिकेट तथा बहुउद्देश्यीय रङ्गशालाको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने यन्त्र, उपकरण तथा खेल सामग्रीको पैठारीमा १ प्रतिशत भन्सार महशुल लगाई अन्य कर तथा महशुल खारेज गरेको छु ।

३९२. ग्रीन हाइड्रोजन उत्पादन गर्ने उद्योगको लागि पैठारी हुने मेशिनरी उपकरणमा सबै किसिमका कर महसुल नलाग्ने व्यवस्था गरेको छु । ग्रीन हाइड्रोजन उत्पादकलाई ५ वर्ष सम्म आयकर छुट दिने व्यवस्था मिलाएको छु ।

३९३. सौर्य तथा वायु ऊर्जाबाट विद्युत सञ्चय गर्न आवश्यक पर्ने व्याट्री तथा अन्य यन्त्र उपकरणको पैठारीमा १ प्रतिशत भन्सार महसुल लिई अन्य कर महसुल नलाग्ने व्यवस्था गरेको छु ।

३९४. विद्युतीय सवारी साधनको चार्जिङ्ग मेशिन उत्पादन तथा एसेम्बलिङ्ग गर्ने उद्योग स्थापनाका लागि आवश्यक पर्ने उपकरण पैठारीमा १ प्रतिशत भन्सार महसुल लिई अन्य कर महसुल नलाग्ने व्यवस्था गरेको छु । साथै, यस्ता उद्योगलाई ५ वर्षसम्म आयकर छुट दिने व्यवस्था मिलाएको छु ।

३९५. बीस वर्ष भन्दा पुराना वा सञ्चालनमा आउन नसक्ने सार्वजनिक तथा निजी सवारी साधनहरूको लगत कट्टा गर्ने प्रयोजनका लागि अन्तिम २ वर्षको आयकर बुझाएमा बाँकी आयकर छुट दिने व्यवस्था मिलाएको छु ।

३९६. सडक, सिँचाइ र जलविद्युत आयोजनामा सुरूङ प्रविधिको प्रयोग प्रवद्र्धन गर्न निजी क्षेत्रले टनेल बोरिङ्ग मेशिन पैठारी गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी कर तथा महसुल छुट दिने व्यवस्था गरेको छु ।

३९७. ढुवानी सेवा प्रदायक व्यवसायीले प्राकृतिक व्यक्तिको ढुवानीका साधन भाडा वापत अग्रिम कर कट्टी गरी भुक्तानी गरेकोमा सो भाडा बापतको रकम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने व्यवस्था गरेको छु ।

३९८. साविकमा आन्तरिक राजस्व विभागबाट स्वीकृति प्राप्त अवकाश कोषहरू कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष वा निवृत्तभरण कोषद्वारा सञ्चालित अवकाश कोषमा अनिवार्य रूपमा आवद्ध हुनु पर्ने व्यवस्था गरेको छु ।

३९९. मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको विवरण बुझाउन वा कर दाखिल गर्न नसकेका व्यक्तिलाई विवरण र कर बुझाएमा ब्याज, थप दस्तुर, विलम्ब शुल्क र जरिवानामा सहुलियत दिएको छु ।

४००. अन्तर्राष्ट्रिय हवाई सेवा प्रदायक कम्पनी र सोका हवाई टिकटको कारोवार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता भई बुझाउन बाँकी कर रकम बुझाएमा ब्याज, थप दस्तुर र जरिवाना मिन्हा हुने व्यवस्था मिलाएको छु ।

४०१. आय विवरण पेश नगरेका करदातालाई कार्यालयबाट गरिएको संशोधित कर निर्धारणबाट सिर्जित बक्यौता फरफारक गर्ने मौका दिएको छु ।

४०२. डिजिटल भुक्तानीलाई प्रोत्साहित गर्न समाशोधनगृहको सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज गरेको छु ।

४०३. खाद्यान्न, गेडागुडी, फलफुल लगायत वनस्पतिजन्य, पशुजन्य तथा दूधजन्य पदार्थमा भन्सार विन्दुमा लाग्दै आएको अग्रिम आयकर खारेज गरेको छु ।

४०४. श्रवण शक्ति कमजोर भएका व्यक्तिका लागि आवश्यक पर्ने श्रवणयन्त्रमा लाग्ने मूल्य अभिवृद्धि कर खारेज गरेको छु ।

४०५. हवाई वा स्थलमार्गबाट नेपाल प्रवेश गर्ने यात्रुले नेपालमा विनिमय हुने ५ हजार अमेरिकी डलर बराबरको विदेशी मुद्रा वा ट्राभलर्स चेक साथमा ल्याउन पाउने र सो भन्दा बढी भन्सार विन्दुमा घोषणा गरी ल्याउन सक्ने व्यवस्थालाई सहजीकरण गरिनेछ ।

४०६. राजस्व छुट सुविधामा पैठारी गर्न पाउने बिरामी बोक्ने एम्बुलेन्समा विद्यमान रू. १६ लाखको मूल्य सीमा हटाएको छु ।

४०७. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गरी वातावरण प्रदुषण न्यूनीकरण गर्न र विद्युतको आन्तरिक खपत बढाउन त्यस्ता सवारी साधनमा लगाइएको सबै प्रकारका कर तथा महसुल यथावत राखेको छु ।

करको दायरा विस्तार र आधार संरक्षण

४०८. मदिरा, वियर, सूर्ति र चुरोटको आयातमा लाग्दै आएको भन्सार महसुल दरमा वृद्धि गरेको छु । भन्सार महसुलका केही दरमा समायोजन गरेको छु । विद्यमान अन्तःशुल्क दरमा सामान्य वृद्धि गरेको छु । स्वास्थ्य जोखिम करको दायरा विस्तार गरेको छु ।

४०९. विद्युतीय विजक प्रणालीमा करदाताको आवद्धता बढाउँदै केन्द्रीय विजक अनुगमन प्रणालीको दायरा फराकिलो बनाईनेछ ।

४१०. करदाता शिक्षा र कानूनको परिपालनाको माध्यमबाट स्वेच्छिक कर सहभागिता अभिवृद्धि गरिनेछ ।

४११. सबै किसिमका डिजिटल कारोवारलाई करको दायरामा ल्याउन डिजिटल सर्भिस ट्याक्सको आधार विस्तार गरेको छु ।

४१२. कर छुट, सहुलियत तथा सुविधालाई समयानुकूल परिमार्जन गरी कर खर्च प्रणालीलाई औचित्यपूर्ण बनाइनेछ ।

व्यापार सहजीकरण तथा सेवा प्रवाहमा सुधार

४१३. अस्थायी पैठारी हुने सवारी तथा ढुवानीका साधन र उपकरणमा भन्सार विन्दुमा महशुल सङ्कलन गरे पश्चात नेपालभित्र यात्रा गर्दा सङ्घ, प्रदेश वा स्थानीय तहबाट प्रवेश शुल्क, रूट दस्तुर वा अन्य कुनै महशुल असुल उपर गर्न नपाईने व्यवस्था मिलाएको छु ।

४१४. निकासी पैठारी गर्ने उद्योगी व्यवसायीले एक्जिम कोड लिँदा राख्नुपर्ने रु. ३ लाख बैङ्क ग्यारेण्टीको व्यवस्था खारेज गरेको छु ।

४१५. करदाताले करयोग्य कारोबार नगरेको अवस्थामा समेत न्यूनतम कर तिर्नुपर्ने विद्यमान व्यवस्था खारेज गरेको छु ।

४१६. आधिकारिक व्यावसायिक व्यक्तिको छनौट गरी त्यस्ता व्यक्तिले निकासी पैठारी गर्दा द्रुत मार्गको सुविधा तथा व्यवसायिकस्थलमा नै मालवस्तुको परीक्षण सेवा प्रदान गरिनेछ ।

४१७. भन्सार मूल्याङ्कनलाई यथार्थपरक बनाउन अन्तर्राष्ट्रिय मूल्य प्रवृत्तिको स्वचालित डाटावेस तयार गरी सन्दर्भ मूल्यलाई स्वचालित मूल्याङ्कन प्रणालीले विस्थापित गरिनेछ ।

राजस्व चुहावट नियन्त्रण

४१८. छिमेकी मुलुकसँग द्विपक्षीय व्यापार सम्वन्धी तथ्याङ्क र सूचना आदान प्रदान गर्ने प्रणाली विकास गरी राजस्व चुहावट जोखिम न्यूनीकरण गरिनेछ ।

४१९. राजस्व चुहावट नियन्त्रण गर्न इन्टेलिजेन्समा आधारित अनुसन्धान प्रणाली विकास गरिनेछ । राजस्व परिचालनसँग सम्वद्ध निकायहरूबीच सूचना आदान प्रदान तथा संयुक्त अनुगमनलाई प्रभावकारी बनाईनेछ ।

राजस्व प्रशासनमा दक्षता अभिवृद्धि

४२०. राजस्व प्रशासनको विशिष्टिकरण, क्षमता विकास र दक्षता अभिवृद्धि गर्दै राजस्व सेवालाई पेपरलेस, कन्ट्याक्टलेस तथा फेसलेस बनाउँदै लगिनेछ ।

४२१. व्यापार सहजीकरण तथा व्यावसायिक लागत न्यूनीकरणका लागि प्रमुख भन्सार नाकामा एकीकृत जाँच चौकीको स्थापना तथा स्तरोन्नति गरिनेछ ।

४२२. आन्तरिक राजस्व सूचना प्रणालीमा समयानुकूल परिवर्तन गर्न विजिनेस प्रोसेस रिइन्जिनियरिङ्ग गरिनेछ । यसबाट कार्यप्रक्रियामा सरलता आई कर परिपालना र संकलन लागतमा कमी आउने विश्वास लिएको छु ।

४२३. आन्तरिक राजस्व परिचालन रणनीति र भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजना बमोजिमका सुधार कार्यलाई तीब्रता दिइनेछ ।

४२४. राष्ट्रिय एकद्वार सूचना प्रणालीको दायरा विस्तार गरी वैदेशिक व्यापारमा सहजीकरण गरिनेछ ।

सम्माननीय सभामुख महोदय, सम्माननीय अध्यक्ष महोदय

४२५. गत आर्थिक वर्ष २०८०–८१ को यथार्थ खर्च, चालु आर्थिक वर्ष २०८१–८२ को संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०८२–८३ को शीर्षकगत स्रोत सहितको व्यय अनुमान यसैसाथ पेश गरेको छु । अनुमानित आय व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु । अन्तर्राष्ट्रिय विकास साझेदारबाट प्राप्त हुने प्राविधिक सहायता तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट परिचालन हुने सहायतासम्बन्धी विवरणसमेत यसैसाथ प्रस्तुत गरेको छु ।

४२६. प्रस्तुत बजेटको कार्यान्वयनबाट आर्थिक सुधारले गति लिने र उच्च एवम् दिगो आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न अनुकूल अवस्था सिर्जना हुने अपेक्षा गरेको छु । यस बजेटले निजी लगानी अभिवृद्धि गर्न, आर्थिक क्रियाकलाप विस्तार गर्न, उद्यमशीलताको विकास गर्न र अर्थतन्त्रमा विविधीकरण ल्याई रोजगारीको अवसर सिर्जना गर्न महत्त्वपूर्ण योगदान गर्ने विश्वास लिएको छु । यस बजेटबाट राजस्व परिचालन सुदृढ गर्न, बजेट अनुशासन कायम गर्न र सरकारको लगानी प्रतिफलयुक्त क्षेत्रमा केन्द्रित गर्न सफलता मिल्नेछ भन्नेमा म विश्वस्त छु । यसबाट अर्थतन्त्रमा गतिशीलता र विकासमा तीब्रता आउने विश्वास लिएको छु ।

४२७. बजेटमा प्रस्ताव गरिएका नीति तथा कार्यक्रमको कार्यान्वयनबाट आगामी आर्थिक वर्ष ६ प्रतिशत आर्थिक वृद्धि हासिल हुने अनुमान गरेको छु । आगामी वर्ष मुद्रास्फीति ५.५ प्रतिशतको सीमाभित्र रहने अनुमान छ । बजेटमा उल्लिखित नीति तथा कार्यक्रमको कार्यान्वयनमा सघाउ पुग्ने गरी नेपाल राष्ट्र बैंकबाट मौद्रिक नीति जारी हुनेछ ।

४२८. बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने सम्माननीय राष्ट्रपति, सम्माननीय उपराष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, सम्माननीय प्रधानन्यायाधीश, सम्माननीय सभामुख, सम्माननीय अध्यक्ष र राजनीतिक दलका शीर्ष नेतृत्वप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । बजेटका सम्बन्धमा माननीय मन्त्रीहरू, सङ्घीय संसदका माननीय सदस्यहरू, राजनीतिक दल, निजी क्षेत्र, विकास साझेदार, विभिन्न क्षेत्रका विज्ञ, सञ्चारजगत, राष्ट्रसेवक कर्मचारी र नागरिक समाज लगायत सुझाव दिनुहुने सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत बजेटको कार्यान्वयनमा सम्बन्धित सबैबाट रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

धन्यवाद!

# प्रेस स्वतन्त्रता र समावेशिताका योद्धाहरूलाई मधेश प्रदेश सरकारको सम्मान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

गणतन्त्र स्थापनाको मूलमा सञ्चारकर्मीको कलम र साहसको ऐतिहासिक योगदान रहेको भन्दै मधेश प्रदेश सरकारले गणतन्त्र दिवसको अवसरमा मधेशका १२ जना प्रेस स्वतन्त्रता सेनानी तथा वरिष्ठ पत्रकारलाई सम्मान गरेको छ । मधेश प्रदेशको गृह, सञ्चार तथा कानून मन्त्रालयद्वारा जनकपुरधाममा आयोजित 'गणतन्त्र दिवस शुभकामना तथा अभिनन्दन कार्यक्रम'मा प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह र मन्त्री राजकुमार लेखीले संयुक्त रूपमा पत्रकारहरूलाई दोसल्ला ओढाई, सम्मानपत्र तथा नगदसहित सम्मान गरेका हुन् ।



यो सम्मान कार्यक्रम प्रदेश सरकारले पहिलोपटक संस्थागत रूपमा आयोजना गरेको हो । सम्मानित हुनेमा सप्तरीका वैद्यनाथ झा, प्रकाश खतिवडा, देवनारायण यादव, धनुषाका अशोक रौनियार, रामभरत साह, महोत्तरीका कुमरकान्त झा, गोपाल बराल, ईश्वरी प्रसाद काफ्ले, गयाँ यादव, शत्रुधन नेपाल र शैलेन्द्र गुप्ता छन् । मुख्यमन्त्री सिंहले कार्यक्रमलाई सम्बोधन गर्दै गणतन्त्र केवल शब्द नभई अधिकारको अभ्यास भएको उल्लेख गरे । उनले भने, 'गणतन्त्रको जग कसले राख्यो भन्ने गहिरो आत्ममूल्याङ्कन आज आवश्यक छ । पत्रकारहरूले कलमको साहसले इतिहास रचेका छन् ।' सिंहले चेतावनी दिँदै भने, 'संविधान परिवर्तनको नाममा अस्थिरता ल्याउने, गणतन्त्रलाई बदनाम गर्ने प्रयास भइरहेको छ । त्यसप्रति हामी सबै सतर्क हुनुपर्छ ।' उनले वाक स्वतन्त्रतालाई गणतन्त्रको मेरुदण्ड ठहर गर्दै त्यसको संरक्षणमा सबै नागरिक र संस्थाले भूमिका खेल्नुपर्ने धारणा राखे । कार्यक्रमको अध्यक्षता गरेका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले सम्मानित पत्रकारहरूलाई लोकतान्त्रिक आन्दोलनका अग्रपंक्तिका सिपाहीको रूपमा चित्रण गरे । 'प्रेस स्वतन्त्रता सुविधाभोगीको कुरा होइन, यो अधिकारका लागि गरिएको संघर्षको कथा हो,' उनले भने ।

मन्त्री लेखीले संघीयता र समावेशिताको मुद्दालाई सबैभन्दा प्रभावकारी रूपमा उठाउने सञ्चारकर्मीहरूको सम्मान हुनु प्रदेशको जिम्मेवारी भएको बताए । 'यो सम्मान निरन्तर जारी रहनेछ,' उनले घोषणा गरे । कार्यक्रममा सहभागी अन्य मन्त्रीहरूले पनि गणतन्त्रको आवश्यकता र त्यसले ल्याएको परिवर्तनमाथि धारणा राखे । शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले गणतन्त्रले मात्रै विविध समुदायका नागरिकहरूलाई सर्वोच्च पदमा पुग्ने अवसर दिएको उल्लेख गर्दै भनिन्,'राष्ट्रपति, उपराष्ट्रपतिको पदमा मधेशका सन्तान पुगेका छन्, यो गणतन्त्रकै देन हो ।' श्रम तथा यातायातमन्त्री कौशल किशोर रायले गणतन्त्रको विकल्प फेरि गणतन्त्र नै रहेको दाबी गरे । वन तथा वातावरणमन्त्री संजय कुमार यादवले नौलो गणतन्त्र सम्भव भए पनि राजतन्त्र अब कहिल्यै फर्कन सक्दैन भन्दै संविधानको स्थायित्वमा जोड दिए । कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रामअशिष यादव, सम्मानित पत्रकार प्रकाश खतिवडा, नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन साह, मुख्यन्यायाधिवक्ता सुरेन्द्र महतो, सचिव विमन प्रसाद बराल, मानव अधिकारकर्मी, पत्रकार, राजनीतिक दलका प्रतिनिधि र सामाजिक अभियन्ताहरूको उल्लेखनीय उपस्थिति थियो ।

# गणतन्त्र दिवसको अवसरमा संघीय गणतान्त्रिक गठबन्धन घोषणा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

गणतन्त्र दिवसको अवसर पारेर मधेशको राजनीतिक परिदृश्यमा नयाँ मोड आएको छ । दलित, मुस्लिम र पिछडा समुदायका मतदाताहरूको हकहितलाई केन्द्रमा राख्दै पाँच साना दलहरुले 'संघीय गणतान्त्रिक गठबन्धन' घोषणा गरेका छन् । गठबन्धनको औपचारिक घोषणा बिहीबार जनकपुरधाममा आयोजित एक समारोहमा गरिएको हो । नेपाल सद्भावना पार्टी, नेपाल संघीय समाजवादी पार्टी, नेपाल जनजागृति पार्टी, बहुजन एकता पार्टी नेपाल र ऐतिहासिक जनता पार्टीले संयुक्तरूपमा गठबन्धन बनाउँदै आगामी निर्वाचनका लागि साझा एजेन्डा सार्वजनिक गरेका हुन् । उनीहरूले यो पहल २०८४ सालको निर्वाचनलाई लक्षित गर्दै दलित, मुस्लिम, गरिब, विपन्न र पिछडिएको वर्गको राजनीतिक प्रतिनिधित्व सशक्त बनाउने उद्देश्यसहित अगाडि बढाएको जनाएका छन् । गठबन्धनको अगुवाइ गरेका नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्व गृहराज्यमन्त्री रिजवान अन्सारीले पछाडि पारिएका समुदायहरू सधैं 'मतको लागि प्रयोग' हुने क्रम अन्त्य गर्ने समय आएको बताए । उनले भने, 'हामीमाथि लामो समयदेखि राजनीतिक दलहरूले मतको कारोबार गरे । तर, जब नीति बनाउने ठाउँमा पुग्ने कुरा आयो, हामीलाई वञ्चित गरियो । अब ती मतलाई संगठित गरेर त्यसको शक्ति देखाउने हो ।' नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले केही मधेशवादी दलमाथि आरोप लगाउँदै भने, 'मधेशका नाममा राजनीति गरेर जब सत्तामा पुगे, उनीहरूले मधेश छाडे र राष्ट्रिय दलको मोहमा फसे । त्यसैले मधेश कमजोर भयो ।' उनका अनुसार यो गठबन्धन मधेश र अल्पसंख्यक समुदायका अधिकार र पहिचानलाई केन्द्रमा राखेर नयाँ राजनीतिक विकल्पको अभ्यास हुनेछ ।



नेपाल जनजागृति पार्टीका अध्यक्ष ध्रुवलाल प्रसाद सहनी, बहुजन एकता पार्टी नेपालका अध्यक्ष हरिनन्दन अम्बेडकर र ऐतिहासिक जनता पार्टीका अध्यक्ष बद्रिनारायण ठाकुरले संयुक्त रूपमा 'मतको मूल्य' बुझाउने अभियान चलाउने प्रतिवद्धता जनाए । उनले भने, 'दलित, मुस्लिम, गरिबको मत सस्तो छैन । अब त्यो मत बेचिनु हुँदैन । त्यो मतले आफ्नै प्रतिनिधि चुन्न सक्नुपर्छ । हामी त्यही अभियानमा लागेका छौं ।' संघीय गणतान्त्रिक गठबन्धनको घोषणासभामा मधेश प्रदेशका आठै जिल्लाबाट दलित, मुस्लिम र पिछडिएको समुदायका नागरिकहरूको उल्लेखनीय उपस्थिति थियो । गठबन्धनमा आवद्ध नेताहरूले संघीयता र गणतन्त्रले नै पछाडि पारिएका वर्गहरूलाई बोल्न, उठ्न र सशक्त बन्ने अवसर दिएको भन्दै यिनको संरक्षण र सुदृढीकरणमा लाग्ने प्रतिबद्धता व्यक्त गरे ।

# चन्द्रपुरमा आकस्मिक उद्धार सेवा शुरु

**मुकेश कुमार साह**
**रौतहट ।**

चन्द्रपुर अस्पताल प्रा.लि.ले चन्द्रपुर तथा वरपरका बासिन्दालाई लक्षित गर्दै निशुल्क 'आकस्मिक उद्धार सेवा' को औपचारिक शुरुवात गरेको छ । सवारी दुर्घटना, आगलागी, प्राकृतिक विपद् तथा अन्य आकस्मिक घटनामा तत्काल उद्धार तथा निःशुल्क प्रारम्भिक उपचार उपलब्ध गराउने उद्देश्यले यो सेवा शुरु गरिएको हो । सो सेवा चन्द्रपुर अस्पतालको चिकित्सा तथा प्राविधिक टोलीको नेतृत्वमा इलाका प्रहरी कार्यालय चन्द्रपुर, जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहट र चन्द्रोदय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सहकार्यमा सञ्चालनमा ल्याइएको हो । उद्धार टोलीलाई २४सै घण्टा तयारी अवस्थामा राखेर घटनास्थलमै पुगेर घाइतेको प्रारम्भिक उपचार गर्नेछ । आवश्यक परेमा बिरामीलाई चन्द्रपुर वा बाहिरी अस्पतालसम्म सुरक्षित स्थानान्तरण गर्ने व्यवस्था मिलाइने कार्यक्रममा जानकारी गराइएको थियो ।



चन्द्रपुर अस्पतालका सञ्चालक तथा प्रमुख चिकित्सक डा. सुभाष चौधरीले भने, 'हामीले ल्याएको यो सेवा चन्द्रपुर क्षेत्रका लागि मात्र नभई सम्पूर्ण रौतहट जिल्लाका लागि एउटा नमूना बन्न सक्छ । जीवनरक्षा हाम्रो पहिलो प्राथमिकता हो, त्यसैले हामी आवश्यक जनशक्ति, उपकरण र तालिममार्फत उद्धार टोलीलाई पूर्ण रूपमा सक्षम बनाएका छौं ।' इलाका प्रहरी कार्यालय चन्द्रनिगापुरका प्रहरी नायब उपरीक्षक राजकुमार राईले यस पहललाई सुरक्षा निकाय र स्वास्थ्य संस्थाबीचको उत्कृष्ट सहकार्यको उदाहरणका रूपमा व्याख्या गर्दै भने, 'विपद् व्यवस्थापन राज्यको एक्लो प्रयासबाट सम्भव हुँदैन । यस्तो साझा प्रयासले नागरिकको जीवनरक्षा सुनिश्चित गर्ने कुरामा महत्वपूर्ण योगदान पुर्याउँछ ।' कार्यक्रममा चन्द्रोदय साकोसका अध्यक्ष वसन्त आचार्यले यस सेवाले चन्द्रपुर क्षेत्रलाई आपतकालीन अवस्थामा थप सुरक्षित बनाउने धारणा राखे । उनले भने, 'अस्पताल, प्रहरी, ट्राफिक र सहकारी संस्थाबीचको समन्वयले हामीलाई यो सम्भव बनाएको हो । अब स–साना दुर्घटनाबाट पनि ज्यान जोगाउने संभावना बढेको छ ।'

# नेशनल मेडिकल कलेजमा स्वास्थ्य चौकी प्रमुखहरूसँग अन्तरक्रिया

**मधेशदृष्टि**
**वीरगंज ।**

स्वास्थ्य सेवाको पहुँच र प्रभावकारिता बढाउने उद्देश्यका साथ वीरगंजस्थित नेशनल मेडिकल कलेजले वीरगंज महानगरपालिकाका ३२ वटै वडाका स्वास्थ्य चौकी प्रमुखहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा स्वास्थ्य वीमा, सामाजिक सुरक्षा कोष, विपन्न नागरिक औषधि उपचार लगायत सरकारी योजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको थियो । कलेजको सभाहलमा आयोजित कार्यक्रम नेशनल मेडिकल कलेजका प्रिन्सिपल प्रा. डा. के.एन. सिंहको अध्यक्षतामा सम्पन्न भयो भने प्रमुख अतिथि कलेजका प्रबन्ध निर्देशक शाहनवाज अन्सारी रहेका थिए ।



उनले हाल सरकारबाट सञ्चालित स्वास्थ्य सेवाहरूको जानकारी नहुँदा धेरै नागरिकले आवश्यक सेवा लिन नसकेको भन्दै जनचेतना अभिवृद्धिमा स्वास्थ्य चौकी प्रमुखहरूको भूमिका महत्वपूर्ण रहेको बताए । प्रबन्ध निर्देशक अन्सारीले भने, 'नेपाल सरकारले निशुल्क उपचार र औषधिको व्यवस्था गरेको छ । तर, सेवाको जानकारी नपाएर अझै धेरै बिरामीहरू निजी उपचारमा खर्चिन बाध्य छन् ।' उनका अनुसार वडास्तरमा रहेका स्वास्थ्य चौकीहरू नै यस्ता सेवाको पहुँच विस्तार गर्ने प्राथमिक स्रोत भएकाले ती संयन्त्रहरूलाई मजबुत बनाउन यो अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो । अन्सारीले मधेश प्रदेशका आठै जिल्लाका स्वास्थ्य चौकीहरूसँग यस्तै अन्तरक्रिया कार्यक्रम गर्ने योजना रहेको जानकारी दिँदै यसलाई नियमित अभियानका रूपमा अगाडि बढाउने बताए । 'स्वास्थ्य चौकी र मेडिकल कलेजबीच समन्वय बढेमा मात्रै स्वास्थ्य सेवा प्रभावकारी हुन्छ,' उनले भने । कार्यक्रममा नेशनल मेडिकल कलेजले आफूले सञ्चालन गर्दै आएका विभिन्न स्वास्थ्य सेवा कार्यक्रमबारे विस्तृत जानकारी गराएको थियो ।

कार्यक्रममा कलेजका एकेडेमिक डाइरेक्टर डा. रुबी श्रेष्ठ अस्मिन, एडमिसन तथा मार्केटिङ डाइरेक्टर आबिद हुसैन अन्सारी, हस्पिटल डाइरेक्टर डा. इसरत जहाँ अन्सारी, भाइस प्रिन्सिपल डा. रविशंकर गुप्ता, मेट्रोन विकास गुप्ता लगायत स्वास्थ्य क्षेत्रका अनुभवी व्यक्तिहरूको उपस्थिति रहेको थियो । उनीहरूले सेवाको गुणस्तर, पहुँच र समन्वय सुधारमा मेडिकल कलेजको भूमिका के–कसरी प्रभावकारी बन्न सक्छ भन्नेबारे प्राविधिक पक्ष प्रस्तुत गरे ।

# रेडक्रस सोसाइटी रौतहट शाखाको ७औँ वार्षिक साधारण सभा सम्पन्न

**राकेश यादव**
**रौतहट ।**

'जहाँ दुख, त्यहाँ रेडक्रस' भन्ने नाराका साथ नेपाल रेडक्रस सोसाइटी रौतहट शाखाको ७औँ वार्षिक साधारण सभा बिहीवार गौरमा सम्पन्न भएको छ । जिल्ला शाखाको सभाहलमा आयोजना गरिएको वार्षिक साधारण सभामा बोल्दै मधेश प्रदेश सरकारका अर्थमन्त्री जितेन्द्र यादव सुनिलले नेपाल रेडक्रस संस्था मानव सेवाप्रति समर्पित संस्था भएकोले सबैले सहयोग गर्नु पर्ने बताएका छन् । मन्त्री यादवले रक्तसञ्चार बैंक संचालनको लागि सहयोग गर्ने प्रतिबद्धता जनाए । पूर्वाधार विकास निर्माणको लागि दिर्घकालिन योजनाको आवश्यकता रहेको बताउँदै उनले आगामी बजेटमा यस बिषयमा केन्द्रित रहेर बजेट विनियोजन गरिने विश्वास व्यक्त गरे । मन्दिर, सडक निर्माणले दिगो विकास हुन नसक्ने भएकोले शिक्षा, स्वास्थ्यको विकासलाइ प्राथमिकता दिने सोच रहेको बताए । अर्थमन्त्री यादवले सानो–सानो योजना उपभोक्ता समितिबाट कार्यन्वयन गर्ने प्रक्रियालाई अन्त्य गरि टेन्डर प्रक्रिया अपनाउने नीति ल्याउने प्रस्ट पारे । रौतहट लाल बकैया र बागमती नदीको बाढीबाट डुवान हुने भएकोले त्यसको समाधान गर्नेतर्फ विशेष योजना ल्याउने समेत बताए । कार्यक्रममा जिल्ला समन्वय समितिका अध्यक्ष राम अयोध्या राय यादवले विपदको समयमा सहयोग गर्ने संस्था नेपाल रेडक्रस सोसाइटी भएकोले चाहिने सहयोग गरि एउटा पहिचान स्थापित गर्न अर्थमन्त्रीलाई आग्रह गरे । प्रमुख जिल्ला अधिकारी विनोद खड्काले रौतहट शिक्षाको क्षेत्रमा पछाडि परेकोले शिक्षालाइ सुधार गर्नेतर्फ लक्ष्य लिएर काम गर्नु पर्नेमा जोड दिए । बर्षेनी हुने क्षति न्युनिकरण गर्नका लागि बागमती नदी र लाल बकैया नदीको बाँध दिगोपना हुने गरि बनाउनु पर्ने सुझाव दिए । सुरक्षा निकाय र प्रशासनसंग बढी सहकार्य हुने संस्था नेपाल रेडक्रास सोसाइटी रहेको बताउँदै विपद्को बेलामा मानवीय कार्यमा सधैं अगाडी रहने गरेको उल्लेलख गरे । वर्षातको समय नजिकिँदै गरेकोले विपद पूर्वतयारीको कार्यमा जुट्नु पर्ने भएकोले स्रोत व्यवस्थापन गर्न अर्थमन्त्रीलाई आग्रह गरे । प्रमुख जिल्ला अधिकारी खड्काले बजेट निर्माण गर्दा पुर्वाधार विकासको साथसाथै रौतहटको शिक्षा र स्वास्थ्यको विकासकोलागि ध्यानदिन जोडदिए । पूर्वसभापति मोहम्मद मजरूल हकले नेपाल रेडक्रस सोसाइटी संस्थाप्रति राज्यको दृष्टिकोण नै फरक रहेको बताए । उनले रेडक्रस कानुन निर्माण गर्न राज्य गम्भीर नभएको समेत आरोप लगाए । जिल्ला सभापति राज किशोर प्रसाद यादवको अध्यक्षतामा भएको साधारण सभामा मन्त्री धर्मेन्द्र प्रसाद सिंह र कोषाध्यक्ष राम आधार यादवले प्रस्तुत गरेका बार्षिक कार्य योजना तथा आर्थिक प्रतिवेदन सर्वसहमतिले पारित गरिएको छ । साधारण सभामा पुर्वकेन्द्रिय उप कोषाध्यक्ष सपुत बहादुर कार्की, पूर्वसभापति डाक्टर नन्द किशोर झा, रौतहट उद्योग वाणिज्य संघका अध्यक्ष पंडित जैसवाल, नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिका सदस्य शैलेन्द्र झाले आ–आफ्नो शुभकामना मन्तवय राखेका थिए ।

# लामो प्रतिक्षा चिर्दै राजविराजमा सुविधा सम्पन्न बसपार्क संचालन

**मधेशदृष्टि**
**सप्तरी ।**

चारपटक शिलान्यास गरिएको राजविराज बसपार्क लामो प्रतिक्षापश्चात् सञ्चालनमा आएको छ । राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले बिहीवार एक समारोहबीच राजविराज–२ स्थित नवनिर्मित सुविधा सम्पन्न बसपार्कको उदघाट्न गरेसंगै सञ्चालनमा आएको हो । बसपार्कको अभावमा राजविराजमा सार्वजनिक सवारी साधन सडकमै पार्किङ्ग हुँदाँ ट्राफिकको झमेलाका साथै विभिन्न समस्या उत्पन्न हुने गरेको थियो । नेपाल सरकारको सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीमार्फत मूल्य अभिबृद्धी करबाहेक १५ करोड ६० लाख रुपैयाँको लागतमा बसर्पाक निर्माण गरिएको हो । बसर्पाकको गत बैशाख २४ गते आयोजना कार्यालयका प्रमुख सुरेन्द्र कुमार साहले कार्यावाहक नगर प्रमुख परवीनलाई कागजातसहित साँचो हस्तान्तरण गरेका थिए ।



त्यसपछि नगरपालिकाले थप आवश्यक कार्य सम्पन्न गराएर बसर्पाक सञ्चालनमा ल्याएको र अब यहाँका मात्र नभई बाहिरबाट आउने यात्रुलाई समेत सहज हुने कार्यवाहक नगरप्रमुख परवीनको भनाई छ । उनले राजविराज नगरको लागि यो संरचना ठूलो पूर्वाधार भएको भन्दै यसले नगरलाई सुन्दर बनाउनुका

साथै समृद्ध र रोजगारिको अवसर प्रदान गर्न समेत महत्वपूर्ण योगदान पुर्याउने विश्वास व्यक्त गरिन् । राजविराज–२ राजदेवी मन्दिर नजिकै १९ हजार ६ सय भन्दा बढी वर्गकिलोमिटरमा पैm लिएको आधुनिक सुविधा सम्पन्न बसपार्कमा सोधपुछ कक्ष, टिकट काउन्टर, सर्भिस सेन्टर, बैंक ब्रान्च, प्रतिक्षालय, शौचालय, रेस्टुरेन्ट, मिनि मार्केट, सभाहल, प्रहरी बीट लगायतका संरचना निर्माण गरिएको छ । जिल्ला सदरमुकाम समेत रहेको राजविराजमा सुविधा सम्पन्न बसर्पाक नहुँदाँ सवारी साधन व्यवस्थापनमा निकै ठूलो समस्या देखिएको थियो । उक्त समस्या समाधान गर्न पहिलो पटक २०४४ सालमा तत्कालिन प्रधानमन्त्री मरिच मान सिंह, दोस्रो पटक २०४६ सालमा तत्कालिन अञ्चलाधिश सूर्य बहादुर सेन ओली र तेस्रो पटक २०५२ सालमा तत्कालिन प्रधानमन्त्री शेर बहादुर देउवाले बसपार्कको शिलान्यास गरेका थिए । तर, निमार्ण कार्य अघि बढन सकेको थिएन । पछिल्लो पटक (चौथो पटक) २०७४ सालमा शहरी

विकास मन्त्रालयका सचिव दिपेन्द्र नाथ शर्मा र राजविराज नगरपालिकाका तत्कालिन

मेयर शम्भु प्रसाद यादवले संयूक्त रुपमा वसर्पाकको शिलान्यास गरेका थिए । त्यसपछि निर्माण कार्य शुरु भएको थियो । वसर्पाक निर्माण कार्यलाई गति प्रदान गरी अविलम्ब संचालन, लालपूर्जा बनाउनबाट वञ्चित भएका ५ हजार भन्दा बढी परिवारलाई अविलम्ब

लालपूर्जा लायतका प्रमुख माग राखी नगरवासीको तर्फबाट गठित संर्घष समितिले

आन्दोलन नै चलाएका थिए । संघर्ष समितिका संयोजक इरसाद अन्सारीले आफुहरुको प्रमुख माग मध्येका एक सम्बोधन भएपनि अर्को माग पुरा गराउन आन्दोलन जारी नै रहेको बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन